‘कांग्रेस नेतृत्व ग्रेसफुल एक्जिटमा जानुपर्छ’

आइतबार • १३ फागुन २०७४ • मूल्य रु. २५

# नेपाल

nepal.ekantipur.com

राष्ट्रि… साप्ताहिक

# दुर्घटनाको डिलमा

# नेपालमा पहिलो पटक, नेपालकै लागि

**Available at :** Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

# अम्बे सिमेन्ट

## यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008 CERTIFIED COMPANY

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो चिसो
COOL COOL
Navratna
Cool
Talc
Mint Fresh
Mint, Camphor
Active Deo
Mint, Camphor
Floral Freeze
Mint, Camphor, Floral Notes
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा
सानो A.C.

# अप्ठ्यारोमा अर्थतन्त्र


आवरण २४

१४ विकास
## सिक्टामा सधैंको संकट

१६ संवाद

'हाम्रा नेताहरूमा अझ पनि डर, लोभ र हिचकिचाहट देखिन्छ'
– गगन थापा

३२ पार्टी एकीकरण
## रूपमा सिद्धान्त, सारमा नेतृत्व

३८ व्यक्तिचित्र
## उदयका दुर्गा

दृष्टिकोण : चन्द्रदेव भट्ट १८
आरक्षणको छिद्र टेकेर संसद्‌मा २०
टिप्पणी : रामजी दाहाल २२
विमर्श : अच्युत वाग्ले ३६

५४ झल्याकझुलुक

## फिक्का फिक्का उमंग
## कर्माको कर्म

४२ जीवनशैली
## कपालमा कलात्मकता

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), साहित्य (४४), पुस्तक (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)



**कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक** : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

**साहित्य/कला** : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
**सहायक वरिष्ठ संवाददाता** : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

**कपी डेस्क** : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
**सज्जा** : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.**, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ६ फागुन २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

## पैसा र पहुँच नै कारण

लाचार लारी

जालसाजी, लागूऔषध र सम्पत्ति विवादमा मसकुर अहमद

लागूऔषध, जालसाजी र सम्पत्ति विवादमा मुछिएका मसकुर अहमद लारीबारेको आवरण सामग्री रोचक लाग्यो *(लाचार लारी, ६ फागुन)*। विसं ०२१ देखि नेपालमा छाला र मदिराको व्यवसाय सुरु गरेका उनले मुलुकको तराई क्षेत्र सुदूरपश्चिम महेन्द्रनगरबाट पूर्वको झापासम्म एकछत्र राज गरेका थिए। विवादास्पद छवि र राजनीतिक पहुँच बनाएका उनलाई त्यसबेला टक्कर दिन सक्ने कोही देखिएन। उनले यस व्यवसायका लागि पञ्चायतकालीन शासन सत्ताको पनि राम्रै उपयोग गरे। लोकतन्त्र र गणतन्त्रमा पनि उनको व्यवसाय फलेफुलेकै थियो। पैसा र पहुँच भएपछि जतिसुकै व्यवस्था परिवर्तन भए पनि केही फरक पर्दैन भन्ने उनी एक उदाहरण थिए।

● **मिलन तुलाधर**
*इन्द्रचोक, काठमाडौँ*

## लगाम जरुरी

जलविद्युत् आयोजनामा सार्वजनिक संघ-संस्थाले सेयर लगानीका लागि विशेष जोड दिन थालेका छन्। तर, सरकार भने कर्मचारी पोस्ने काममा लागेको छ *(सार्वजनिक लगानीमा कर्मचारी मालामाल, ६ फागुन)*। कर्मचारी देशका सेवक हुन्। करदाताले तिरेको करबाट उनीहरूले तलब पाउँछन्। तर, हामीकहाँ अधिकांश कर्मचारी सरकारको निर्णय अनुसार काम गर्नु होइन, सेवा-सुविधा बढाउनतिर मात्र केन्द्रित हुन्छन्। फेरि अर्कोतर्फ सरकार तिनै कर्मचारीलाई पोस्ने अभियानमा लागेको देख्दा अचम्म लाग्छ।

जनताबाट उठाएको सेयरलाई कर्मचारी पोस्ने काममा लगाइयो भने त्यसभन्दा दुर्भाग्य अरू के होला ? बेलैमा सचेत होऔँ। कर्मचारी आफ्नो मूल जिम्मेवारीबाट भाग्नु लाजमर्दो कुरा हो। स्थायी सरकार भनेर चिनिने कर्मचारीबाट आफ्नै साख गिराउने काम नहोस्।

● **सुनील शाक्य**
*बसुन्धरा, काठमाडौँ*

## ढुकुटीको नाश मात्र

हाम्रो मुलुकको सम्पत्ति कुम्ल्याउँदै राजकीय सम्मान र सुविधासहित विश्वका सबै विकसित देश घुमेकाहरूको नजरमा यस्तो कुरा पर्‍यो र दिमागमा कथंकदाचित छिर्‍यो भने गिदीमा जुका पुगेजस्तो बिरामी पर्छन् होला *(मन कुँड्याउने मरुभूमिमा, ६ फागुन)*। मुलुकको प्रगति कसरी गर्न सकिन्छ भन्ने कुरा सोच्न सक्ने राज्य सञ्चालक छैनन्। विदेश भ्रमण गरेको फाइदा केवल लाखदेखि करोडसम्मको राज्यको ढुकुटी नाश गर्नु सिवाय अरू केही छैन।

● **प्रेम श्रेष्ठ**
*काठमाडौँ*

## सबै उस्तै

झलनाथ खनालले केपी ओलीको आलोचना गर्न सुहाउँदैन *('ओलीका अडान मौसमी नै हुन्छन्', ६ फागुन)*। किनभने, यी सबै नेता एउटै ढिस्कोका मुला हुन्। मचाहिँ यार्सागुम्बा हो नभने हुन्छ। को कति पानीमा छ भन्ने कुरा सबैलाई थाहा भइसक्यो। बरू एक अर्काको गाँड चिथोरेर होइन, रचनात्मक सहकार्य गरेर अगाडि बढ्नुपर्छ।

● **किरावा यावा**
*फिदिम, पाँचथर*

## गजब परिचर्चा

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बारे गुणराज लोहनीको समीक्षा दमदार लाग्यो *(नौ नाडी गलेका प्रचण्ड, ६ फागुन)*। समाजवादी सिद्धान्तबाट च्युत भएका प्रचण्डमा आएको बदलाव र उनको अस्थिर चरित्रलाई लोहनीले मन छुने र सामयिक ढंगले विश्लेषण गरेका छन्, जो ज्यादै समय सान्दर्भिक लाग्यो।

● **पवन गुरुङ**
*पाटनढोका, ललितपुर*

## एक किसिमको रोग

वास्तवमा हाम्रो समाजमा केही यस्ता व्यक्ति पनि छन्, जसलाई चाहिनेभन्दा बढी सम्मान र मान-पदवी चाहिरहन्छ *(कोही सम्राट, कोही शिरोमणि, ६ फागुन)*। एउटै व्यक्तिका नामका अगाडि श्री, प्रा, डा भनेर लेखिएको हामीले देखेका नै हौं। यो एक किसिमको रोग हो। समाजमा बिस्तारै जरा गाडिरहेको यस रोगले अब साहित्यतिर पनि फड्को मारिरहेको छ। प्रायोजित मान-पदवीमै रमाएका साहित्यकारहरूबाट रचना भएको हाम्रो साहित्य कहिले विश्वसाहित्यको दाँजोमा पुग्ला ? सपना नदेखेकै राम्रो।

● **नवीन अधिकारी**
*बुटवल, रुपन्देही*

## स्टारडम घट्ने निश्चित

कृ फिलिम ठ्याक्कै साउथ इन्डियन फिलिमजस्तो छ *(बदलाको बासी कथा, ६ फागुन)*। लुरे हिरोले पनि तीन-चार जना मान्छेलाई हावामा उडाइदिनेजस्ता पत्याउन नसकिने दृश्य थुप्रै छन्। यस्ता दृश्यले सर्वाधिक रुचाइने स्टार कलाकार अनमोल केसीको स्टारडम घट्ने निश्चित छ।

**ठाकुर केसी**
*काठमाडौं*

- कहानी नयाँ छैन तर कृ चलचित्र उत्कृष्ट बनेकामा चाहिँ शंका छैन। चलचित्र हेर्दा कहींकतै निराश हुने ठाउँ छैन। दर्शकलाई व्यस्त बनाएर राख्न चलचित्र सक्षम छ।

● **तुलसीराम भगत**
*विराटनगर, मोरङ*

**भूलसुधार :** गतांकको आवरण सामग्री 'लाचार लारी' मा असावधानीवश सुजाता कोइराला, अमरेशकुमार सिंह, आरजु देउवा राणा र पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रसंग पर्न गएकामा सच्चाइएको छ। यसबाट पर्न गएको चोटप्रति क्षमाप्रार्थी छौं।

**– प्रधान सम्पादक**

## हाम्रो प्रस्टीकरण

**गतांकको** आवरण सामग्रीमा प्रकाशित केही कुरा अस्पष्ट भएकाले थप प्रस्ट पार्नुपर्ने देखिएको छ *(लाचार लारी, ६ फागुन)*। मसकुर अहमद लारीले ०२१ देखि नेपालमा कन्स्ट्रक्सन व्यवसाय गर्दै आएकामा ०२७ मा उनका नाममा होटल एभरेस्ट इन्टर नेसनल प्रालि सञ्चालनको इजाजत-पत्र प्राप्त भयो। उक्त होटल ०३७ मा पब्लिक लिमिटेड बन्यो। उल्लिखित कम्पनीमा मसकुर अहमद लारी र ६ जना अन्य सेयरधनी थिए, जसमध्ये मकबुल अहमद लारी पनि एक हुन्। ०२१ देखि नेपालमा व्यवसाय सुरु गरेका मसकुरले हालसम्म नेपालमै स्थायी रूपमा बसी होटललगायतका व्यवसाय सञ्चालन गर्दै आएका छन्। यसैबीच मकबुलले होटलमा आफ्नो नाममा रहेका सम्पूर्ण सेयर बिक्री गर्ने इच्छा राखे। तर, उनले १ वैशाख ०५० मा आफ्नो प्रमाणपत्र हराएको भन्दै कम्पनीसमक्ष प्रतिलिपि माग गरे। तर, उनीहरूले सेयर प्रमाणपत्र लुकाएर निवेदन दिएका रहेछन्। हराएको प्रमाणपत्र फेला परेमा फिर्ता गर्ने सर्तमा कम्पनीले २० जेठ ०५० मा प्रतिलिपि दियो। मकबुलले २० जेठ ०५० मा सेयर प्रमाणपत्रको प्रतिलिपि बुझेको भर्पाई गरेका छन्।

त्यसपछि मकबुलले आफ्ना नामको सम्पूर्ण सेयर मसकुर र नजमा मसकुर लारीको नाममा २३ जेठ ०५० मा बेचे। सेयर बिक्रीको रकम तत्कालीन इन्डोस्वेज बैंक (हाल नेपाल इन्भेस्टमेन्ट बैंक)को ड्राफ्ट नं ७७४७७३ बाट मकबुलले बुझेका हुन्। सो रकम मकबुलको खातामा जम्मा भइसकेको नेपाल इन्भेस्टमेन्ट बैंकको पत्रबाट पुष्टि हुन्छ। यो सेयर खरिदबिक्री कम्पनी रजिस्टार कार्यालयमा १५ साउन ०५० मा अभिलेख भइसकेको छ।

मकबुल जिउँदो छउञ्जेल यस विषयमा कसैले विवाद उठाएन। तर, मकबुलको मृत्युपछि उनका छोरा मुजफ्फरले अनावश्यक विवाद खडा गरी ०६२ मा काठमाडौं जिल्ला अदालतमा चार थान कीर्ते जालसाजी मुद्दा दायर गरे। ४ असार ०६६ मा जिल्ला अदालतले उक्त मुद्दा खारेज गरिदियो। त्यसपछि मुजफ्फर पुनरावेदन अदालत पाटन गए। पुनरावेदनले समेत २५ पुस ०६८ मा जिल्लाकै फैसला सदर गरिदिएको हो।

सो फैसलाउपर चित्त नबुझाई मुजफ्फर सर्वोच्च अदालत पुगे। सर्वोच्चले कीर्ते जालसाजी भनिएका लिखत राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा परीक्षण गर्न भन्यो। परीक्षणबाट ती लिखत सद्दे ठहरियो। त्यसपछि सर्वोच्चले २५ माघ ०७४ मा जिल्ला र पुनरावेदन अदालतकै फैसला सदर गरिदियो।

प्रस्तुत कीर्ते जालसाजी मुद्दामा मुजफ्फरले लिफामा ०६२ मा तयार गरेका बिक्री लिखत कीर्ते हुन् भन्दै सो लिखतका लेखक साक्षी राधारमण पुजारीलाई समेत विपक्षी बनाई मुद्दा दायर गरेका थिए। ३० असार ०५८ मा पुजारीको मृत्य भएको कुरालाई मुजफ्फरले समेत अदालतसमक्ष स्वीकारेको अवस्था छ। ०५८ मा मृत्यु भएका व्यक्तिले ०६२ मा कागज बनाउने प्रश्नै आउँदैन।

यसैबीच मसकुर लागू औषध मुद्दाका प्रतिवादी भएकाले वारेसनामा बदरका लागि मुजफ्फरले काठमाडौं जिल्ला अदालतमा निवेदन दिए। मसकुरले कानुनबमोजिम नै वारेस राखेका थिए। जिल्ला अदालत काठमाडौंले १ असार ०६४ मा कीर्ते जालसाजी मुद्दाका प्रतिवादी र लागू औषध मुद्दाका प्रतिवादीको नाम फरक परेकाले वारेसनामा बदर गर्न नपर्ने आदेश दियो। त्यसपछि मुजफ्फरले पुनः सर्वोच्चमा वारेसनामा बदरका लागि निवेदन दिए। सर्वोच्चले समेत ४ जेठ ०७४ मा कीर्ते जालसाजी मुद्दाका प्रतिवादी र लागू औषध मुद्दाका प्रतिवादीको नाम फरक परेको भन्दै वारेसनामा कायम गरिदियो।

लागू औषध मुद्दामा हाम्रो होटलको भ्यान प्रयोग भएको भन्ने सम्बन्धमा काठमाडौं जिल्ला अदालतले भ्यान जफत नगर्ने फैसला गरेको थियो। सो फैसलालाई पुनरावेदन अदालत पाटनले समेत सदर गरिसकेको छ।

● **देवीप्रसाद भट्टराई**
*कानुनी सल्लाहकार*
*एभरेस्ट होटल इन्टरनेसनल प्रालि, काठमाडौं*

विदेशबाट

# आशीर्वाददाताको महाप्रस्थान

**सगरमाथा** चढ्नुअघि प्रायः आरोहीले आशीर्वाद लिने बौद्ध भिक्षु लामा गेसेको १ फागुनमा आफ्नै गाउँ खुम्बु क्षेत्रको पाङबोचेमा निधन भएको छ । सगरमाथालाई हिमालहरूकी आमा भनेर पुज्ने शेर्पाहरू उनलाई नभेटी सगरमाथामा पाइला राख्दैनथे । उनको आशीर्वादमा हिमाल चढ्न चाहिने अद्वितीय शक्ति हुने शेर्पाहरू ठान्थे । 'शेर्पाहरूले आफ्नो सुरक्षाको एउटा महत्त्वपूर्ण पक्ष गुमाएको महसुस गरेकैले यो वर्ष हिमाल चढ्दा उनीहरूको आत्मविश्वासमा केही कमी हुनेछ,' एक पर्वतारोहण व्यवसायी दावा स्टेफन शेर्पाले फ्रान्सेली समाचार संस्था *एएफपीसँग* भनेका छन् ।

सगरमाथाको चुचुरोमा बस्ने विश्वास गरिएकी तिब्बती बौद्ध देवी मियोलाङसाङ्मालाई पुज्दै गेसेले मन्त्रोच्चारण र प्रार्थना गर्थे । उक्त पूजाबिना सफल आरोहण नहुने विश्वासले प्रायः आरोही गेसेको आशीर्वादबिना उकालो लाग्दैनथे । प्रथम आरोही तेन्जिङ नोर्गेले मियोलाङसाङ्माले पथप्रदर्शन गरेकैले आफू चुचुरोमा पुग्न सकेको बताउँथे । किशोरावस्थादेखि तिब्बतमा पढेका गेसेले बौद्ध अध्ययनमा विद्यावारिधि गरेका थिए । सन् '५० को दशकमा तिब्बतलाई चीनले कब्जा गरेपछि भागेर उनी आफ्नो पुर्ख्यौली थलो खुम्बु आएका थिए । ◆

## सुर-बेसुर



**“भारत दक्षिण एसियाली साना छिमेकीहरूका साथै नेपालको असल छिमेकी त्यतिन्जेलसम्म हुन सक्दैन, जतिन्जेल आफ्नो प्रभाव क्षेत्रमा ‘सके तर्साउने, नसके फकाउने अनि फसाउने’ उसको प्रभुत्ववादी नीति फेरिँदैन । यो असल छिमेकीको चारित्रिक गुणविपरीतको रणनीति हो । त्यसैले हाम्रो सचेतताले नै राष्ट्रिय स्वार्थ संरक्षित हुनेछ । इतिहास नबिर्सौं ।”**

ध्रुवकुमार
*कान्तिपुर*

## तस्बिरमा इतिहास

**शरणम् :**

६७ वर्षअघि काठमाडौंको बौद्धमा तिब्बती शरणार्थी ।

सोझै

## सातका चर्चित

**विश्वेन्द्र पासवान**
पूर्वमन्त्री

प्यानक्रियाजका बिरामी पासवानले आफ्नो स्वास्थ्य उपचार गर्दा लागेको खर्चभन्दा बाहिरका बिल पेस गरेकाले । शिक्षण अस्पताल महाराजगन्ज र भारतको मेदान्त अस्पतालमा भएको उपचारका क्रममा ७३ लाख रुपियाँ खर्च भएको बिल उनले स्वास्थ्य मन्त्रालयमा बुझाएका हुन् । कालो बजारीमा भारतीय रुपियाँ साटेको, बिरामी कुरुवाको होटल, चिया र यातायात खर्चको बिलसमेत बुझाएपछि मन्त्रालय बिलखबन्दमा छ । २६ असार ०७३ मा सरकारले औषधोपचार खर्च बेहोर्ने निर्णय गरेको थियो ।

# ढेवा संकलक ढकाल

थ्रेसहोल्डले थला पारेर मात्र हो, नत्र नेपाल परिवार दल नामधारी पसल खोलेर बसेका एकनाथ ढकाल फेरि झन्डावाल गाडीमा सवार भएको देख्न पाइन्थ्यो । पहिलो संविधानसभा निर्वाचनमा ढकालको पार्टीले करिब २४ हजार मत पायो । ढकाल सभासद् मात्र होइन, गरिबी निवारणमन्त्री नै बने । दोस्रो संविधानसभामा दुईसिटे पार्टीबाट ढकाल फेरि सभासद् बने र शान्ति तथा पुनःनिर्माणमन्त्रीसमेत हुन भ्याए । तर, अहिले थ्रेसहोल्डको व्यवस्था आएपछि उनले एक्लै चुनावी मैदानमा जाने आँट गर्न सकेनन् । ढकाल चुनावअघि एमालेकहाँ लम्पसार परे । समानुपातिक सूचीमा पर्न भ्याए । एमालेको खस/आर्य पुरुषतर्फको क्लस्टरमा पाँचौं नम्बरमा परे पनि ।

तर, एमालेको खस/आर्य क्लस्टरबाट जम्मा एक जना सांसद मात्र चुनिए । फेरि एकपटक मन्त्री पड्काउने ढकालको अभियानमा ब्रेक लाग्यो । तर, ढकाल कतिसम्म देशप्रेमी भने उनले दक्षिण कोरियामा आर्थिक संकलन अभियान तीव्र पारेछन् । केही नेपाली युवाहरूलाई प्रयोग गरेर कोरियाको बाटो-बाटोमा पैसा माग्न पठाएछन् । त्यसो त यो सूत्र उनले नेपालमा पनि प्रयोग गरेकै हुन् । काठमाडौंका चोकचोकमा 'दाइ सुन्नुहोस् न !', 'दिदी एकछिन समय दिनूस् न !' भन्दै गरेका युवाहरू बेलाबेला भेटिन्छन् । ढेवा संकलकहरू भेला पार्‍यो भने मुलुक समृद्धिको बाटोमा पुग्छ भन्ने विचारधाराका प्रवर्द्धक जो हुन् ढकाल । उनले कोरियाबाट आउने विदेशी मुद्राले देशको विकासमा अझै गति लिन्छ भन्ने ठाने होलान् । आखिर नारा यस्तो पनि त छ नि, 'अहिले नगरे कहिले ? ढकालले नगरे कसले ?'

■ **वाटरगेट उपाध्याय**

# अब 'टावरसेडिङ'को त्रास

नेपाल टेलिकमले आफ्नो वार्षिकोत्सव मनायो । सधैंको वार्षिकोत्सवमा जस्तै यसपालि पनि उसले मोबाइलमा सबैभन्दा बढी रकम सकाउने खर्चालुलाई सम्मान गर्ने भन्दै नाम घोषणा गर्‍यो । तर, अचम्म, सम्मानित हुने व्यक्ति यस्तो खबर सार्वजनिक भएलगत्तै 'भूमिगत' भए । कार्यक्रममा पाँच/सात पटक नाम लिंदासमेत उनको अत्तोपत्तो भएन । मोबाइलमै दुई लाख स्वाहा पार्ने, सम्मान थाप्न कञ्जुस्याइँ गर्ने व्यक्ति को होलान् ? उनको धुइँपत्ताल खोजी भयो । तिनी त अरू कोही नभएर लोडसेडिङ अन्त्य गराउने नायक कुलमान घिसिङ पो रहेछन् । अरे ! घिसिङजी, लोडसेडिङ हटाउन बिजुलीको मिटर फनफनी नघुमाऊ भनेर सिकाउने, उता आफू भने टेलिकमको मिटर टनटनाटन घुमाएर टावरै व्यस्त पारिदिने ? यस्तै हो भने एक दिन बिजुलीको लोडसेडिङ टेलिकममा सरेर 'टावरसेडिङ' हुन बेर छैन है, चेतना भया !

■ **सूर्जे नेवाः**

# प्रचण्ड : सहिद कि बेपत्ता !

२३औं 'जनयुद्ध दिवस' मनाए प्रचण्डले पेरिसडांडामा । २३ पाउन्डको केक पनि काटे । कार्यकर्ताको सुझबुझ हो कि व्यंग्यवाण, 'जनयुद्धका महान् सहिद र बेपत्ता'को हारमा पार्टीका पहिलो र अन्तिम अध्यक्ष प्रचण्डको फोटो पनि झुन्ड्याएछन् । प्रचण्डको पारखी लाल कुमाल रन्थनियो । आखिर प्रचण्ड के हुन्, सहिद वा बेपत्ता ? उनलाई आधा सहिद र आधा बेपत्तामा पारेको पो हो कि ?

खासमा 'जनयुद्ध' बिर्सिसकियो । ११ वर्षयता त 'धनयुद्ध' मात्रै देखियो । पुराना सपनाको सहादत भइसकेकै हो। अबको केही दिनमै नेकपा (माओवादी केन्द्र) स्वयं स्मृतिमा मात्रै रहनेवाला छ । यस्तो अवस्थामा 'क्रान्तिकारी' छविका प्रचण्डले पुष्पकमल दाहालसामु आत्मसमर्पण गरेको समाचार नै नौलो नहोला ।

'प्रचण्ड'को प्राइभेट कम्पनी र एमाले कम्पनीबीचको 'मर्जर' त्यसका लडाकू कार्यकर्ताका निम्ति उत्सव हुन्छ कि शोक दिवस ? आउने साल १ फागुनमा केक काट्ने कि श्राद्ध गर्ने कमरेड ?

■ **लाल कुमाल**

# विशेष योग्यता

– नेपाल राज्यका प्रमुख पदहरू निकट भविष्यमै खाली हुन लागेकाले निम्न बमोजिम योग्यता भएकाहरू सूचीमा नाम दर्ता गर्न समयमै आउनुहोला :

– जन्ममिति, नागरिकता, शैक्षिक योग्यताका प्रमाणपत्र र कार्यसम्पादनमा अधिकाधिक कीर्ते गर्न सफल ।

– कम्तीमा तीनपटक एसएलसी फेल भएर अन्त्यमा लटरपटर एक थान प्रमाणपत्र जुटाएको ।

– बहालवाला पदाधिकारीले राष्ट्रको भलो चिताई कुनै पहलकदमी लिएमा वा इमानदार र योग्यलाई पोस्ने कार्य गरेमा महाभियोगसम्मको कसरत गर्न सक्ने ।

– अध्ययन, प्रतिष्ठा र कार्यकौशलमा उम्दा देखिएका उम्मेदवार एवं राष्ट्रसेवकलाई कीर्ते करार गर्न सक्ने ।

– शक्ति सन्तुलन र पृथकीकरणका पुरातन मान्यतामा नरही राज्यका सबै निकायसँग मिलिभगत गरी संस्थालाई चालू राख्न सक्ने ।

– परिआए आफ्नै संस्थाका पूर्वनिर्णयहरू दनादन उल्टाउन सक्ने ।

– सार्वजनिक आलोचना, लोकलाजबाट कति विचलित नहुने ।

■ रुन्चे राइँलो

**झटारो** | ■ लक्ष्मण गाम्नागे

# खाडीको पट्यारलाग्दो यात्रा

**खाडी** राष्ट्रमा कार्यरत श्रमशील नेपालीहरूमाझ 'दुईथोपा हाँसो' कार्यक्रम लिएर हिँड्ने क्रममै छौँ हामी सिस्नुपानी नेपालका सदस्यहरू । यहाँको यात्रा निकै सकसपूर्ण भइरहेको छ । जता गयो उतै विकास निर्माणका अनेक गतिविधि चलिरहेका छन् । यहाँका जनता, श्रमिक र सरकार कसैले आराम गर्न पाउँदा रहेनछन् । रातदिन काममा जोतिएको जोतिएकै । हाम्रो त साँझैमा घरमा पसेर बेलैमा भात खाएर सुतिहाल्ने बानी, यहाँचाहिँ रातभरि मान्छेहरू सडकमा दगुरिरहेका, गाडीमा गुडिरहेका र पसल रेस्टुराँहरूमा भीड लागिरहेका देख्न पाइँदो रहेछ । आराम गर्न नपाइने दुःखी ठाउँ रहेछ यो ।

सडककिनाराका बालुवामा ढकमक्क फुलेका रंगीबिरंगी फूलहरू देख्दा हामीलाई भित्रैदेखि चुँडौ चुँडौ लागेर आउँछ । यहाँका निरश बटुवाहरू त्यस्ता सार्वजनिक स्थानमा फुलेका फूल पनि नछोई हिँड्दा रहेछन् । बोट-बिरुवाका पातहरू सुर्केर पेटीतिर छरेर आनन्द लिन पनि जान्दा रहेनछन् ।

सयौँ किलोमिटरको सडकमा यात्रा गरियो, बीचबीचमा यसो बासी भात, सुकेको चाउचाउ, तुर्लुङ्गे चिया इत्यादि 'ताजा' खानेकुराहरू बेच्ने छाप्राहरू पनि एउटै भेटिएनन् । न त भनेको बेलामा पानपराग, गुट्खा, खैनी आदि नै किन्न पाइयो, न यात्रामा ताजगी भर्ने घुट्का किनेर घुट्क्याउन पाइयो । साह्रै बिरानो र दिक्कलाग्दो हुँदोरहेछ यहाँको यात्रा ।

हप्तौँसम्म सडकमा यात्रा गरियो । तर, एउटा पनि गाडीले हाम्रोमा जस्तो पुतुतु कालो धूवाँ फालेको देख्न पाइएन । यसले गर्दा पनि होला यहाँका सडकमा हिँड्दा सास फेर्न गाह्रो भयो हामीलाई ।

कहीँ कतै गाडीका पछाडि जुत्ता झुन्ड्याएको देख्न नपाउँदा यी गाडीहरूमाथि दुष्टात्माहरूका नजर परेर दुर्घटना हुने हो कि भन्ने भय हुँदो रहेछ । दोकानहरूमा पनि कसैका आँखा लाग्दैनन् कि क्या हो, धागोमा उनेर झुन्ड्याइएका कागती र खुर्सानी हल्लिरहेको पनि देखिएन ।

दिक्क लाग्ने अरू कुरा पनि सुनियो । पुराना बजारहरूबाहेक अरू ठाउँमा कहीँ कतै सटरहरू, पसलहरू देख्न पाइँदो रहेनछ । एउटा चुरोट, एक सिसी रक्सी, दुई गोली सिटामोल, एउटा सलाई मात्र किन्नु पर्‍यो भने पनि गाडी चढेर कहाँ-कहाँ जानुपर्ने हैरानी हुने कुरा साथीहरूले बताए । सहर-बजारमा हजार गाँठा भएका टेलिफोन र बिजुलीका तारका गुजुल्टाहरू घरका भित्ता र पोलहरूमा झुन्डिएको देख्न पनि नपाइने रहेछ यतातिर । मोटरसाइकलका ले-गार्डमा उभिन्डो पारेर झुन्ड्याएर कुदाउँदै गरेका ब्रोइलर कुखुराहरू पनि देख्न पाइएन, न त मान्छे हिँड्ने सडकपेटी ढाकेर खसी भुत्ल्याउँदै गरेको वा राँगाको मासु फिँजाएर झिँगा भन्काएको देखियो ।

यहाँको खानेकुरा पनि हामीलाई अपच हुने रहेछ । सरकारी जाँच टोलीले हप्तैपिच्छे अझ कहिले त हप्तामा दुईपटकसम्म होटल, रेस्टुराँ, खाद्यान्न र तरकारी बजारहरू अनुगमन गर्छ रे ! हाम्रोमा जस्तो यहाँ तरकारीमा युरिया खान नपाइने रहेछ । विष मिसेको साग पनि पाइँदैन भन्ने बुझियो । कुहिएका मिठाइको त झन् कुरै भएन ।

यस्ता कष्ट र अप्ठ्याराहरूमाझ तपाईंहरू के हेरेर बाँच्नुभएको छ भन्ने प्रश्नको उत्तरमा एक जना नेपालीले भने, 'राजनीति गर्न, कुरा काट्न, खुट्टा तानातान गर्न र सोमरसको खपत गर्नमा हामीलाई अरू कुनै देशका नागरिकले हराउन सक्दैनन् । यी कुरामा हामीले संसारलाई जितेका छौँ ।'

साथीको कुरा सुनेपछि बल्ल हाम्रो मन अलि शीतल र गौरवान्वित भयो ।


kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
LEADERSHIP
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Is leadership just about performing or is it about motivation, inspiration and guidance? What does it take to become a leader?
Find all you need to know about Leadership.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16



# बीपी उपचारार्थ उड्नुअघि

१५ जेठ २०३४ को कुरा हो । वाग्मती अञ्चलाधीशको कार्यालयबाट बीपी कोइरालाको स्वास्थ्य परीक्षण गर्न जानु भनी फोन आयो । भोलिपल्ट दिनको १२ बजेतिर प्रहरी तालिम केन्द्र महाराजगन्जको बन्दी शिविरमा गएँ, जहाँ सुन्दरीजल जेलबाट बीपीलाई ल्याएर राखिएको थियो । त्यहाँ पुगेपछि थाहा भयो, आफ्नो मुटु धड्कँदा बीच-बीचमा रोकिने भएकाले मुटुरोग लागेको आशंकाले उहाँले नै बोलाउन लगाउनु भएको रहेछ । मुटुको चाल परीक्षण गर्दा खासै समस्या भएको पाइनँ ।

तर, म त्यहाँ पुग्नुभन्दा झन्डै एक घन्टाअघि एउटा घटना भएछ । आफ्नो देब्रे आँखामा निष्पट्ट अँध्यारो छाएको र झन्डै १५ मिनेटसम्म दृष्टि नै गुमेजस्तो भएको बीपीले सुनाउनुभयो । खासमा उहाँको शिरमा रक्तसञ्चार गर्ने धमनी 'ब्लक' भएको रहेछ । त्यो धमनी ब्लक भएपछि कुनै पनि बेला पक्षघात हुन सक्थ्यो । उहाँको यो समस्या अपरेसन नै गर्नुपर्ने खालको थियो । त्यसका लागि उहाँ जेलबाट छुट्नु जरुरी थियो । तर, जेलबाट छुटिहाल्ने सम्भावना तत्काल थिएन । त्यसैले 'खासै केही भएको छैन, भोलि आउँला' भनी महाराजगन्जबाट फर्कें ।

त्यस घटनाको तेस्रो दिन १८ जेठमा डा दिनेशचन्द्र गंगोल, डा विष्णुप्रसाद शर्मा, डा लक्ष्मीनारायण प्रसादसहित भएर बीपीलाई हेर्न जान्छौं भनी अञ्चलाधीश सूर्यप्रसाद श्रेष्ठलाई भनें । त्यसअघि नै मैले उहाँको रोगको यथार्थ लेखी त्यसलाई ठाउँमा पुऱ्याइदिन अञ्चलाधीशलाई रिपोर्ट बुझाएको थिएँ । हामी चार जना डाक्टरले बीपीको परीक्षणपछि फेरि अर्को रिपोर्ट बनाएर 'तुरुन्तै आवश्यक उपचार भएन भने जे पनि हुन सक्छ' भनी पहिलो रिपोर्टमा लेखेको कुरा दोहोऱ्याएर अञ्चलाधीशकहाँ गयौं र 'माथि पुऱ्याइदिनुहोस्' भन्यौं । उहाँले पुऱ्याइदिने कुरा गर्नुभयो ।

साधारण बाटोबाट काम हुँदैन भन्ने लागेर राजा वीरेन्द्रसँगै भेट्ने निधो गरें । राजाका सचिव चिरन थापाकहाँ भन्न लगाएँ । अर्का प्रभावशाली सचिव नारायणप्रसाद श्रेष्ठकहाँ आफैं गएँ । श्रेष्ठले त 'डाक्टरै प्रधानमन्त्री भएका बेलामा तपाईंले किन यति जोड गर्नुभएको ?' भनेर समेत भन्नुभयो । मैले भनें, 'म त राजाकै पनि औषधि उपचार गरेको मान्छे हुँ । मैले राजालाई किन भेट्न नपाउने ?' त्यसपछि उहाँले 'तपाईंबारेको गुप्तचर रिपोर्ट पढ्दा त बहुलाइन्छ' समेत भन्न भ्याउनुभयो । त्यसबेलाको गुप्तचर रिपोर्टमा 'डा मृगेन्द्रराज पाण्डे बीपीको कोठामा पुगेर बिछ्यौनामा बस्यो, सान्दाइ भन्यो' आदि लेखेर बुझाएका रहेछन् । त्यसपछि म राजाका अर्का सचिव रञ्जनराज खनालकहाँ गएँ । उहाँले पनि 'मैले कुरा मिलाउनसकें भने तपाईंलाई बोलाउँला' भनेर फर्काउनुभयो ।

२५ जेठका दिन खनालजीले फोन गर्नुभयो, 'डाक्टरसा'ब, तुरुन्त पश्चिम ढोकामा आउनूस् ।' म पश्चिम ढोका पुगें । उहाँले मलाई राजा वीरेन्द्र भेट्ने कोठामा लगेर राख्नुभयो । एकछिनपछि राजाले भित्र बोलाउनुभयो । राजाले कौतूहलतापूर्वक मसँग सोध्नुभयो, 'होइन ए डाक्टर ! तिमीसँग आधुनिक साधनै नभईकन बीपीलाई यति कडा रोग छ भनी लेखेछौ । त्यही एउटा स्टेथेस्कोपको भरमा यति कडा रोग छ भनेर कसरी थाहा पायौ ?'

मैले उहाँका जिजुमुमा, राजा त्रिभुवनका रानीको पनि त्यस्तै किसिमका विशेष समस्या पत्ता लगाएर डायग्नोसिस गरेको कुरा उहाँलाई स्मरण गराएँ र भनें, 'त्यसैले मलाई विश्वास गरिबक्सियोस्, बीपीको रोग धेरै नै कडा छ, चुप लागेर बस्ने बेला छैन ।' त्यसपछि राजाबाट सोधनी भयो, 'तिमी कति प्रतिशत निश्चित छौ ?' मैले भनें, '९९ प्रतिशत ।'

राजालाई रोगको गम्भीरताबारे सम्झाउन मलाई झन्डै एक घन्टा लाग्यो । अन्त्यमा उहाँलाई चित्त बुझेछ क्यारे, एडीसीलाई बोलाएर 'बीपीलाई लिएर आऊ' भन्नुभयो । मलाई अर्को कोठामा गएर बस्न भनियो ।

बीपी राजा भएको ठाउँमा गएको एकछिनपछि मलाई पनि भित्रबाट बोलावट आयो । राजाबाट बीपीलाई 'तिमीलाई राजनीतिक कुरा गर्न बोलाएको होइन, तिम्रो स्वास्थ्यको कुरा गर्न बोलाएको हुँ' भनेर कुराको सुरुआत भयो, 'तिम्रो स्वास्थ्य तिमीले सोचेभन्दा खराब छ ।' त्यसपछि राजाले मलाई बीपीको रोगबारे जानकारी दिन भन्नुभयो र मैले जानकारी दिएँ, 'तुरुन्त उपचार हुन सकेन भने जे पनि हुन सक्छ ।' मैले त्यसो भन्दा पनि बीपीको अनुहारमा कुनै परिवर्तन आएन । राजा र बीपीबीच करिब एक घन्टा कुरा भयो ।

कोठाबाट बाहिर निस्केर बीपीले मलाई 'डाक्टरसाब धन्यवाद, मेरो उपचारका लागि कहाँ के मिलाउनुपर्छ, मिलाइदिनुहोस्' भन्नुभयो र जानुभयो । राजाबाट मलाई भित्र बोलाइयो र केही समय कुरा भयो । त्यस कुराकानीमा मैले 'अहिले बीपीलाई थुनामा राख्दा केही भयो भने उनको लासले सरकारलाई सिध्याउन सक्छ भने उपचार गरिदिएमा अनुग्रहीत भएर सधैं मिलेर बस्न सक्छन्' भनेर सुनाएँ ।

२७ जेठ ०३४ मा बीपी रिहा हुनुभयो र त्यसै दिन उपचारार्थ अमेरिकातर्फ लाग्नुभयो । बीपी रिहा भएपछि तत्कालीन प्रधानमन्त्री डा तुलसी गिरीले मलाई बोलाउनुभयो र भन्नुभयो, 'तपाईंले भनेजस्तो रोग निक्लेन भने तपाईं बीपीको ठाउँमा पुग्नुहुन्छ ।' मैले भनें, 'बीपीको ठाउँमा म त के, तपाईं पनि कहिल्यै पुग्नुहुन्न ।' यसपछि प्रधानमन्त्री गिरीको मुख भने हेर्नलायक भयो ।

*(डा पाण्डे मुटुरोग विशेषज्ञ हुन् ।)*

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

# गलत डिजाइनको मारमा

## चालीस वर्षदेखि निर्माणाधीन राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना

**जे पाण्डे**/नेपालगन्ज

राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना सुरु हुँदा चिर्कु चौधरी २७ वर्षका थिए, अहिले ६५ वर्षका भए । ४० वर्षदेखि नहरमा पानी आउँदैछ भन्ने सुनेका हुन् उनले । तर, नहरमा पानी आउला र खेती गरौँला भन्ने वर्षौंदेखिको उनको चाहना अधुरै छ । खेतमा एक थोपा पानी हाल्न पाएका छैनन् । यो चार दशकमा आयोजनाको मूल बाँध र ४५ किलोमिटर नहर निर्माण त भयो । तर, नहरमा पानी भने अझै बग्न सकेन ।

चिर्कु एक प्रतिनिधि पात्र हुन् । उनीजस्ता धेरै किसानको आशा निराशामा पुगेको छ, पानी नबग्ने सिक्टा नहरका कारण । किसानका आशा र सपना साकार पार्ने लक्ष्य आयोजनाको पनि हो । तर, निर्माणमा ढिलाइमाथि ढिलाइ भइरहेको छ । जग निर्माणदेखि नै भ्रष्टाचार र ढिलासुस्ती हुँदै आएको यो आयोजना धेरैका लागि कमाइ गर्ने थलोका रूपमा परिचित छ ।

असार ०७३ को पहिलो साता नहरमा पानी सञ्चालन गर्ने क्रममा झिँझरी खोलामा निर्मित नहर फुट्यो । यसको प्रमुख कारण थियो, गुणस्तरहीन निर्माण । ५० क्युमेक्स पानीको बहाव थाम्ने क्षमता हुनुपर्ने नहरको संरचना २५ क्युमेक्स पानी छाड्दा नै भत्केपछि आंशिक सिँचाइ सुविधा पुऱ्याउने त्यति बेलाको लक्ष्य तुहियो । तर, त्यसको न प्राविधिक जाँच भयो, न त कसैलाई कारबाही नै । त्यसको एक वर्षपछि २८ साउन ०७४ मा मूल नहर फेरि ठाउँठाउँमा भत्क्यो । आकाशे वर्षा थेग्न नसक्ने गरी कमजोर नहर निर्माण गरेकाले धेरै ठाउँमा चिराचिरा पऱ्यो । साइफन फुट्दा मधुई र टिकुलीपुरका दर्जनौं घर बगे । मुस्किलले ज्यान भने जोगाएका बासिन्दा अझै खतरामुक्त छैनन् ।

ठेकेदार कम्पनी कालिका कन्ट्रक्सनले निकै कमजोर अवस्थाको नहर निर्माण गरेकाले कुनै पनि बेला फेरि भत्केर मानव बस्ती नै बगाउने खतरा देखिएको भन्दै स्थानीयवासीले गुणस्तर परीक्षण र छानबिनको माग गरे । जनताको माग र विरोधको कुनै सुनुवाइ भएन । आयोजनाले कालिका कन्ट्रक्सनलाई र कन्ट्रक्सनले विभागको डिजाइन र माटोमै त्रुटि देखाउँदै जिम्मेवारीबाट पन्छिए ।

नहरको रेखांकनभित्र पर्ने अग्लो ठाउँबाट काटिएको नराम्रो माटो नजिकको होचो ठाउँमा लगेर निर्माणमा प्रयोग गरिएको छ । नराम्रो माटाले पुरेको हुँदा पानी छाड्दा नहर धेरै ठाउँमा भत्किने खतरा रहेको प्राविधिकहरू औँल्याउँछन् । त्यसैले निर्माणमा प्रयोग भएको धेरैजसो माटो अनुपयुक्त देखिएको छ ।

प्राविधिकहरूका अनुसार पानी परेसँगै 'हाइ सिपेज हेड'मा केही समयपछि नहरको माटो पानीसँगै घोलिएर जाने र त्यसले 'सिन्क होल' वा 'टनेल' निर्माण भई अन्ततः नहर भत्किने अवस्था सिर्जना हुन सक्ने सम्भावना छ । "झिँझरी खोलाको नहर पनि त्यसै कारणले भत्केको हो," आयोजनाका एक प्राविधिक अधिकारी त्रुटि औँल्याउँछन् । ४५ किलोमिटर नहर क्षेत्रको माटो सोही प्रकृतिको छ । अहिले नहर निर्माण कार्य अन्तिम चरणमा छ । यस्तो अवस्थामा माटोका कारण उत्पन्न हुने समस्याको निराकरण थप जटिल देखिन्छ ।

समस्या समाधान गर्न नहरका संवेदनशील तथा निकै कमजोर स्थानमा काम गर्नुका साथै माथिल्लो सतहको केही माटो झिकी उपयुक्त माटो हाल्न सके नहर भत्किने र बस्ती बगाउने जोखिम न्यून गर्न सकिने उपाय सुझाउँछन्, आयोजना प्रमुख महेश्वरनरसिंह केसी । तापनि नहरमा निर्मित नौवटा 'विङ वाल'को लम्बाइ तथा उचाइ र नहरको चौडाइ पनि कम छ । पानी छाड्दा त्यस्तै स्थानबाट नहर भत्किने सम्भावना हुन्छ । सिँचाइ विभागले नहरको डिजाइन गर्दादेखि नै हेलचेक्र्याइँ गर्नुको परिणाम अहिले सबैका सामु छ ।

नहरको उत्तर चुरेसँगै राष्ट्रिय निकुञ्ज क्षेत्र छ । त्यहाँबाट निस्कने खोलानालाले नहरका संरचनासँगै मानव बस्तीमा क्षति पुऱ्याउँदै आएका छन् । नहरको दक्षिणतर्फ पर्ने भागमा तीव्र रूपमा अनियन्त्रित उत्खनन हुँदैछ, जसका कारण खोलानालाहरू गहिरिने, भूक्षय हुने तथा गाउँबस्ती डुब्ने र बगाउने समस्या नजिकिँदै छ । यसबाट पनि नहर सुरक्षित छैन । वन तथा राष्ट्रिय निकुञ्जसँगै बस्ती क्षेत्रमा निर्माण कार्य गर्दा धेरै चुनौती छन् । दायाँतर्फको मूल नहरको माटो विषम र प्राविधिक रूपले नौलो प्रकृतिको छ ।

दायाँ मूल नहरको ठेक्का र नहरमा भएको त्रुटि सच्याउने अवधि सकिएको छ । कार्य सम्पादन जमानत म्याद गुज्रिसकेको छ । यस्तो अवस्थामा नहरमा देखिएको टुटफुट कसले बनाउने भन्ने द्विविधा छ । ठेकेदार त्रुटि सच्याउने अवधि सकिएको भन्दै पन्छिएका छन् । डिभिजन इन्जिनियर प्रकाशबहादुर कार्की भन्छन्, "ठेकेदार कम्पनी सधैँभरि नहर मर्मत गर्न सक्दैनौं भनेर धरौटी फिर्ता माग्छन् ।" आयोजना त्रुटि सच्याएर नहरमा पानी सञ्चालन नगर्दासम्म धरौटी फिर्ता नगर्ने अडानमा छ ।

अर्कातिर आयोजनाले डुडुवा शाखा नहरमा व्यवसायीले काम नगरेको र 'मोबिलाइजेसन' पेस्कीसमेत दुरुपयोग हुने देखिएपछि छिटो निर्माण गर्न निर्देशन दिएको छ । आयोजना प्रमुख केसी भन्छन्, "काम गर्नु त परै जाओस्, सम्पर्क गर्नसमेत आउँदैनन् । बरू, उल्टो दबाब दिने प्रयास गर्छन् ठेकेदारहरू ।" ◆

तस्बिर : जे पाण्डे

**सिक्टाको मूल बाँध**



KMG
FIRE SIDE
WITH
BHUSAN DAHAL
EVERY MONDAY
9 PM
ONLY ON
KANTIPUR
KANTIPUR
कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा
DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store
/KANTIPURTELEVISIONNETWORK
WWW.KANTIPURTV.COM

# 'यही नेतृत्वले कांग्रेसलाई माथि

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा काठमाडौं-४ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित **गगन थापा** पार्टीभित्र वैचारिक दृष्टिकोण प्रस्तुत गर्ने मात्र होइन, पार्टी र राष्ट्रिय मुद्दाहरूमा खरो टिप्पणी गर्ने नेता मानिन्छन् । निर्वाचनमा पार्टीको पराजयपश्चात् नेतृत्वको कमी-कमजोरीप्रति उनले आफ्ना धारणा प्रस्टसँग राख्दै आएका छन् । थापासँग निर्वाचन परिणाम र पार्टी नेतृत्वका सम्बन्धमा केन्द्रित रही **सन्तोष आचार्य**ले ३ फागुन बिहान गरेको कुराकानीको सम्पादित अंश :

***शेरबहादुर देउवाले नेतृत्व गर्नुभएको सरकारको पछिल्लो कार्यकाललाई कसरी मूल्यांकन गर्नुहुन्छ ?***

शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्दा बाँकी रहेको स्थानीय तहको निर्वाचन हुन्छ कि हुँदैन भन्ने स्थिति थियो । अझ त्यसमा पनि सहजतापूर्वक हुँदैन कि भन्ने आशंका थियो । एमाले अध्यक्ष केपी ओली चुनावको दिनसम्म पनि अलि तुच्छ ढंगले 'देउवाले चुनाव गराउन सक्दैन, चुनावबाट भाग्न खोजिरहेको छ' भनिरहेका थिए । जुन कामका लागि देउवाले सरकारको नेतृत्व गर्नुभएको थियो, त्यो सफलतापूर्वक सम्पन्न गर्नुभयो । हामीकहाँ सम्भवतः यसपटकको पहिलो चुनाव हो, जहाँ कसैले पनि धाँधली भयो भनेर आरोप लगाएको छैन । परिणामलाई सबैले स्वीकारेका छन् । राज्यसत्ताको दुरुपयोग भयो भनेर कसैले औंला उठाएको छैन । यसरी हेर्दा देउवाको नेतृत्वमा रहेको सरकारले अभूतपूर्व सफलता पाएकै हो ।

***तर, यत्रो चुनाव गराएर पनि जनस्तरबाट देउवाले कुनै जस पाउनुभएन त ?***

चुनावलाई आमजनताले नियमित प्रक्रियाजस्तो र सहजतापूर्वक यो काम हुन्छ भन्ने ठान्ने हुनाले यसको 'एप्रिसियसन' कम हुन्छ । नेपाली जनताको वर्षौंदेखिको दिक्दारी भनेको सरकारले दिने 'डेलिभरी' र सुशासनसँग सम्बन्धित छ । यही आयाममा देउवा सरकार चुक्यो । कतिपय गर्नै नहुने काम सरकारले गऱ्यो । कतिपय गर्नैपर्ने कुरा गरेन । आचारसंहिताले बाँधिएको कामचलाउ सरकार भएकाले विवादमा पर्ने धेरैजसो काम नगरेको भए हुन्थ्यो ।

***सरकार छाड्दै गर्दा देउवाले शिर ठाडो पार्ने वातावरण किन बन्न नसकेको ?***

चुनाव सफलतापूर्वक सम्पन्न गराएका कारणले देउवाले सरकार छाड्दै गर्दा 'सेलिब्रेसन'को मुडमा हुनुपर्थ्यो । तर, त्यो वातावरण बन्न सकेन । सुशासनप्रति उहाँको कमजोर प्रदर्शनका कारणले यसो हुन गएको हो । देउवाले सफलतापूर्वक निर्वाचन सम्पन्न गरेर संविधानलाई कार्यान्वयनको बाटोमा लगेको भनेर इतिहासमा मूल्यांकन होला । किनभने, नेपाली समाज त्यति क्रूर पनि छैन ।

***कांग्रेसले यसपटकको निर्वाचनमा राजनीति मात्र जित्न चाहेको थियो, चुनावचाहिँ होइन ?***

राजनीति मात्र होइन, कांग्रेसले सँगसँगै चुनाव पनि जित्न चाहेको थियो । तर, कांग्रेसले जसरी चुनावहरू गराएर अभूतपूर्व रूपमा राजनीतिक विजय प्राप्त गऱ्यो, त्यसैगरी विगतका पराजयहरूसँग तुलना नै गर्न नसक्ने गरी यसपटकको चुनाव हाऱ्यो । हिमालमा पनि हाऱ्यो, पहाडमा पनि हाऱ्यो, मधेसमा पनि हाऱ्यो । सहरमा पनि हाऱ्यो, गाउँमा पनि हाऱ्यो । हार्नलाई कुनै ठाउँ बाँकी राखेन । कांग्रेस हार्दा नागरिकमा पीडाबोध देखिनुपर्ने हो, त्यो पनि देखिएन । पार्टीका साथीहरूमा पनि पराजयका कारण देखिनुपर्ने जुन आक्रोश हो, त्यो पनि देखिँदैन । शिथिलजस्तो देखिन्छ । यसैले अब सानोतिनो प्रयासले कांग्रेस 'रिभाइभ' हुन सम्भव छैन ।

***पार्टी नेतृत्वले 'रिभाइभल'को प्रयास नै गरेको छैन ?***

पराजयपछि पनि हाम्रो नेतृत्वमा जुन किसिमको प्रवृत्ति देखिएको छ, त्यसबाट रिभाइभलको प्रयास हुन्छ भन्नेमा पनि विश्वास छैन । नेतृत्व केवल टालटुल गर्ने हिसाबले अघि बढिरहेको छ । पराजयलाई

तस्बिर : भास्कर ओझा

# उठाउन सक्दैन'

प्राविधिक कुरा मात्र भनिरहेको छ। दुईवटा ठूला पार्टी एक ठाउँमा आएपछि कांग्रेस हार्नु स्वाभाविक हो भन्दै त्यसलाई कार्यकर्तासम्म लगेर आफ्नो कमजोरी लुकाउने प्रयास नेतृत्वबाट भएको छ। नेतृत्व निकै कर्मकाण्डी छ। विगतमा जे गर्दै आएको हो, त्यही मात्र गर्ने, नयाँ कुरा केही गर्नै नखोज्ने प्रवृत्ति छ। यो प्रवृत्तिलाई अब पनि हामीले चिर्न सकेनौं भने कांग्रेसका लागि यो सबैभन्दा ठूलो संकट हुनेछ।

***यो संकटको समाधान महासमितिको बैठक हो, जुन तपाईंहरू चाँडोभन्दा चाँडो बोलाउनुपर्छ भनिरहनुभएको छ ?***

प्राविधिक विषयहरूलाई महासमिति बैठकबाट टुंग्याउनुपर्छ। त्यसपछि विशेष महाधिवेशन बोलाउनुपर्छ। किनभने, पार्टीको एकात्मक संरचना छ जबकि मुलुक संघीय संरचनामा गइसक्यो।

***महासमिति र त्यसपछि विशेष महाधिवेशन पनि होला। यसबाट पार्टी अलिकति चलायमान पनि देखिएला। तर, के कांग्रेस साँच्चै तंग्रिन्छ त ?***

कांग्रेस रिभाइभ हुनुपर्छ भन्ने कांग्रेसले मात्र सोचेर हुँदैन। जुन दिन आमजनताले मुलुकका लागि कांग्रेसको रिभाइभ आवश्यक छ भन्ने ठान्छन्, त्यतिबेला मात्र यो सम्भव छ। कांग्रेसले अबको निर्वाचनमा आफूले पाएको मत जोगाउनु त छँदैछ, यसपटक मत नदिएका १५ लाख मतदातालाई मत दिने कांग्रेस पनि हामीले बनाउनुपर्छ। अनि, बल्ल पाँच वर्षपछि सिंहदरबार र प्रदेश सरकार कांग्रेसले चलाउँछ। यसका लागि पार्टीलाई पुनःजागरणको महाभियान चाहिएको छ। त्यसले पार्टीभित्रको सिद्धान्तको पुनःव्याख्या गर्नुपरेको छ। संगठनको पुनःनिर्माण गर्नुपर्नेछ। पार्टी नेतृत्वका चारित्रिक र आचरणमा सुधार खोज्नुपर्नेछ।

***कांग्रेसले स्थानीय सरकारका धेरै ठाउँमा जितेको छ, त्यहाँबाट जनताले अनुभूत गर्ने खालका काम किन गर्न सकिरहेको छैन ?***

आगामी पाँच वर्षमा स्थानीय सरकारमा कांग्रेसले नयाँ मानक कायम गर्न सक्नुपर्छ। त्यो भनेको कांग्रेसले सरकार कसरी चलाउँदो रहेछ भन्ने उदाहरण बन्नुपर्‍यो, हामीले जितेको स्थानीय सरकार। र, प्रतिपक्षको भूमिकामा पनि हामीले नयाँ मानक तयार गर्न सक्नुपर्छ।

***मतलब ?***

यसअघि कांग्रेसले जसरी प्रतिपक्षीय भूमिका खेल्थ्यो, केवल प्रतिक्रियात्मक हुने गरी, अब त्यसरी हुँदैन। किनभने, यसबेला जस्तो सशक्त प्रतिपक्षी विगतमा कहिल्यै पनि चाहिएको थिएन। कांग्रेसले सशक्त प्रतिपक्षको भूमिका खेल्न सक्यो भने संविधानले व्यवस्था गरेको प्रतिस्पर्धात्मक राजनीति संस्थागत भएर जान्छ। तर, प्रतिपक्ष कमजोर भयो भने भर्खर एकीकृत हुँदै गरेको नेपाल कम्युनिस्ट पार्टीलाई अतिवादी बाटोतिर जानका लागि नकारात्मक ढंगले उत्प्रेरित गर्न सक्छ।

***यही नेतृत्वबाट कांग्रेस सशक्त पार्टी बन्ला र ?***

कतिपयलाई तीतो लाग्न सक्छ, पार्टी नेतृत्वमा यिनै बासी अनुहारहरू भएमा जनतासँग टुटेको जुन सम्बन्ध छ, त्यो जोडिँदैन। हाम्रा केही साथीहरू नेतृत्व भनेको उमेरले हुँदैन, एजेन्डा चाहिन्छ भनिरहेका छन्। यसमा दुईमत छैन। तर, नेतृत्व भनेको रातारात बन्ने पनि होइन। एकपटक नेतृत्वका बारेमा बनेको धारणा रातारात बदलिने पनि होइन। कांग्रेसका मुख्य-मुख्य नेताहरूका बारेमा आमजनताले जस्तो धारणा बनाएका छन्, त्यो हामीले बनाइदिएको होइन। त्यो धारणा अब बन्यो, बन्यो। त्यसैले यस्तो अप्ठ्यारो बेलामा यही नेतृत्वले कांग्रेसलाई माथि उठाउन सक्दैन। यो कठोर कुरा होला। तर, यसलाई कांग्रेसजनले मान्नैपर्छ। होइन, हामी आफ्नै नाफा-घाटाको हिसाब गरेर बस्ने हो भने बेग्लै कुरा हो।

***यसपटकको निर्वाचनमा एमालेले पाएको कुल मतभन्दा जम्मा ४० हजार मत मात्र कांग्रेसले कम पाएको हो, यसमा आत्तिनुपर्ने कुरा केही छैन भन्छ त तपाईंको नेतृत्व। कुनै टिप्पणी ?***

हामीले एमालेको भन्दा ४० हजार मात्र मत कम पाएको होइन। हामीले नेपाल मजदुर किसान पार्टी (नेमकिपा)भन्दा २२ सिट बढी पाएका हौं। आजका दिनमा नेपाली कांग्रेस पार्टी भनेको नेमकिपाभन्दा २२ सिट बढी भएको पार्टी हो।

***पार्टी नयाँ पुस्तामा कसरी हस्तान्तरण होला त ?***

हाम्रा नेताहरूमा अझ पनि डर, लोभ र हिचकिचाहट देखिन्छ। यसविरुद्ध हामी बोल्नैपर्छ। उहाँहरूलाई आदर गरौं, मान-सम्मान गरौं। तर, पार्टीको मूल्यमा होइन।

म पुस्ताको कुरा गर्दिनँ। कांग्रेसभित्र एउटा उमेरको नेता काबिल, अर्को उमेरको नेता बेकाबिल भन्ने कुरा न वैज्ञानिक हुन्छ, न त त्यसले हामीलाई कहीं पुर्‍याउँछ। हाम्रो पार्टीभित्र नेताहरूको एउटा यस्तो समूह छ, जो ०४६ सालदेखि पार्टीको मुख्य-मुख्य स्थानमा हुनुहुन्छ। सरकारमा बसेर काम गर्न पाउनुभएको छ। उहाँहरू 'एक्जहस्टेड' हुनुहुन्छ, थाकिसक्नुभएको छ। उहाँहरू 'एक्सपोस्ड' पनि भइसक्नुभएको छ। उहाँहरूको सीमा जनतालाई थाहा छ। जतिसुकै लोलोपोतो गरे पनि अब हामी नयाँ रङ लगाइदिन सक्दैनौं। फेरि पनि हामीले उहाँहरूलाई नै जिम्मेवारी दिन थाल्यौं भने पार्टी त जसोतसो चल्ला तर जनतासँग बढेको दूरी मेटिँदैन।

***उहाँहरूको ठाउँ कसले लिने त ?***

जोसँग क्षमता छ, उसैले लिन्छ। उहाँहरूले कसैलाई हस्तान्तरण गर्नुहुन्न। पार्टी राजनीतिमा कसैलाई गुहारेर, निवेदन लेखेर नेतृत्व हस्तान्तरण हुँदैन।

***तपाईं स्वयंले पनि पार्टी नेतृत्वको दाबी गरिरहनुभएको छ, होइन ?***

हामीले माहौल बनाउन खोजिरहेका छौं। हामीले हाम्रो 'स्टेटमेन्ट' भनिरहेका हौं। उहाँहरूलाई पार्टीको नेतृत्व पंक्तिबाट छोडाउने अब हाम्रो कोसिस हुन्छ नै। अहिले पार्टी सभापतिलगायत वरिष्ठ नेताहरू जो-जो हुनुहुन्छ, उहाँहरूलाई अब तपाईंहरू पार्टीको नेतृत्व पंक्तिमा रहिरहनु हुँदैन भनेर विनीत भएर आग्रह गरिरहेका छौं। यसका लागि मैले आफूले सक्ने सबै काम गर्छु भनेको हो।

***नेतृत्वलाई यसरी चुनौती दिनेको संख्या पार्टीमा कति नै छ र ?***

हो, यो संख्या थोरै भयो भने यही नेतृत्व पार्टीमा रहिरहन्छ। उहाँहरू जति धेरै समय नेतृत्वमा रहिरहनुहुन्छ, पार्टीलाई थप क्षति हुन्छ। अब अरू साथी पनि यसका लागि तयार हुने कि नहुने भन्ने प्रश्न मुख्य हो। निवेदन दिएर वा मागेर हुने कुरै होइन यो। पार्टी नेतृत्वमा रहेकाहरूलाई अब अभिभावकका रूपमा बस्नूस् भनेर भन्ने बेला आयो। उहाँहरूलाई 'ग्रेसफुल एक्जिट' नै गरौं, चाहे त्यो विशेष महाधिवेशनबाट होस्। त्यहाँ उहाँहरूले पेलेर लानुभयो भने आगामी दुई वर्षपछि त महाधिवेशन छँदैछ।

***यस्तो भएन भने नि ?***

यदि धेरै साथी यसका लागि तयार भएनन् भने नेतृत्वमा उहाँहरू नै रहिरहनुहुन्छ। त्यसपछि फेरि नेपाली कांग्रेसले केन्द्र र सातवटै प्रदेशमा सरकार बनाउने अपेक्षा छोड्नुपर्‍यो। नेपाल कम्युनिस्ट पार्टीलाई तपाईंहरू नै चलाउनूहोस् भनेर दिनुपर्‍यो। यसैले अब ०७९ सालको निर्वाचनलाई लक्षित गरेर अहिलेदेखि नै हिंड्नका लागि नेतृत्व परिवर्तन नगर्ने हो भने कांग्रेसका साथीहरूले हात उठाए हुन्छ। ◆

॥ चन्द्रदेव भट्ट

# प्रजातन्त्रको स्थायित्व र ने

संसारमा विद्यमान लगभग दुई सय राष्ट्रमा राष्ट्र निर्माणको इतिहासको क्रम 'वेस्टफेलिएन' सन्दर्भमा हेर्ने हो भने नेपाल अग्रणी राष्ट्रमा आउँछ । 'राष्ट्र'को परम्परा युरोपको भन्दा हाम्रो पुरानो हो । तर, राष्ट्रियताको पछिल्लो बहसचाहिँ युरोपबाट आएको हो । जसको नाममा त्यहाँ ठूलठूला युद्ध भए । भारत वर्षको इतिहासलाई केलायौं भने नेपाललाई देवभूमि र ज्ञानभूमिको रूपमा लिइएको छ । र, प्राचीन ग्रन्थहरूमा यो विषय स्पष्टसँग व्याख्या गरिएको छ ।

यी प्रसंगहरू उठाउनुको अर्थ के हो भने यदि कुनै राष्ट्रको विगतको गौरवशाली संस्कृति र सभ्यता छ भने निश्चय नै त्यसको शासन व्यवस्था पनि राम्रै हुनुपर्छ । किनभने, शासन व्यवस्था कमजोर छ भने त्यसले आफ्नो मौलिक सभ्यता र संस्कृतिको न निर्माण गर्न सक्छ, न जगेर्ना नै । हामीले अविच्छिन्न रूपमा पाँच हजार वर्ष पुराना मूल्य-मान्यता आजसम्म पनि व्यवहारमा ल्याएका छौं । यस्तो क्रमबद्ध इतिहास र परम्परा बोकेका मुलुक संसारमा अब धेरै कम छन् ।

सबै देशको भूगोल हुन्छ (प्यालेस्टाइनबाहेक, जहाँ भूगोलका लागि लडाइँ जारी छ) तर धेरै कम मुलुकको अविच्छिन्न इतिहास हुन्छ । धेरै कम मुलुकहरूमा विगत र वर्तमानबीच संस्कृतिले समन्वय गरेका उदाहरण छन् । जस्तै : संसारका विकसित भनेर कहलिएका पश्चिमा राष्ट्रहरूमा विगतको मूल्य र मान्यताले समस्या ल्यायो । त्यहाँ आस्था (फेथ), 'रिलिजन' (धर्म होइन) र राष्ट्रियताले ठूलो समस्या ल्यायो । यी कुनैले पनि समाजलाई जोड्न सकेन । जसले गर्दा ती राज्यहरू समाज र व्यक्तिसँग कृत्रिम सामाजिक सम्झौता गर्न पुगे । यी कृत्रिम सामाजिक सम्झौताका आधारमा आधुनिक राज्यहरू निर्माण भए । जसले गर्दा उनीहरूले आधुनिकतालाई नै सत्य भन्नुपर्ने अवस्थाको सिर्जना भयो । तर, अहिले आएर परिस्थिति त्यहाँ पनि परिवर्तन हुँदैछ ।

## भविष्यको समस्या

नेपालको समस्या भूतकालको होइन, वर्तमान र भविष्यको हो । हाम्रो समाजका समन्वयका आधारहरू कमजोर हुँदैछन् । वर्तमानमा आएर नेपाली समाज र शासन व्यवस्था एकदम अप्ठ्यारो बाटोबाट यात्रा गर्दैछ । विसं ००७ देखि प्रजातन्त्रका लागि पटक-पटक भएका आन्दोलनले अझै पनि राजनीतिक स्थायित्व र आर्थिक समृद्धि प्रदान गर्न सकेका छैनन् । जबकि, यी आन्दोलनपछि सत्ता परिवर्तन भएका छन् । व्यवस्था परिवर्तन भएका छन् । प्रजातन्त्रका लागि यो लामो संघर्ष हो । महत्त्वपूर्ण विषय के हो भने हाम्रो राजनीतिले आजका दिनसम्म पनि सबैलाई समेट्न सकेको छैन । नत्र, किन हामीकहाँ नयाँ राजनीतिक व्यवस्थाको स्थापनापछि पनि पुरानोप्रतिको मोह झन् गाढा भएको ? उदाहरणका लागि, अहिले पनि राणाहरूको शासन व्यवस्था, पञ्चायती व्यवस्था र त्यसैगरी संवैधानिक राजतन्त्रको झझल्को (नोस्टाल्जिया) देख्ने ठूलो जमात छ ।

नेपालमा प्रजातान्त्रिक स्थायित्व नहुनु पछाडिको सबभन्दा ठूलो कारक भनेको प्रजातान्त्रिक राजनीतिक संस्कारका लागि चाहिने आवश्यक पूर्वाधारको विकास गर्न नसक्नु हो । विगतका सबैजसो आन्दोलनले सत्ता र व्यवस्था परिवर्तन गरे । तर, आन्दोलनपछि हाम्रो ध्यान संस्कार निर्माण गर्नतिर गएन । दुर्भाग्यवश ! सबै आन्दोलनपछि भ्रष्टाचार माथिदेखि तलसम्म विकेन्द्रित हुन पुग्यो ।

यस्तो परम्पराले गर्दा आमनागरिकले वर्तमानभन्दा विगत राम्रो देख्छ । किनभने, वर्तमानले उसलाई अवसर प्रदान गर्दैन । अवसरको भागबन्डा राजनीतिककर्मी र तिनका निकटस्थहरूको बीचमा मात्र हुन जान्छ । राज्यका निकायहरूमा राजनीतिक दल निर्देशित चरम राजनीतीकरणले सबैका लागि अवसरको ढोका खोल्दैन ।

यसैगरी शक्ति, सत्ता र अधिकारको उपभोग व्यक्ति र संघसंस्था सबैले गर्न चाहे तर कर्तव्य र उत्तरदायित्वको निर्वाहचाहिँ कसैले गर्दै नगर्ने भए । यसले गर्दा राजनीतिमा तात्विक परिवर्तन आउन सकेन । समाज अराजकताउन्मुख हुन पुग्यो । आफ्नो गल्ती ढाकछोप गर्न अरूलाई दोषारोपण गर्ने संस्कृतिको विकास भयो ।



अहिले हामी नयाँ राजनीतिक व्यवस्थाका लागि चाहिने शासकीय संरचनाहरूको निर्माण गर्दैछौं । तर, राजनीतिक संस्कारमा परिवर्तन ल्याउन सकेका छैनौं । केही वर्षयता चेतनाको स्तरमा वृद्धि आएको छ तर यसले पनि राजनीतिलाई सकारात्मक दिशातिर लान सकेको छैन । यो चेतना आमसमाजमा सुषुप्त रूपमा सीमित रहेको छ । सबैले अरूलाई सिकाउँछन् तर आफैंले चाहिँ नसिक्ने संस्कृतिको विकास भएको छ । राजनीतिक समाजमा यो चेतना आउन नसकेको त्यही भएर होला । यस्तो परिस्थितिले राजनीतिक अस्थिरताको मात्र निर्माण गर्छ र मुलुक फेरि पहिलेकै स्थानमा पुग्छ । र, फेरि आन्दोलन गर्नुपर्ने अवस्थाको सिर्जना हुन जान्छ । फेरि सम्झौता गर्नुपर्ने हुन्छ । अनि, यस्तो प्रक्रियामा विगतका राम्रा उपलब्धि, राम्रा नीति र विचारहरू छोड्नुपर्ने अवस्था बनिदिन्छ ।

## परिवर्तन र वर्ग

अहिले शासन व्यवस्थाको सन्दर्भमा एउटा निर्क्योलमा पुगेको महसुस धेरैजसोले गर्दै आएका छन् । यो विचारधारामा विश्वास गर्नेहरूका लागि राजनीतिक संक्रमणकालको अन्त्य भएको छ । तर, भोलिको राजनीतिक र सामाजिक स्थायित्वका लागि यत्ति मात्र पर्याप्त हुँदैन । यति भन्दाभन्दै अझै पनि एउटा वर्गले अहिलेको परिवर्तनलाई

# पाली समाज

स्वीकार्न नसकेको अवस्था छ भने अर्को वर्गले यसलाई अपूर्ण मान्छ। उसले अझै नेपालमा प्रगतिशील आन्दोलनको कल्पना गर्छ र त्यसका लागि पर्याप्त ठाउँ देख्छ। यो वर्गले नेपालको इतिहासलाई नै मिथक रूपमा देख्छ। राज्य निर्माणको परम्परालाई औपनिवेशीकरणको संज्ञा दिन्छ र यसलाई शासकको अभिमान र जनताको अपमानको रूपमा देख्छ। यी विचारधारामा विश्वास गर्नेहरूको प्रथम उद्देश्य (आजका दिनसम्म) भनेको कार्ल मार्क्सको भाषामा इतिहासको विनिर्माण गर्ने हो।

तेस्रो वर्गले चाहिँ अहिलेको परिवर्तनलाई पूर्ण रूपमा स्वीकार्छ। सायद यो वर्गले आफू सत्तामा आरोहण हुनु र आफू सुहाउँदो शासन व्यवस्थालाई नै परिवर्तनको पर्यायवाची ठान्ने गरेको छ।

सन् २००८ मा अमेरिकामा बाराक ओबामा राष्ट्रपतिमा निर्वाचित भएपछि उनलाई आमनागरिकले राष्ट्रपतिसँग परिवर्तनबारे सोधे। ओबामाको उत्तर थियो, 'म सत्तामा आइसकेँ, परिवर्तन यही हो।' यस्तै सोचबाट प्रभावित भएको देखिन्छ अहिलेको हाम्रो शासकीय वर्ग पनि। यसको लगत्तैपछि आएको आर्थिक मन्दीले अमेरिकी समाजलाई नै विभाजित गर्‍यो। ठूलो समूहले अमेरिकी प्रजातन्त्र एक प्रतिशतका लागि मात्र हो, ९९ प्रतिशत 'हिलीबिली' नागरिकहरूका लागि होइन भन्यो।

उल्लिखित तीनवटै वर्गभन्दा अर्को वर्ग पनि छ, नेपालमा। साँच्चै भन्ने हो भने यो वर्गले जनसंख्याको ठूलो भाग ओगटेको छ। त्यो भनेको युवा वर्ग हो। र, यो वर्ग यी तीनवटै विचारधाराभित्र पर्दैन। भिटामिन 'ए' खाएर 'आइ-जेन'मा रमाएको यो वर्गको सामाजिकीकरण विगतका पुस्ताको भन्दा फरक तरिकाले भएको छ। यसलाई आजसम्म न हामीले समेटेका छौँ, न भूमिका नै दिने कोसिस भएको छ। यसलाई राज्य र बजार दुवैले विनिमयको वस्तुका रूपमा मात्र लिएका छन्।

हाम्रो समाजमा यसको सबभन्दा ठूलो असर राजनीतिक पार्टीहरूमा प्रतिविम्बित हुन्छ। विशेष गरी पार्टीहरूमा व्यक्ति व्यवस्थापनको पछाडिको मूल समस्या भनेको अन्तरपुस्तात्मक न्यायको अवधारणाको विकास नभएर हो। हाम्रो शास्त्रले चाहिँ यसको विषयमा स्पष्टसँग व्यवस्था गरेको छ। र, जीवनका विभिन्न अवस्थामा भिन्न-भिन्न भूमिका छुट्याएको छ। पश्चिमेली राष्ट्रका राजनीतिज्ञहरू यसबाट बढी निर्देशित छन्। तर, हामीकहाँ शास्त्रका वाणीहरू किताबमा मात्रै सीमित हुन पुगेका छन्। यो वर्गलाई जबसम्म राज्य र समाजको मूलधारमा ल्याउँदैनौँ, तबसम्म उसलाई न राज्यप्रति विश्वास हुनेछ, न त शासन व्यवस्थाप्रति नै।

### चेतना छ, सचेतना छैन

जुनसुकै राजनीतिक व्यवस्थाको स्थायित्वका लागि राजनीतिमा प्रत्यक्ष रूपमा लागेका व्यक्तिको मात्र होइन, यसलाई सही ठाउँमा ल्याउनका लागि चाहिने एउटा सचेत वर्ग र समाजको पनि त्यत्तिकै आवश्यकता हुन्छ। तर, हामीकहाँ त्यस्तो वर्गको निर्माण अहिलेसम्म हुन सकेको छैन। पछिल्ला दिनमा परिस्थिति झन् अप्ठ्यारो भएर गएको छ। चेतना छ तर सचेतना छैन।

अर्को समस्या भनेको 'विद्या' र 'शिक्षा'बीचको अन्तर छुट्याउन नसक्नु हो। हामीकहाँ ठूलो जमात शिक्षित छ तर विद्वत् छैन। बुद्धिजीवीहरू छन् तर बौद्धिक वर्ग छैन। बुद्धिजीवीहरूको मुख्य काम बुद्धि बेचेर जीविकोपार्जन गर्नेमा मात्र सीमित छ। यो वर्गले आफूलाई नितान्त व्यवसायीका रूपमा विकसित गरेको छ र आफूलाई जसरी फाइदा हुन्छ, त्यस्तै किसिमको विद्वताको पछि लाग्छ। अर्थात् यसले सही र गलत छुट्याउन चाहँदैन। यस्ता बुद्धिजीवीहरूले समाजलाई सही मार्गमा डोऱ्याउन सक्दैनन्।

बुद्धिजीवीहरूले समाजलाई जोड्नभन्दा तोड्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका उदाहरण प्रशस्त भेटिन्छन्। नेपालमा पनि यो समस्या गम्भीर भएर आएको छ र यसको प्रत्यक्ष असर राज्यमा पर्न गएको छ। जसले गर्दा आज आएर धेरै जसो अधिकारहरू राज्यका विरुद्ध, समाजका विरुद्ध र व्यक्ति-व्यक्तिका विरुद्धमा स्थापित हुन पुगेका छन्। यहाँसम्म कि अधिकारका विषयहरूलाई लिएर हाम्रो बाथरुम, बेडरुम र भान्छामा पनि शान्ति छैन, जसले गर्दा परिवार नै टुक्रा-टुक्रा भइरहेछन्।

नेपाली समाज संवैधानिक रूपमा जातीयताका आधारमा विभाजित छ। त्यति मात्र होइन, हाम्रो समाज भावनात्मक सम्बन्धबाट कृत्रिम सामाजिक सम्झौतामा रूपान्तरित हुँदैछ। यद्यपि, धेरैले यसलाई आधुनिकताको प्रतीकका रूपमा लिने गरेका छन् तर पश्चिमा राष्ट्रहरू यस्तो आधुनिकतालाई तिलाञ्जली दिँदैछन्। किनभने, यस्तो अवस्थामा राज्यले आफ्नो शासकीय शक्तिलाई जगेर्ना गर्न सक्दैन। र, यसको सबभन्दा ठूलो असर लोककल्याणकारी कार्यक्रमहरूमा पर्न जान्छ।

यस्तो अवस्थाबाट बाहिर निस्कनका लागि नागरिक समाजको महत्त्वपूर्ण भूमिका हुन्छ। तर, पछिल्ला वर्षमा विकसित भएको नागरिक समाजले नेपालमा सहज परिस्थितिको निर्माण गर्न सहयोग पुऱ्याउने देखिँदैन। किनभने, यो नागरिक समाज पनि सम्झौताका आधारमा निर्माण भएको हो, भावनाका आधारमा होइन। सम्बन्ध र भावनामा आधारित समाज जब नेटवर्क (जालो) र कृत्रिम सामाजिक सम्झौतामा रूपान्तरित हुन्छ, त्यो समाजमा राजनीतिक स्थायित्व र अमनचैनका लागि कानुनी शासनको सबभन्दा ठूलो भूमिका हुन्छ। त्यो कानुनले सबैको संरक्षण गर्न सक्नुपर्छ न कि अहिलेको जस्तो आफैँ धामी आफैँ झाँक्री।

सम्झौतामा आधारित राज्य व्यवस्था, त्यस अनुसार निर्माण भएका राज्य संरचना र तिनलाई चलायमान बनाउने राजनीतिक व्यक्ति र संघ-संस्थाले समाजमा खासै परिवर्तन ल्याउन सक्दैनन्। किनभने, समाजको विकासक्रमको परम्परा र हामीले अँगालेको राज्य व्यवस्थाको परम्परामा व्यापक अन्तर छ। यसलाई टिकाउने आधार भनेको अर्थतन्त्र हो, जुन कमजोर छ। ◆

आशा स्वर्णकार

सिंहबहादुर विश्वकर्मा

तस्विर : अनिश तिवारी

पार्वती विसंखे

तस्विरहरू : जनक नेपाल

# पराजित माननीय

## वडा तहको चुनावमा हारेको व्यक्ति आरक्षणको छिद्र टेकेर संघीय संसद्मा

**बाबुराम विश्वकर्मा**

सत्तारुढ नेकपा (एमाले)को २८ माघ ०७४ मा बसेको स्थायी समिति बैठकमा नवनियुक्त प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओली र प्रदेश-३ को मुख्यमन्त्रीमा पराजित पार्टी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यबीच चर्काचर्की भयो । प्रदेश-३ को संसदीय दलको नेतामा आफूलाई हराउन ओलीले भूमिका खेलेको भन्दै शाक्यले बैठकमै रोष व्यक्त गरिन् । ओलीले त्यसको कडा प्रतिवाद गर्दै शाक्यकै कमजोरीका कारण स्थानीय चुनावमा वडा सदस्यमा हारेको व्यक्ति राष्ट्रिय सभा सदस्यमा चुनिएको समेत खुलासा गरे । त्यसपछि शाक्य नाजवाफ भइन् ।

हुन पनि २४ माघ ०७४ मा भएको राष्ट्रिय सभाको चुनावमा नौ महिनाअघि गाउँपालिकाको वडा सदस्यमा हारेका सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७ का सिंहबहादुर विश्वकर्मा, ५६, राष्ट्रिय सभा सदस्य चुनिएका छन् । उनलाई शाक्यकै सिफारिसमा दलित कोटाबाट राष्ट्रिय सभामा पुऱ्याइएको हो । एमालेको प्रदेश-३ की संयोजक शाक्य र उनका पति एमाले नेता अमृतकुमार बोहराको गृह जिल्ला सिन्धुपाल्चोक हो । शाक्य दम्पतीसँगको निकटताकै कारण राजनीतिक/संगठनात्मक हैसियत नभए पनि विश्वकर्मा माथिल्लो सदनको माननीय भएका छन् । राष्ट्रिय सभाको उम्मेदवारसम्बन्धी खासै मापदण्ड नभएकाले प्रदेश संयोजकले गरेको सिफारिसका आधारमा एमाले स्थायी समितिले उनलाई राष्ट्रिय सभाको उम्मेदवार चयन गरेको हो ।

उनी ३१ वैशाखमा भएको स्थानीय चुनावमा एमालेबाटै सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७ को वडा सदस्यमा चुनाव लडेका थिए । तर, जम्मा ४ सय १६ मत मात्र पाएर पराजय भोग्नुपरेको थियो । सांसद भएपछि हर्षित मुद्रामा भेटिएका उनी भन्छन्, "सांसद हुन्छु भन्ने त सोचेकै थिइनँ, भाग्यले नै भएको हुँ । चिट्ठा नै परेजस्तो लागेको छ ।"

०६२/६३ को जनआन्दोलनको उपलब्धि मानिएको समानुपातिक/समावेशी सिद्धान्तको धज्जी उडाउँदै एमाले, कांग्रेस र माओवादीका ठूला नेताले आफ्ना श्रीमती, प्रेमिका, नातेदार र पैसावालालाई नै सांसद बनाएका छन् । समानुपातिकमा धेरै नेता-पत्नी र आफन्त पर्नु त्यसैको परिणाम हो । नेताका पत्नी र प्रेमिकाको कोटिमा नपरेको दलित समुदायका लागि विनियोजित कोटा पनि नेताकै स्वार्थको सिकार भएको छ । एमाले पोलिटब्युरो सदस्य तथा राष्ट्रिय सभाका पूर्वउपाध्यक्ष रामप्रीत पासवान भन्छन्, "कुनै हैसियत नभएका आफ्ना चाकरलाई सांसद बनाएर दलितकै बदनाम गर्ने काम भएको छ । यो प्रवृत्तिको जति निन्दा गरे पनि कम हुन्छ ।"

आरक्षण वा सकारात्मक विभेदलाई दुरुपयोग गरेर अयोग्य अनि प्रत्यक्ष चुनावमा पराजित भएकालाई टीका लगाएर सांसद बनाइनुले लोकतन्त्र र आरक्षणकै खिल्ली उडाएको छ । कमजोर समुदायको सवलीकरण गर्न लागू गरिएको संवैधानिक व्यवस्थाको समेत दुरुपयोग गरेर वडा सदस्यमा हारेका व्यक्तिलाई राष्ट्रिय सभामा लैजानु गम्भीर त्रुटि हो । तिनैमध्येका एक विश्वकर्मा पनि हुन् । उनी एमालेका सामान्य कार्यकर्ता हुन् । उनको दलित आन्दोलनमा पनि खासै

# पहिला वडा सदस्य, अब सांसद

**राजनीतिक दलको कार्यकर्ता भएपछि जोसुकै पनि जुनसुकै पदका लागि योग्य हुने रहेछ । त्यही कारण वडा सदस्य जितेको व्यक्ति सांसद भएको पाइएको छ, दैलेखमा । नारायण नगरपालिका-७ की पार्वती विसंखे यस्तै भाग्यमानी हुन् । उनले स्थानीय चुनावमा वडा-७ बाट दलित महिला सदस्यको कोटामा चुनाव जितेकी थिइन् । तर, पार्टीले उनलाई प्रतिनिधिसभाको समानुपातिकतर्फ दलित कोटामा सांसद बनाएको छ ।**

**वडा सदस्य र संघीय सांसदको योग्यता उही होइन । योग्यता प्रणाली र मापदण्ड दुवैको अभावमा वडा सदस्य जितेकै व्यक्तिलाई सांसद चयन गरिएको छ । पार्वतीचाहिँ आफूले स्थानीय चुनावमा उपमेयरको दाबी गरेको तर पार्टीले दलित महिला वडा सदस्यमा खडा गरेकाले अहिले उचित पद पाएको दाबी गर्छिन् । भन्छिन्, "म त उपमेयर हुन चाहन्थैँ, वडा सदस्य बनाइयो । अहिले सांसद बनाएर न्याय गरिएको छ ।"**

योगदान छैन । लिसंखुपाखरमा किराना पसल चलाएर जीविकोपार्जन गर्दै आएका उनी ०४२-०५८ सम्म सिन्धुपाल्चोककै एउटा कम्पनीमा मजदुर थिए । अमृत बोहरासँगको सम्बन्धले सामान्य साक्षर उनलाई एमालेले सिन्धुपाल्चोक जिल्ला सदस्य बनाएको थियो ।

०४६ यता राष्ट्रिय सभालाई अनुभवी, परिपक्व र स्थायी सभाका रूपमा सार्वजनिक क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका राष्ट्रिय अनुहारलाई प्रतिनिधित्व गराउने परिपाटी थियो । ०४८-०६२ सम्म प्रतिनिधिसभामा दलित सहभागिता शून्य भएकाले राजनीतिक दल र सामाजिक क्षेत्रमा योगदान गरी राष्ट्रिय पहिचान बनाएका दलित अगुवालाई राष्ट्रिय सभामा सदस्य बनाउने परिपाटी बसालिएको थियो । त्यही क्रममा मनबहादुर विश्वकर्मा (पर्वत), गोल्चे सार्की (काठमाडौं), रत्नबहादुर विश्वकर्मा (दैलेख), लालबहादुर विश्वकर्मा (कञ्चनपुर), ऋषिबाबु परियार (मकवानपुर), बिजुल विश्वकर्मा (दाङ) र रामपृत पासवान (सप्तरी) सांसद भएका थिए । पासवान थप्छन्, "वडामै चुनाव हारेका, कुनै हैसियत र योगदान नभएका व्यक्तिलाई नेता-विशेषले टीका लगाएर राष्ट्रिय सभामा लैजानु भनेको सकारात्मक विभेद होइन, नकारात्मक विभेद हो । यसले सामाजिक न्याय, आरक्षणको दुरुपयोग गरेको छ र समग्र दलित समुदायलाई नै अपमान गरेको छ ।"

संविधानको धारा ८६ ले ५९ सदस्यीय राष्ट्रिय सभाको व्यवस्था गरेको छ । त्यसमध्येका प्रदेश र स्थानीय तहको निर्वाचक मण्डलले चुन्ने ५६ जनामा प्रत्येक प्रदेशसभाबाट कम्तीमा तीन महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यकका लागि आरक्षित छ । यस अनुसार सात प्रदेशबाट २१ महिला, ७ दलित र ७ जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक चुनिएका छन् ।

दलितका लागि गरिएको यही व्यवस्थालाई दुरुपयोग गरेर खासै योगदान नभएका दलितलाई राष्ट्रिय सभाको माननीय बनाइएको छ । २४ माघको चुनावबाट दलितको कोटामा प्रदेश-१ बाट एमालेका खेमराज नेपाली, प्रदेश-२ बाट संघीय समाजवादी फोरमका रामपृत पासवान, प्रदेश-३ बाट एमालेका सिंहबहादुर विश्वकर्मा, प्रदेश-४ बाट नेकपा माओवादी केन्द्रका खिमबहादुर विश्वकर्मा, प्रदेश-५ बाट एमालेका रामलखन हरिजन, प्रदेश-६ बाट एमालेकै नरपति लुवार र प्रदेश-७ बाट एमालेकै चक्रप्रसाद स्नेही राष्ट्रिय सभा सदस्य बनेका छन् । यीमध्ये खेमराज नेपाली र रामलखन हरिजन चमारबाहेक कोही पनि चिनिएका वा योगदान पुऱ्याएका अनुहार होइनन् । धेरै जसो पार्टीका गाउँ तथा वडा तहका कार्यकर्ता हुन् । एमाले केन्द्रीय सदस्य तथा मुक्ति समाज नेपालका इन्चार्च बोमबहादुर विश्वकर्मा भन्छन्, "नेताका खल्तीका मान्छेलाई राष्ट्रिय सभामा लग्नुले आरक्षणको संवैधानिक व्यवस्थाको मानमर्दन त गरेकै छ, दलितलाई नै लज्जाबोध हुने स्थिति सिर्जना भएको छ ।"

राष्ट्रिय सभामा त गाउँमा पराजित चुनिए चुनिए, प्रदेशसभामा पनि नेकपा एमालेले स्थानीय तहमा पराजित दलित महिलालाई प्रदेश सांसद बनाएको रहस्य खुलेको छ । पूर्वी रुकुम-१ की आशा स्वर्णकारलाई एमालेले प्रदेश-५ मा दलित कोटाबाट समानुपातिक सांसद बनाएको छ । उनी एमालेबाट रुकुमको भूमे गाउँपालिकाको अध्यक्षमा चुनाव लडेकी थिइन् । गाउँपालिकाको अध्यक्षमा कुल ४ सय ४२ मत मात्र पाएर पराजय भोगेकी उनलाई प्रदेश सांसदको चिट्ठा परेको छ । उनी पनि रुकुममा पसल चलाएर जीवन निर्वाह गरिरहेकी समान्य दलित महिला हुन् । गाउँपालिका अध्यक्षमा हारे पनि प्रदेशको सांसद भएकामा भने उनी खुसी छन् । भन्छिन्, "पार्टीले मेरो मूल्यांकन गरेको छ ।"

लोकतन्त्रमा प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिबाट शासित हुन पाउनु नागरिकको अधिकार हो । तर, प्रत्यक्ष चुनावमा पराजितलाई फेरि टीके प्रथाबाट जनप्रतिनिधि बनाउनुचाहिँ दुरुपयोग हो । तर, स्थापित मान्यताविपरीत अयोग्य र कमजोरलाई लाभको पद दिन आरक्षणको सकारात्मक विभेदको दुरुपयोग बढेको दर्शाउँछ यो परिघटनाले । ◆

रामजी दाहाल

# समानुपातिकमा दोहोरो मापदण्ड

नेकपा एमालेले निर्वाचन आयोगमा बुझाएको समानुपातिक सांसदको सूची अन्तर्गत चौथो नम्बरमा रहेकी सुजिता शाक्य प्रदेश-५ का मुख्यमन्त्री शंकर पोखरेलकी पत्नी हुन् । शाक्यलाई एमालेले जनजाति महिला कोटाबाट सांसद बनाएको हो । त्यही सूचीको सातौं नम्बरमा एमालेकी तुलसा थापाको नाम थियो । जनजाति महिला कोटाबाट सांसद बनाइएकी थापा एमाले उपाध्यक्ष वामदेव गौतमकी श्रीमती हुन् ।

नेकपा माओवादी केन्द्रले निर्वाचन आयोगमा बुझाएको समानुपातिक सांसद-सूचीको दोस्रो नम्बरमा रहेकी शशि श्रेष्ठ पनि आदिवासी जनजाति महिला कोटाबाट सांसद भएकी छन् । उनी माओवादी नेता लीलामणि पोखरेलकी श्रीमती हुन् भने चौथो नम्बरमा रहेर सांसद भएकी यशोदा सुवेदी गुरुङ नेता देव गुरुङकी पत्नी हुन् ।

यसैगरी, नेपाली कांग्रेसको समानुपातिक सांसद सूचीको २५औं नम्बरमा रहेकी पार्वती डिसी चौधरीले थारु कोटाबाट प्रतिनिधित्व गरेकी छन् । दाङका ललितचन्द्र चौधरीसँग विवाह गरेकी पार्वतीको जन्मथर डाँगी क्षत्री हो ।

हुन पनि प्रमुख राजनीतिक दलहरूले निर्वाचन आयोगमा बुझाएको समानुपातिक सांसदको सूची पूर्णतः समावेशी नभएको पुष्टि गर्न यिनै उदाहरण काफी छन् । जनजाति महिला कोटाबाट सांसद बनाइएको सूचीबाटै समावेशी समानुपातिक सिद्धान्तको मर्म र भावनामाथि नेतृत्वले कसरी कुठाराघात गरेको छ भन्ने बुझ्न सकिन्छ ।

आफूले भने/गरेपछि जे पनि हुन्छ भन्ने सामन्ती सोच भएको शीर्ष नेतृत्व राज्यले अंगीकार गरेको समानुपातिक, समावेशी सिद्धान्तको मर्म र भावनामाथि यसरी प्रहार गर्न उद्यत छ । अर्कातिर, निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तहरू दलको शीर्ष नेतृत्वले समावेशी सिद्धान्तको मर्ममाथि नै प्रहार गर्दा समेत कुनै प्रतिक्रिया दिन सकेका छैनन्, मौन छन् । तिनै दलको झन्डा बोकेर संवैधानिक निकायमा नियुक्ति लिएका कारण आयोगका पदाधिकारीहरू नेतृत्वलाई अप्ठ्यारो पर्छ कि भनेर मौन बसेका हुन् । यसबाट प्रस्ट हुन्छ, दलीय प्रभाव र ज्यादा भक्तिभावले गर्दा उनीहरू संवैधानिक दायित्व पूरा गर्नबाट चुकेका छन् ।

अब प्रश्न उठ्छ, जनजाति कोटाबाट सांसद बनेकी एमालेकी शाक्य र थापा अनि माओवादी केन्द्रकी श्रेष्ठ जनजाति हुन् कि ब्राह्मण ? यसमा एउटा तर्क गर्न सकिएला, ब्राह्मणसँग विवाह गरे पनि एमालेकी शाक्य र थापा अनि माओवादीकी श्रेष्ठ तीनै जना जन्मथर अनुसार जनजाति नै हुन् । मानौं कि यो तर्क आफ्नो ठाउँमा सही पनि होला । तर, यो तर्कमा सहमति जनाउने हो भने माओवादी नेता देव गुरुङकी पत्नी यशोदाको जन्मथर सुवेदी हो । अनि, उनलाई माओवादीले के आधारमा जनजाति कोटाबाट सांसद बनायो त ? तर्क हुन सक्छ, जन्मथर सुवेदी भए पनि गुरुङसँग विवाह भएपछि उनी स्वतः जनजाति भइहाल्छिन् । जन्मथरलाई आधिकारिक मान्ने कि विवाहपछिको थरलाई ? जन्मथरलाई आधार मान्ने हो भने शशि श्रेष्ठ, सुजिता शाक्य र तुलसा थापा मात्र जनजाति कोटाबाट सांसद बन्न योग्य हुन् । विवाहपछिको थरलाई आधार मान्ने हो भने माओवादीकी यशोदा गुरुङ जनजाति र कांग्रेसकी पार्वती डीसी चौधरी मात्र थारु महिला कोटाबाट सांसद बन्न योग्य हुन् । त्यसकारण कुनै पनि दलले समावेशीका नाममा सांसद बनाउँदा दोहोरो मापदण्ड अपनाउनु हुँदैन, जुन अहिले देखिएको छ ।

आयोगले पनि यो मुद्दालाई टुंगो लगाउनु पर्छ । होइन भने, आफूलाई अनुकूल हुँदा जन्मथर आधिकारिक मान्ने र प्रतिकूल हुँदा विवाहपछिको थर आधिकारिक मान्ने दोहोरो चरित्र भोलिका दिनमा फेरि पनि राजनीतिक नेतृत्वले देखाउने छ ।

राज्यका हरेक निकायमा सबै वर्ग, समुदाय र लिंगको प्रतिनिधित्व गराउने भन्दा पनि दलका नेताहरूले आफूभित्रको गुट व्यवस्थापन गर्ने नाममा फेरि पनि घुमाइफिराइ निश्चित व्यक्ति र समूहका निकटस्थहरूको नाम समानुपातिक सूचीमा घुसाएका छन् । कांग्रेसकी चौधरीबाहेक एमाले, माओवादीका उपल्लो तहका नेताका पत्नी भएकै कारण जनजाति महिला कोटाबाट सांसद बनाइएका हुन् ।

'यसपटकलाई भै गयो' भनेर वास्तविक जनजाति महिलाहरू चुप लागेर बस्ने हो भने भोलिका दिनमा यसले नजिर स्थापित गर्न सक्छ । जसको परिणाम, फेरि पनि राज्यका नीति-निर्माण तहमा निश्चित वर्ग र समुदायकै हालीमुहाली हुने पक्का छ । त्यसकारण महिलाको विवाहअघिको थरले मान्यता पाउने हो कि विवाहपछिको भन्ने विषयको तत्कालै टुंगो लगाउनुपर्छ । ◆

IN PARTNER WITH: CITY HOTEL AND SUITES, Dal Bhat NEPALI KITCHEN
CO-SPONSOR: RedBull
OFFICIAL MEDIA PARTNER: कान्तिपुर, KANTIPUR, Radio Kantipur
LOGISTIC PARTNER: NTB
HELI PARTNER: HELI EVEREST

HOSPITALITY PARTNER: SOALTEE CROWNE PLAZA KATHMANDU
BANKING PARTNER: Global IME Bank
RECREATION PARTNER: CHANDRAGIRI HILLS
INSURANCE PARTNER: IME LIFE
TICKETING PARTNER: IME, IME pay
INTERNATIONAL ONLINE PARTNER: RESPECT & RISE
CREATIVE PARTNER: hueshine

EVENT MANAGED, SCRIPTED AND DIRECTED BY SOHAIL KHAN ENTERTAINMENT & JA EVENTS LLP

FOR ONLINE BOOKING:
**www.meroshows.com**

FOR MORE INFO:
**9801216002, 9801216003, 9801216005**
**www.odcentertainment.com**

## GET YOUR TICKET AT

• **Dal Bhat Nepali Kitchen** Lazimpat 4410077 • **Bhat-Bhateni Supermarket & Departmental Store** (Naxal/Chakrapath/Bauddha/Pulchowk/Anamnagar/Kalanki/Koteshore/Bhaktapur) • **Adidas** Durbar Marg 4241802/Kumaripati 5524971 • **Trisara** Lazimpat 4410200 • **Vibe Lounge** Lazimpat 4428444 • **GG Machaan Restaurant** Jhamsikhel 5554291 • **BG Mall** Gongabu • **IME Centers KATHMANDU** • **Bagbazar** Public Sub Remit 9851089019 • **Baneshwor** ABI International Money Transfer 9851075708 • **Baneshwor** Abroad Money Transfer 9841978498 • **Bijulibazar** All Over Remit Express 9851075708 • **Chabahil** ABI Money Express 9802032428 • **Gongabu** Kathmandu Sub Money Transfer 9841804314 • **Gaushala** Himalayan Money Transfer 9851034357/98t41538054 • **Greenland** Mangal Arati Investment 9851019511 • **Ichangu** Swoyambhu Sub Money Transfer 9851021903 • **Kalanki** People Money Transfer 9851128288 • **Koteshwor** Simple Sub Money Transfer 4601450 • **Maharajgunj** Galaxy Money Transfer 9851101912 • **Mid Baneshwor** Simple Sub Money Transfer 9841153054 • **Thapathali** All Over Remit Express 9841730649 • **Jorpati** Bajra Sub Remit 9851051455 • **Kirtipur** Uma Maheshwor Enterprises 9841517067 • **Kuleshwor** Bipin Enterprises 9851052927 • **Kuleshwor** Sajha Dot Com 9861241490 • **Maitidevi** Dip Sub Money Transfer 9851063847 • **Nagarjun Buspark** New World Link Money Transfer 9841578692 • **Sinamangal** Om Shanti Money Transfer 9841528946 • **Sundhara** Dharahara Money Transfer 9851045879 • **Tilganga** S.N.S Money Transfer 9818650810 **BHAKTAPUR** • **Gathaghar** Easy Group 9851051952 • **Sallaghari** East Link Sub Money Transfer 9851051952 • **Suryabinayak** East Link Sub Money Transfer 9851051952 **DHADING** • **Bich Building** Kala International 9851130467/9851108953 **LALITPUR** • **Talchhikhel** Anugraha Enterprises 9843220732 • **Jawalakhel** Hello Hi Connection 9851029305 **NUWAKOT** • **Battar** Bhairabi Money Transfer 9849853873/9813081414 **KAVREPALANCHOK** • **Banepa** Debo Sub Remit 9851066378/9841334782

**DOWNLOAD RESPECT & RISE APP FROM GOOGLE PLAY STORE AND GET UP TO 15% DISCOUNT.**

# दुर्घटनाको डि



# लमा अर्थतन्त्र



अनुशासनहीन सार्वजनिक खर्च, अनुत्तरदायी प्रशासनतन्त्र र प्रदूषित वित्तीय क्षेत्रका कारण अर्थ व्यवस्था नै जोखिममा

**रामबहादुर रावल**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दोस्रोपटक प्रधानमन्त्रीका रूपमा पदभार ग्रहण गरेलगत्तै तीन सदस्यीय मन्त्रिपरिषद् बैठक ३ फागुनमा बस्यो । बैठकले प्रत्येक स्थानीय तहमा न्यूनतम एक उद्योगग्राम स्थापना गर्ने, प्रत्येक प्रदेश मुकाममा आधुनिक र सुविधासम्पन्न खेलग्रामसहितको रंगशाला निर्माण गर्ने र प्रत्येक प्रदेशमा प्राविधिक तथा व्यावसायिक महाविद्यालय स्थापना गर्ने निर्णय गर्‍यो ।

मन्त्रिपरिषद्का यी निर्णय कार्यान्वयन गर्दा लागत कति पर्छ, स्रोत कहाँबाट जुटाइन्छ र कहिलेसम्ममा ती आयोजना पूरा हुन्छन् भन्नेचाहिँ सार्वजनिक छैन, न त यस्तो घोषणा गर्नेहरूलाई नै थाहा छ । नयाँ जनमतप्राप्त सरकारले केही नयाँ कार्यक्रम लागू गर्न खोज्नु अनौठो नभए पनि ओलीका यी मनोगत योजनाहरू तत्काल कार्यान्वयन गर्न सक्ने सुविधाजनक अवस्था भने छैन । उस्तै परे सरकारी खर्च र समग्र अर्थतन्त्रमा देखिएका जोखिमहरूको व्यवस्थापन गर्न नसकेर मुलुकै टाट पल्टिन सक्नेछ । त्यसतर्फका गम्भीर संकेतहरू अर्थतन्त्रमा देखिन थालेका छन् । पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, “संकट आउनुअघिका प्रारम्भिक संकेत देखिइसकेका छन् । यो जोखिमको अवमूल्यन




## संघीय तहले दिने अनुदान

चार प्रकारका अनुदानको व्यवस्थापन गरिएको छ । वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान ।



वा बेवास्ता गरियो, यस्तै जोखिम बढाउने थप नीति ल्याइयो भने स्थिति थप गम्भीर बन्दै जान्छ । एक वा दुई वर्षमा गम्भीर संकट निम्तिन सक्छ ।"

### खर्च धान्नै गाह्रो

महालेखा नियन्त्रकको कार्यालयको २ फागुनसम्मको तथ्यांक अनुसार सरकारले गत साउनयता ३ खर्ब ८६ अर्ब रुपियाँ राजस्व उठाउन सकेको छ । तर, यो सात महिनामा खर्च भने ४ खर्ब ५७ अर्ब गरिसकेको छ । कुल बजेटमा ७१ अर्ब १७ करोड रुपियाँ घाटा सरकारको थाप्लोमा जम्मा भइसकेको छ ।

सरकारले दैनिक प्रशासनिक खर्च धान्नकै लागि १ खर्ब १४ अर्ब रुपियाँ ऋण उठाएर खर्च गरिसकेको छ । यो चालू आर्थिक वर्षको बजेटद्वारा निर्धारित सीमाको ८० प्रतिशत हो । संसद्बाट स्वीकृत बजेटले १ खर्ब ४५ अर्ब रुपियाँ मात्र ऋण उठाउने अनुमति दिन्छ । तसर्थ, अब थप ऋण उठाउन पनि सरकारसँग पर्याप्त सुविधा छैन । किनभने, संसद्को अनुमतिबेगर ऋण काढेर प्रशासन चलाउने अधिकार सरकारसँग पनि हुँदैन ।

संघीयता कार्यान्वयनसँगै प्रशासनिक र राजनीतिक संरचना तीन तहमा बाँडिएका छन् । केन्द्र र स्थानीय तह पहिलादेखि नै अस्तित्वमा रहे पनि प्रदेश तह पूर्णतः नयाँ थपिएको छ । नयाँ संविधानले प्रदेश र स्थानीय तहलाई धेरै अधिकार दिएका कारण स्वाभाविकैले तल्ला तहमा कर्मचारी तथा भौतिक संरचना थप्नुपर्नेछ । तर, संघीय तहको प्रशासन यसका निम्ति सहयोगी भूमिकामा नदेखिँदा राज्यकोषमा अनपेक्षित भार थपिन पुगेको छ ।

सरकारकै अनुमान अनुसार स्थानीय तहलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने हो भने ४० हजार कर्मचारी तत्काल आवश्यक छन् । तिनको तलबमा मात्र वार्षिक १२ अर्ब रुपियाँ खर्च हुन्छ । त्यसैगरी १ हजार ५ सय कर्मचारी प्रदेश तहमा आवश्यक पर्ने प्रारम्भिक अनुमान छ । करिब ५० करोड रुपियाँबराबरको दायित्व यिनैको तलबभत्ताका कारण सिर्जना हुन्छ । स्थानीय र प्रदेश तह सञ्चालन एवं व्यवस्थापनका निम्ति साढे तीन खर्ब रुपियाँको दायित्व थपिएको सार्वजनिक वित्त मामिलाका जानकारहरू बताउँछन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कायममुकायम सचिव वैकुण्ठ अर्याल भन्छन्, "संविधान र कानुनले निर्दिष्ट गरिसकेपछि संघीयता मुलुकले धान्दैन भन्नु अनुचित हुन्छ। संघीयताबाट पछाडि फर्कने कुरा पनि हुँदैन । बरू स्रोतको व्यवस्थापन गर्नु आवश्यक छ ।"

पुरानो कर्मचारीतन्त्रले नयाँ राजनीतिक व्यवस्थाप्रति सहयोगी भूमिका नदेखाउँदा सरकारलाई वित्तीय व्यवस्थापन गर्न अर्को जटिलता थपेको छ । सरकारले खटाएको निकायमा नजाने कर्मचारीलाई उल्टै सात वर्षसम्मको एकमुष्ट तलब तथा पेन्सनसहित बिदाइ गर्न खोज्दा ६६ अर्ब रुपियाँसम्मको व्ययभार राज्यकोषमाथि पर्दैछ । जबकि, राजनीतिक परिवर्तनका बेला र मुलुक संकटमा हुँदा राष्ट्रसेवकबाट विशेष योगदानको अपेक्षा गरिन्छ । तर, नेपालको प्रशासनतन्त्रले उल्टै असहयोग गर्ने र अठ्यारोमा पारेर राज्यसँग मोलमोलाइ गर्ने चरित्र प्रदर्शन गर्‍यो ।

निवृत्तिभरण (पेन्सन) र सामाजिक सुरक्षाको बढ्दो प्रवृत्ति राष्ट्रिय ढुकुटीले धान्नै नसक्ने अवस्था बनेको छ । यसको विकल्पमा बिमा र योगदानमा आधारित पेन्सन प्रणाली कार्यान्वयनमा ढिलाइ गरिएको छ । यो वर्ष मात्र निजामती, शिक्षक, जंगी तथा प्रहरी सेवाका अवकाशप्राप्त कर्मचारीका निम्ति कम्तीमा ९३ अर्ब रुपियाँ बराबरको बजेट निवृत्तिभरणमा खर्च हुनेछ । यसमध्ये ७३ अर्ब रुपियाँ नियमित रूपमा खर्च हुँदै आएको अंश हो । नयाँ स्वैच्छिक अवकाश लिने कर्मचारीका नाममा न्यूनतम २० अर्ब खर्च हुने

# संघीयतामा वित्तीय व्यवस्थापन




## संघीय सरकारको अनुमानित खर्च

| चालू खर्चको विवरण | न्यूनतम प्रक्षेपण (रू. अर्बमा) |
|---|---|
| निवृत्तिभरण (निजामती, प्रहरी, जंगी, शिक्षक) | ९३ (नियमित : ७३, स्वैच्छिक : २०) |
| ऋणको साँवा-ब्याज भुक्तानी | १०५ |
| ऋण र सेयर लगानी | ४० |
| सामाजिक सुरक्षा | ४५ |
| संवैधानिक अंगहरू | १५ |
| केन्द्रीय मन्त्रालय र विभागहरूको प्रशासनिक खर्च | ९१ |
| केन्द्रीय मन्त्रालय र विभागहरूका कार्यक्रमहरू | ४० |
| राष्ट्रिय पुनःनिर्माण कोष | १०० |
| अन्य केन्द्रीय बजेट (साधारण प्रशासन सञ्चालन) सञ्चित बिदा, औषधि उपचार, प्रमण्डल, आर्थिक सहायता, भन्सार, कर फिर्ता, भौतिक सुविधा, भैपरी | २५ |
| समपूरक कोष | ५० |
| केन्द्रका जिल्लास्थित कार्यालयहरू (कोलेनिका, जिल्ला प्रशासन, प्रहरी, सरकारी वकिल, अदालत, भन्सार, कर, युवा स्वरोजगार, कारागार, अध्यागमन कार्यालयहरू) | २५ |
| राष्ट्रिय गौरवका आयोजनाहरू | १०० |
| स्रोत सुनिश्चितता, ठेक्का र भुक्तानी दिन बाँकी | १०० |
| प्रदेश तह चार प्रकारको अनुदान | ३१९ |
| स्थानीय तह चार प्रकारका अनुदान | ३५० |
| जम्मा | १,४९८ |
| बजेटको स्रोत सम्भावित अनुमानित | १,२१८ |
| घाटा प्रारम्भिक अनुमान | २८० |

स्रोत : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

आकलन छ। बढीमा ६६ अर्बसम्मको दायित्व राज्यकोषमाथि थपिन सक्ने अनुमान सरकारी अधिकारीहरूले गरेका छन्।

कामु सचिव अर्यालका भनाइमा राजस्वको वार्षिक वृद्धिदर २० प्रतिशतको हाराहारी रहे पनि यसले ठूलै धक्का दिन सहयोग गर्दैन। मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र प्राकृतिक स्रोतको बाँडफाँट हुने भएपछि संघीय सरकारको राजस्वको स्रोत यसै पनि कम हुनेछ। काठमाडौं-तराई द्रूतमार्ग, बूढीगण्डकी जलाशययुक्त विद्युत् आयोजनालगायत केही ठूला आयोजनाहरू स्वदेशी स्रोतमै निर्माण गर्ने गफ दिइएको छ तर राजस्वको कति हिस्सा त्यसनिम्ति छुट्याउन सक्छौं भन्नेतर्फ विचार पुऱ्याइएको छैन।

नेपालजस्ता मुलुकका निम्ति सहुलितपूर्ण ऋण एउटा उचित विकल्प मानिन्छ। तर, यो औजार नेपालले अहिलेसम्म प्रयोग गर्न सकेको छैन। प्रदेश र स्थानीय तहको राजस्वको आधार र क्षमता सबल नभइसकेकाले केन्द्रीय स्रोतमा ठूलो चाप पर्ने अर्को समस्या छ।

वैदेशिक सहयातामा पनि क्रमशः कमी आउन थालेको छ। बहुपक्षीय विकास साझेदारहरूले उपलब्ध गराउने विदेशी सहायता ऋणको रूपमा आउँछ तर त्यो पनि नेपालले आफ्नै खर्चमा कुनै आयोजना सम्पन्न

गरिसकेपछि मात्र शोधभर्ना दिन्छन्। घुमिफिरी आन्तरिक ऋणकै विकल्पमा आइपुगिन्छ। कामु सचिव अर्याल भन्छन्, "वित्तीय स्थायित्व खल्बलिन नदिन आन्तरिक ऋणलाई निश्चित सीमाभित्र राख्नुपर्ने हुन्छ। सरकारले ठूलो मात्रामा आन्तरिक ऋण उठाएमा निजी लगानी संकुचित हुन्छ। आन्तरिक ऋणका लागि मुद्रा बजार पनि सबल हुनुपर्छ। यो सहुलियत हामीलाई छैन।"

### अनुशासनहीन खर्च

हरेक नयाँ सरकारले सस्तो लोकप्रियताका निम्ति वितरणमुखी बजेट र कार्यक्रम ल्याउनु रोग नै बनेको छ। हुँदाहुँदा पछिल्लोपल्ट शेरबहादुर देउवा नेतृत्वको सरकारले आमचुनावको नतिजा आइसकेको र आफूले जनमत गुमाइसकेको अवस्थामा समेत मासिक पाँच हजारका दरले निर्वाह भत्ता दिने, ६५ वर्षको उमेरबाटै ज्येष्ठ नागरिक भत्ता उपलब्ध गराउने, खेलाडीहरूलाई मासिक भत्ता दिनेलगायत सञ्चित कोषमाथि दीर्घकालीन रूपमा भार पार्ने प्रकृतिका नीतिगत निर्णय गऱ्यो।

यसले सामाजिक सुरक्षाका नाममा ४५ अर्ब रुपियाँ राष्ट्रिय ढुकुटीबाट खर्च हुने अवस्था सिर्जना भएको छ। यो खर्चले न राष्ट्रिय उत्पादन बढाउन मद्दत गर्छ, न त रोजगारीको सिर्जना नै। केवल राज्यमाथि दायित्व मात्रै सिर्जना गर्ने क्षेत्रमा खर्च गर्ने प्रतिस्पर्धाले सरकारी वित्त व्यवस्थापनलाई असहज बनाउनेबाहेक अर्को योगदान गरेको छैन।

त्यसैगरी आर्थिक सहायता वितरण अचाक्ली रूपमा गरिएको छ। अनावश्यक दरबन्दी सिर्जना गरी भोलिको सरकार र राज्य संरचनाकै निम्ति भार बढाउने काम विगतका सरकारहरूले गरेका छन्। राज्यका हरेक निकायमा करारका कर्मचारी असीमित रूपमा भर्ना गरिएका छन्। व्यक्तिबाट प्राप्त हुन सक्ने सेवा हेरेर करार गर्ने होइन, व्यक्तिलाई जागिर दिने सोचबाट गरिएका करार नियुक्तिले सरकारको कार्य सम्पादनमा खासै योगदान हुन सकेको छैन। कार्य सम्पादनमा आधारित भनेर कर्मचारीलाई आफ्नो नियमित कर्तव्य निर्वाह गरेबापत दुई सय प्रतिशतसम्म प्रोत्साहन भत्ता दिने गरिएको छ। यो गलत अभ्यासले राज्यकोषमाथि अनावश्यक भार थोपरिएको मात्रै छैन, उक्त भत्ता प्रोत्साहन होइन कर्मचारीको अधिकारसरह स्थापित भएको छ। अझ राजनीतिक नेतादेखि कर्मचारीका हरेक तहसम्ममा असीमित

## कालो सूचीको खतरा

**वित्तीय** नियमनबारे जानकार स्रोतका अनुसार नेपाल कालो धनलाई सेतो बनाउने, अन्तर्राष्ट्रिय अवैध कारोबारलाई प्रश्रय दिने र कतिपय अवस्थामा कालो कारोबारकै हबका रूपमा स्थापित हुने खतराप्रति अन्तर्राष्ट्रिय समुदायले गम्भीरतापूर्वक चासो प्रकट गरेको छ। विवादित व्यापारी अजेयराज सुमार्गीको स्रोत नखुलेको सम्पत्ति फुकुवा गर्न सर्वोच्च अदालतको आदेश आउनु, अफ्रिकादेखि चिम्पाञ्जी तस्करी भएर आइपुग्नु र नेपाल राष्ट्र बैंकले शंकास्पद बैंकिङ कारोबारमाथि कारबाहीका निम्ति कुनै कदम नचाल्नुलगायतका घटनाक्रमका कारण अवैध कारोबारको स्वर्गका रूपमा नेपाललाई अर्थ्याउन थालिएको छ।

शंकास्पद कारोबारहरूमाथि छानबिन नहुने हो र स्रोत नखुलेको सम्पत्ति राज्यले जफत नगर्ने हो भने इन्टरनेसनल फाइनान्सियल टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई कालो सूचीमा समेत राख्न सक्नेछ। त्यसो भएमा बाहिरी विश्वसँग नेपालले कुनै कारोबार गर्न सक्ने छैन। नेपालको बैंकिङ प्रणालीको विश्वसनीयता र स्वीकार्यता समाप्त हुनेछ। स्रोतको भनाइ छ, "अहिले आँधी आउनुअघिको सन्नाटाजस्तो देखिएको छ। जुनसुकै बेला अप्रिय समाचार आउन सक्छ।" प्रधानमन्त्री बन्नुअघि कालो धनलाई सतहमा आउन दिनुपर्ने र एकपटकलाई वैधानिकता प्रदान गर्न सकिने अभिव्यक्ति दिएका ओलीले प्रधानमन्त्रीको पदभार ग्रहण गरेलगत्तै कालो धनलाई प्रोत्साहन दिन नहुने अभिव्यक्ति दिएका छन्। उनको यो भूलसुधारपूर्ण अभिव्यक्ति पनि अन्तर्राष्ट्रिय समुदायकै दबाबको परिणति मान्न सकिन्छ।

वैदेशिक भ्रमणप्रति अनियन्त्रित लगावले सरकारी खर्चमा अनावश्यक दबाब पर्ने गरेको छ।

राज्य नयाँ संरचनामा प्रवेश गरेको भनिए पनि अनावश्यक रूपमा खडा गरिएका मन्त्रालय, विभाग, निर्देशनालय, बोर्ड, विकास समिति, आयोग आदि कुनै पनि केन्द्रीय संरचना विघटन गरिएका छैनन्। प्रदेश तथा स्थानीय तहको नयाँ संरचनाले चालू खर्चमा जति दायित्व थपेको छ, पुराना संरचनाको विद्यमानताले शक्ति र स्रोतमा अनावश्यक केन्द्रीकरण र द्वन्द्वसमेत सिर्जना गरिरहेका छन्। यसले राज्य पुनःसंरचना र अधिकारको सूची अनुसार योजना तथा कार्यक्रम लागू गर्न पनि अवरोधकको काम गरेका छन्।

गाउँ, नगर र प्रदेश तहमा सरकार थपिएका छन्। ती हरेक सरकारका हरेक नवनिर्वाचित पदाधिकारीले सुलभ सेवा र विकासका पूर्वाधार निर्माणको प्रतिबद्धता व्यक्त गरेका छन्। तीन तहको सरकारका निम्ति कर्मचारी, भवन, गाडी आदि संरचनामा लाग्ने खर्च बेहोर्न नै हम्मे परिरहेका बेला विकास पूर्वाधारका सपना पूरा गर्न खर्चको जोहो कसरी गरिन्छ भन्ने यकिन छैन। अहिले नै पनि सरकारकै विभिन्न निकायहरूको गैरबजेटरी रकमको माग चार खर्ब रुपियाँभन्दा बढी छ। यो उत्तरोत्तर बढ्दै जाने निश्चित छ।

संघीय सरकारले सरकारी खातामा बाँकी रहेको बजेट पनि मन फुकाएर खर्च गर्न सक्ने अवस्था छैन। स्थानीय तहमा बजेट गए पनि खर्च गर्ने प्रणाली र क्षमताको अभावमा ठूलो अंश मौज्दात बसेको छ। त्यो बजेट बजारमा नपठाउँदा एकातिर आर्थिक गतिविधि सञ्चालनमा असर परेको छ, अर्कोतिर बैंक तथा वित्तीय संस्थाले समेत तरलता अभाव झेल्नुपरेको छ। यसको चक्रीय

संकट आउनुअघिका प्रारम्भिक संकेत देखिइसकेका छन्। यो जोखिमको अवमूल्यन वा बेवास्ता गरियो, यस्तै जोखिम बढाउने थप नीति ल्याइयो भने स्थिति थप गम्भीर बन्दै जान्छ।

– **रामेश्वर खनाल**
पूर्वअर्थसचिव

व्यापार घाटा नै हाम्रो अर्थतन्त्रको सबैभन्दा ठूलो जोखिम हो। यसलाई व्यवस्थापन नगरेसम्म दुर्घटनाको सम्भावना रहिरहन्छ।

– **प्रा रामप्रसाद ज्ञवाली**
प्रमुख
अर्थशास्त्र केन्द्रीय विभाग, त्रिवि

## वित्तीय क्षेत्रमा असन्तुलन

**बैंक** तथा वित्तीय संस्था एकापसमा गाभ्ने नीति लागू भएपछि यी संस्थाहरूको पुँजी एकत्रित भई क्रमशः सबल बन्दै गएको आँकडा हेरेर सरकार दंग पर्ने स्थिति छैन । निक्षेप र कर्जा प्रवाहमा सुधार हुँदै गएको तथ्यांकले पनि खासै उत्साह दिने देखिँदैन । केन्द्रीय बैंकलगायत नियमनकारी निकायहरूको उदार नीति र कमजोर नियमनको प्रभाव वित्तीय क्षेत्रमा बिस्तारै देखिन थालेको छ । चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा हायर पर्चेज कर्जा ४.७, रियल स्टेट ५.१ र ओभरड्राफ्ट कर्जा ४.३ प्रतिशतले बढेको छ । केन्द्रीय बैंकले कडाइ नगरेमा अनुत्पादक क्षेत्रतर्फको लगानी बढ्दै जाने निश्चित छ । उत्पादनमूलक क्षेत्रमा बैंकहरूको लगानी बढ्न सकेको छैन । "यसले वित्तीय क्षेत्रको असन्तुलन गम्भीर अवस्थामा पुर्‍याएको छ," पूर्वअर्थ सचिव रामेश्वर खनाल भन्छन् ।

१२ साउन ०७३ मा उच्चतम विन्दु (१८८१.४५) मा पुगेको नेप्से त्यसयता कहिल्यै उत्साहपूर्ण विन्दुमा पुग्न सकेन । नेप्से, जुन पुँजीबजारको ब्यारोमिटर मानिन्छ, ३ फागुनमा १४०० विन्दु पार गर्दा लगानीकर्तामा केही आत्मविश्वास पलाए पनि ढुक्क बनाउन सकेको छैन । यो निराशाले पुँजीबजार जोखिमयुक्त नै रहेको र समग्र अर्थतन्त्रकै भविष्यमाथि प्रश्नचिह्न लगाइरहेको दर्शाउँछ ।

प्रभाव अन्ततः सरकारको कार्य सम्पादन र जनविश्वासमै पर्नेछ ।

सरकारले स्रोत सुनिश्चित गरिदिने भन्दै ठेक्का लागेका पुलगायतका पूर्वाधारको १ खर्ब ७ अर्ब रुपियाँबराबर भुक्तानी दिन सकेको

सरकारले ठूलो मात्रामा आन्तरिक ऋण उठाएमा निजी लगानी संकुचित हुन्छ । आन्तरिक ऋणका लागि मुद्रा बजार पनि सबल हुनुपर्छ । यो सहुलियत हामीलाई छैन ।

**– वैकुण्ठ अर्याल**
कामु सचिव
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

छैन । निर्माण व्यवसायीहरूले आफूले उक्त रकम नपाए विकास निर्माणका कामै ठप्प पार्ने चुनौती दिइरहेका छन् । सार्वजनिक खर्च प्रणालीको कुनै क्षेत्रमा पनि अनुशासन पालना नभएको अर्को दृष्टान्त हो यो ।

उता संसद्द्वारा स्वीकृत सीमा र शीर्षकलाई समेत फेरबदल गरी आफूखुसी शीर्षकका योजना र कार्यक्रममा बजेट रकमान्तर गर्ने प्रवृत्ति पछिल्लो १० वर्षमा ह्वात्तै बढेको छ । पछिल्लोपल्ट देउवा सरकारले निर्वाचनको अवधि, कामचलाउ हैसियत आदि समेत ख्याल नगरी औसत मासिक पाँच अर्ब रुपियाँभन्दा बढी बजेट रकमान्तर गरी तजबिजी खर्च गरेको छ ।

### कमजोर निर्यात, भयावह आयात

गत आर्थिक वर्षमा नेपालको व्यापार घाटा ९ खर्ब १७ अर्ब ६ करोड रुपियाँ रह्यो । चालू आर्थिक वर्षको पहिलो पाँच महिनामै ३ खर्ब ९७ अर्ब ७९ करोड पुगिसकेको छ । व्यापार घाटा निरन्तर वृद्धि हुने क्रमले नेपालको विदेशी मुद्रा सञ्चिति र शोधनान्तर स्थितिमा गम्भीर धक्का पुर्‍याइरहेको छ । विगत १० वर्षको औसत हिसाबमा व्यापार घाटा वार्षिक २१.९ प्रतिशतले बढ्दो क्रममा छ । यो दशकमा निर्यात-आयात अनुपात औसतमा १५.३ प्रतिशत छ । अर्थात्, एक सय रुपियाँ बराबरको आयात गर्दा जम्माजम्मी १५ रुपियाँको निर्यात हुन्छ ।

आर्थिक वर्ष ०६३/६४ मा निर्यात-आयात अनुपात ३०.५ प्रतिशत रहेकामा गत आवमा ७.४ प्रतिशतमा सीमित भयो । चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा केही सुधार आई ७.८ प्रतिशत कायम भए पनि यो उत्साहजनक रूपमा सुधार हुने कुनै आधार छैन ।

आजसम्मका कुनै पनि सरकारले व्यापार घाटा कम गर्ने उपाय लागू गर्न सकेका छैनन् । नेपालको सबैभन्दा ठूलो व्यापार घाटा भारतसँग छ र त्यसपछि चीनसँग । यी दुवै मुलुकसँग नेपालले आर्थिक अनुदानको खोजीको कोणबाट मात्रै सम्बन्ध बढाउँदै आएको छ, व्यापार असन्तुलन कम गर्ने विषय प्राथमिकतामा परेको छैन ।

जबकि, गत नोभेम्बरमा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले एसियाका केही देशहरूको भ्रमणको सिलसिलामा सन् २०१६ मा अमेरिकाको जापानसँगको व्यापार घाटा ६९ अर्ब अमेरिकी डलर बराबर भएकाले सो घाटापूर्तिका लागि सैनिक उपकरण खरिद गर्न लगाएका थिए । त्यसैगरी चीनसँग औद्योगिक वस्तु तथा सेवाको क्षेत्रमा भएको ३०९.६ अर्ब

## विकास खर्च गर्नै नसक्ने

**एकातिर** स्रोतको अभाव छ भने अर्कोतिर भएको स्रोत पनि खर्च गर्न नसक्ने पंगु हालतमा सरकारी संयन्त्र छ । चालू खर्चको आकार अनपेक्षित रूपमा बढे पनि पुँजीगत खर्च निराशाजनक छ । आर्थिक वर्षको सात महिना बितिसक्दा पनि २ फागुनसम्म ३५.७७ प्रतिशत मात्र बजेट खर्च भएको छ । यसमा पनि चालू खर्चको अंश मात्रै धेरै छ । चालू बजेटमध्ये ४५.५१ प्रतिशत खर्च भएको छ भने विकास बजेटको २० प्रतिशत पनि खर्च भएको छैन । अर्थात्, कर्मचारी तथा राज्यका प्रमुख ओहोदाधारीको तलबभत्ता, भ्रमण र सुविधामै राज्यकोषको ठूलो अंश खर्च भइरहेको छ । विकास निर्माण र पुँजीगत क्षेत्रमा खर्च गर्ने सामर्थ्य भने सरकारले एकपछि अर्को गरी गुमाउँदै गएको छ । राज्ययन्त्रको ध्यान केवल पहुँचवालको सेवा-सुविधामा मात्रै छ, जनतालाई सेवा दिने र मुलुकको आर्थिक विकासलाई गति दिनेतर्फ छैन भन्ने प्रमाण पनि हो यो ।

पुँजीगत खर्चको गुणात्मकता हेर्ने हो भने अर्को कहालीलाग्दो अवस्था छ । अनावश्यक आकार र संख्याका भवन, प्रवेशद्वार, अलाइनमेन्ट फेरिरहने बाटा, पिचमाथि पिच थप्ने, पुलमाथि पुल हाल्ने प्रवृत्ति नियन्त्रणहीन छ । फर्निचर, गाडी, सफ्टवेयर खरिदमा अचाक्ली विकृति मौलाएको छ । पुराना गाडी हुँदाहुँदै नयाँ किन्ने, पुराना गाडीको नाममा समेत इन्धन र चालक कायमै राखी नयाँ गाडीका नाममा इन्धन, चालक आदि खर्च गर्ने प्रवृत्ति छ । मुआब्जाको माग र वितरण थेग्नै नसकिने गरी अकासिएको छ । ठेकापट्टाको प्रतिस्पर्धा नाम मात्रको गर्ने, अन्ततः आफ्नै वरिपरिको स्वार्थको घेरालाई पोस्ने प्रवृत्ति केन्द्रदेखि स्थानीय तहसम्मै विकेन्द्रित भएको छ ।

एकातिर एउटै कामका निम्ति संघ, प्रदेश र स्थानीय तहसम्मका सरकारले दोहोरो-तेहरो भुक्तानी दिँदा त्यसको नियन्त्रण गर्ने प्रणाली बनिसकेको छैन । अर्कोतिर लामो समयदेखि पूरा नभएका योजनाले निरन्तरता पाइरहने, नयाँ योजना पनि थपिँदै जाने र कनिका छरेसरह बजेट छर्ने प्रवृत्तिले पुँजीगत बजेटको हविगत झनै दयनीय बनाइरहेको छ । पञ्चायतकालदेखि लगातार बजेटमा पर्दै आएका र नाम मात्रैको भए पनि बजेट खर्चिंदै आएका योजना रातो किताबमा प्रशस्तै देख्न सकिन्छ । तसर्थ, पुँजीगत खर्च वृद्धि हुँदा पनि नतिजा न्यून छ । पुँजीगत खर्च अन्तिम चौमासिक, त्यसमा पनि आर्थिक वर्षको अन्तिम महिनामा बढी खर्च हुनु सबैभन्दा विडम्बनापूर्ण पक्ष हो । अर्थ मन्त्रालयको आँकडा अनुसार विगत पाँच वर्षको पुँजीगत खर्चमध्ये औसत ७० प्रतिशत अन्तिम चार महिनामा खर्च भएको देखिन्छ ।

अमेरिकी डलर बराबरको रकमको घाटापूर्तिका लागि चीनले २ सय ५० अर्ब डलर बराबरको अमेरिकी उत्पादन खरिद तथा लगानी गर्ने प्रतिबद्धता गरेको थियो ।

भारतले नेपाललाई वार्षिक दिने अनुदान रकम ३ अर्ब ७५ करोड हाराहारी भारतीय रुपियाँ छ । करिब दुई दशकयता यो रकम यसरी छरिँदै आएको छ कि जसले नेपालको विकास वा आर्थिक उन्नतिमा खास योगदान गर्न सकेको छैन । कनिका छरेझैँ छरिने र भारतीय दूतावासको प्राथमिकता र तजबिजमा रकम बाँड्ने यो कार्यक्रमले व्यापार घाटा पनि कम गर्न योगदान गर्दैन । अझ व्यापार घाटा र उसले गर्ने विकास सहायताको अनुपात हेर्ने हो भने झनै लाजमर्दो छ । पौने चार अर्ब भारतीय रुपियाँ दिएर करिब ६ खर्ब रुपियाँको व्यापार नेपालमा गर्छ । भारतले नेपाललाई विकास सहायताका नाममा दिने रकम दसौँ गुणा बढाउँदा पनि व्यापार घाटाको पाँच प्रतिशत पुग्दैन ।

त्यसैगरी व्यापार र समग्र अर्थतन्त्रमा भारतप्रतिको एकल निर्भरता कम गर्न चीनसँग रणनीतिक महत्त्वका समझदारी गरेपछि केपी ओलीले विगतमा राष्ट्रवादी छवि बनाए । ओली त्यो नीतिमा अडिग भई काम अगाडि बढाएमा भारतप्रतिको एकल निर्भरता त कम होला तर नेपालको परनिर्भरता कम हुने छैन । केवल परनिर्भरताको विविधीकरण मात्र हुनेछ । त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा रामप्रसाद ज्ञवाली भन्छन्, “व्यापार घाटा नै हाम्रो अर्थतन्त्रको सबैभन्दा ठूलो जोखिम हो । यसलाई व्यवस्थापन नगरेसम्म दुर्घटनाको सम्भावना रहिरहन्छ ।”

### विप्रेषण र वैदेशिक आय

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या वृद्धिसँगै विप्रेषणमा पनि वृद्धि हुन्थ्यो र नेपालको विदेशी मुद्रा सञ्चिति र राष्ट्रिय शोधनान्तर (विदेशको बारोबार) स्थिति बचतमा रहन्थ्यो । गत आर्थिक वर्षमा ६ खर्ब ९५ अर्ब ४५ करोड रुपियाँबराबरको विप्रेषण प्राप्त भएको थियो, जुन अघिल्लो वर्षको तुलनामा ४.६ प्रतिशतले बढी हो । चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा २ खर्ब ८५ अर्ब ४८ करोड रुपियाँबराबर मात्र विप्रेषण प्राप्त भयो, जुन अंक अघिल्लो आर्थिक वर्षको यही अवधिको तुलनामा ०.८ प्रतिशतले कम छ ।

गत आर्थिक वर्षमा ८२ अर्ब १५ करोडले

# रक्षा र मनोरञ्जनको यो खर्च

**विकास** निर्माणका क्षेत्रमा नाम मात्रैको खर्च भए पनि हामीकहाँ सुरक्षा र मनोरञ्जन क्षेत्रको खर्च भने अचम्मसँग हुन्छ । सार्वजनिक क्षेत्रमा बजेट खर्च गर्ने क्षमता क्रमशः ह्रास भइरहेको अवस्थामा रक्षा, सार्वजनिक शान्ति सुरक्षा, मनोरञ्जन, संस्कृति तथा धर्मका नाममा भने विनियोजनभन्दा बढी खर्च हुँदै आएको छ। विगत १० वर्षको विनियोजनमा सामान्य सार्वजनिक सेवाको औसत खर्च ८५.७ प्रतिशत छ भने रक्षाको औसत खर्च १०७.२ प्रतिशत छ। सार्वजनिक शान्ति सुरक्षाको औसत खर्च १०३.७ प्रतिशत छ । मनोरञ्जन, संस्कृति र धर्मका नाममा विनियोजित बजेटमा १०१.४ प्रतिशत खर्च भएको छ। गरिब र पिछडिएको क्षेत्रको अवस्था सुधार गर्नुपर्ने ठाउँमा समेत मठमन्दिर, शंखघन्ट, मूर्ति स्थापनामा ग्रामीण उपभोक्ता समितिदेखि प्रशासनतन्त्र र राजनीतिक नेतृत्वसम्मै अनपेक्षित झुकाव देखिन्छ।

बचतमा रहेको शोधनान्तर स्थिति चालू आर्थिक वर्षको पहिलो पाँच महिनामै ९ अर्ब २७ करोडले ऋणात्मक बनेको छ। गत वर्षको यही अवधिमा २८ अर्ब ७८ करोडको बचत थियो । बाहय क्षेत्रसँगको कारोबारमा पनि राष्ट्रिय खाता टकटकिँदै गएको प्रमाण हो यो।

गत आर्थिक वर्षमा १० खर्ब ७९ अर्ब ५२ करोड रुपियाँबराबरको विदेशी मुद्रा सञ्चिति रहेकोमा चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा १० खर्ब ८५ अर्ब ७४ करोड पुगेको छ । वर्तमान आयातको प्रवृत्ति अनुसार यो सञ्चितिले ११ महिनाको वस्तु र सेवाको आयात त धान्न सक्छ तर एनसेललगायतका कम्पनीले कर नतिरी भारी रकम एकैपटक विदेश लैजाँदा भने विदेशी मुद्राको अभाव झेल्नुपर्नेछ। "पर्याप्त डलर अभाव हुँदा आईएमएफसँग सापटी लिनुपर्छ। आईएमएफले त्यसै दिँदैन, सर्तमाथि सर्त लगाउँछ । सर्त मान्दै जाँदा हाम्रो परनिर्भरता पनि बढ्दै जान्छ," पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे भन्छन्।

आयात बढी हुनु विदेशी मुद्राको सञ्चिति घट्दै जानु मात्रै होइन, मुलुकभित्रै उत्पादनमूलक गतिविधि नबढ्ने र विदेशबाट आयात गरेर उपभोगमा रमाउने प्रवृत्ति बढ्नु पनि हो। पाण्डे थप्छन्, "यसले हाम्रो मुद्रा अवमूल्यन हुँदै भारतसँगको स्थिर विनिमय दर कायम नरहन सक्छ। सुझबुझपूर्ण ढंगले अर्थतन्त्रलाई सम्हाल्न सकिएन भने जतिखेर पनि दुर्घटनामा पर्न सक्छौं।"

यतिखेर खर्चलाई नै कारण देखाएर संघीयतालाई धान्न नसकिने परियोजनाका रूपमा चरितार्थ गर्न खोज्नु अर्को बेइमानी हुन्छ। नयाँ संविधानले स्थापित गरेका संरचना र राजनीतिक व्यवस्थामार्फत आर्थिक विकास र समृद्धिको जनआकांक्षा पूरा गर्नु अबको दायित्व हो । बरू, प्रदेश र स्थानीय तहले पाएका अधिकारको भरपूर प्रयोग गर्ने र तल्लो तहसम्म आर्थिक गतिविधि विस्तारित हुने अवस्थालाई अवसरका रूपमा उपयोग गर्ने कौशल राजनीतिक नेतृत्वमा हुनु जरुरी छ। ज्ञवाली भन्छन्, "अनुशासनहीन र अपारदर्शी खर्च नियन्त्रण गर्दा मात्रै पनि अर्थतन्त्रले सकारात्मक बाटो समात्नेछ।" ◆

# नमिलेको नेतृत्व व्यवस्थापनमै

नेकपा एमाले र माओवादी केन्द्रबीचको एकता प्रक्रियामा सैद्धान्तिक मुद्दाभन्दा पदीय भागबन्डा नै बाधक

**माधव बस्नेत**

नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताहरूका लागि निर्वाचनपछि सबैभन्दा धेरै दौडधूपको दिन बन्यो, २ फागुन ०७४ । त्यस दिन बिहानै नेकपा एमालेका अध्यक्ष केपी ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' दुई नेताले मात्र पार्टी एकताको स्वरूप तय गर्न एकआपसमा लामो भलाकुसारी गरे । यसपछि दुवै पार्टीले आ-आफ्नो स्थायी समिति र कार्यालयको बैठक डाके । अनि, बेलुकी फेरि पार्टी एकता संयोजन समितिको बैठक बस्यो । अर्थात् त्यस दिन नेताहरूले एकता टुंगोमा पुऱ्याउने भन्दै बैठकको शृंखला चलाएर दिन बिताए ।

एकता संयोजन समितिमा एमालेबाट अध्यक्ष ओली, वरिष्ठ नेता झलनाथ खनाल, माधव नेपाल, उपाध्यक्ष वामदेव गौतम, महासचिव ईश्वर पोखरेल र माओवादी केन्द्रबाट

तस्बिर : प्रकाश तिमिल्सिना

**शीतलनिवासमा आयोजित शपथग्रहण कार्यक्रममा नवनियुक्त प्रधानमन्त्री केपी ओलीलाई बधाई दिँदै पुष्पकमल दाहाल 'प्रचण्ड', ३ फागुन ०७४**

प्रचण्ड, नारायणकाजी श्रेष्ठ र रामबहादुर थापा छन्। राती अबेरसम्म बसेको संयोजन समितिको बैठकसम्म एमाले र माओवादी केन्द्रबीचको एकता र राष्ट्रपति विद्या भण्डारीबाट केपी ओलीलाई प्रधानमन्त्री नियुक्त गरेको घोषणा ३ फागुनमा एकसाथ गर्ने नेताहरूको तयारी थियो ।

ओली र प्रचण्डबीच अध्यक्ष एवं प्रधानमन्त्री दुवै पद आलोपालो गर्ने निर्णय सुनाउँदासम्म सबै नेताहरू मौन तथा सहमत थिए । तर, जब मार्गदर्शक सिद्धान्त केलाई कसरी मान्ने, ओली-प्रचण्ड हाराहारीका र त्यसभन्दा तलका नेताहरूको व्यवस्थापन कसरी गर्ने भन्ने विषय प्रवेश भयो, माहोल एकाएक बिग्रियो । कम्युनिस्टहरू एकदलीय तानाशाह हुन्छन्, लोकतन्त्रमा विश्वास गर्दैनन् भन्ने भ्रम विश्वभरि छरिइरहेका बेला मदन भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवाद (जबज)ले त्यो भ्रम चिरेको, कम्युनिस्टहरू पनि लोकतान्त्रिक हुन्छन् भन्ने प्रमाणित भइसकेको र जबजलाई संसारले स्वीकार गरिसकेकाले मार्गदर्शक सिद्धान्त यसैलाई बनाएर जानुपर्ने धारणा एमाले पक्षले राखेको थियो । यता माओवादी केन्द्रका नेताहरूले चाहिँ जबज मात्र होइन, २१औं शताब्दीको जनवाद र माओवादलाई समेत मार्गदर्शक सिद्धान्त बनाउनुपर्ने अडान राखे । माओवादकै बलमा मुलुक लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको, समावेशी, समानुपातिक व्यवस्था कायम भएकाले त्यसलाई अंगीकार गर्न कन्जुस्याइँ गर्न नहुने उनीहरूको भनाइ थियो। तर, आफ्नो यस प्रस्तावलाई एमाले नेताहरूले सुन्नै नचाहेको माओवादीको बुझाइ छ ।

२ फागुन साँझ अबेरसम्म चलेको बैठकमा महाधिवेशनसम्म सबै विषय छलफलमा लिएर जाने, यसपछि महाधिवेशनको हलबाटै ती विषयलाई छिनोफानो गर्ने भनेर मध्यमार्गी बाटो अवलम्बन गर्ने प्रयास पनि नगरिएको होइन । एमाले उपाध्यक्ष वामदेव गौतम र माओवादी केन्द्रका नारायणकाजी श्रेष्ठले बीचको प्रस्ताव ल्याएका थिए । तर, त्यो प्रस्ताव पनि स्वीकार्य भएन ।

३ फागुनको बिहानै एमाले-माओवादी केन्द्रका तर्फबाट ओलीलाई प्रधानमन्त्रीका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने र त्यसलगत्तै एकतामा छलफल गर्न फेरि बस्ने सहमतिसहित नेताहरू छुट्टिएका थिए । बिहानै माओवादीले ओलीलाई प्रधानमन्त्रीमा स्वीकार गर्ने पत्रमा हस्ताक्षर त गऱ्यो। त्यही पत्र अनुसार राष्ट्रपतिले हतार-हतार ओलीलाई प्रधानमन्त्री पनि नियुक्त गरिन् । तर, ३ फागुनको दिनभर एमाले-माओवादीको संयुक्त बैठक भने बस्न सकेन । बरू दिउँसो प्रचण्डले आफ्नो कार्यालयको बैठक डाके र निर्णय गरी दिए, त्यही दिन ओलीले विस्तार गर्न लागेको सरकारमा सहभागी नहुने। ४ फागुनको रातीसम्म पनि एमाले-माओवादी एकता संयोजन समितिको बैठक बस्न सकेन। जबकि, ४ फागुनमा पनि बैठक बस्ने भनिएको थियो । तर, त्यस साँझ एमालेबाट ईश्वर पोखरेल र प्रदीप ज्ञवाली, माओवादी केन्द्रबाट रामबहादुर थापा र वर्षमान पुनको गोप्य बैठक बस्यो। जुन ओली र प्रचण्डको चाहनामै भएको थियो । एकताको मस्यौदा तयार गर्न बैठक बसेको स्रोतको भनाइ छ। "२ फागुन बेलुकीको वार्ता सकारात्मक भएन भन्ने निष्कर्षमा माओवादीका साथीहरू पुग्नुभएछ," संघीय संसद् र प्रदेशसभामा टिकट बाँडफाँटदेखि नै माओवादी केन्द्रका नेताहरूसँग दर्जनौं वार्तामा बसेका एमाले स्थायी समिति सदस्य सुरेन्द्र पाण्डे भन्छन्, "३ फागुन अपराह्न प्रधानमन्त्रीको शपथ समारोहमा उपस्थित हुँदा पो माओवादी केन्द्र सरकारमा सहभागी नहुने जानकारी भयो ।"

एमाले नेताहरूले भने माओवाद स्वीकार्य हुन्न भन्ने बुझ्दा-बुझ्दै आफ्नो व्यवस्थापनका बारेमा चिन्तित दोस्रो तहका नेताहरूको उक्साहटमा शीर्ष नेताहरूले त्यो पदावलीलाई जबर्जस्ती प्रवेश गराउन खोजेको अर्थमा बुझेका छन्। "वाम गठबन्धन बन्नुअघिदेखि नै एमाले माओवादलाई मार्गदर्शक सिद्धान्त मान्न तयार हुँदैन भन्ने माओवादी नेताहरूलाई राम्रै जानकारी छ। ०३२/३३ मा को-अर्डिनेसन केन्द्र, नेकपा माले गठनदेखि नै हामीले माओवाद त के माओ विचारधारासमेत परित्याग गरिसकेका छौं," एमाले स्थायी समितिका अर्का एक सदस्य भन्छन्, "यो बुझ्दा-बुझ्दै पनि माओवादी नेतृत्वले माओवादलाई मार्गदर्शक सिद्धान्त मान्नुपर्छ भनेर प्रस्ताव ल्याउनुको नियत कि त एमालेलाई दबाब दिन खोज्नु हो कि आफ्नो नेतृत्व व्यवस्थापनका लागि ठाउँ खोजेको हो।" हुन पनि माओवादलाई मार्गदर्शक सिद्धान्त मानेर माओवादीहरूले १० वर्ष सशस्त्र द्वन्द्व गर्दा एमालेले सबैभन्दा बढी विरोध गरेको शब्दावली नै माओवाद थियो । त्यसो त मार्गदर्शक सिद्धान्तको बखेडा देखाउनै सही, एमाले नेतृत्वपंक्ति पनि आफ्ना खेमाका सदस्यहरूको व्यवस्थापनमा निकै गम्भीर छ । २ फागुन साँझको एकता संयोजन समिति बैठकमा माधवकुमार नेपालले यो तथ्य लुकाएनन् पनि। उनले भनेका थिए, 'ओलीजी र प्रचण्डजीको व्यवस्थापन गरेर मात्र एकता हुन सक्तैन। अन्य थुप्रै नेता-कार्यकर्ताको व्यवस्थापन कसरी गर्ने त्यो पनि टुंगो लाग्नुपर्छ ।' नेपालको खासमा यही वाक्यबाट कुरा बिग्रिन सुरु भएको थियो।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई निकै ठूलो दवाब छ, यतिबेला। त्यो के भने माओवाद, २१औं शताब्दीको जनवादजस्ता मार्गदर्शक

सिद्धान्तलाई त्यागेर एमालेसँग एकता गरेको आरोप भोग्नु नपरोस् । यदि त्यसो गरिएमा विद्रोह गर्ने भन्दै गोपाल किराँती, विष्णुभक्त दुलाल (आहुति)हरूले दबाब दिइरहेकै छन् । त्यस्तो आरोप सामना गर्नु नपरोस् भनेरै ती पदावलीमा रस्साकसी गरेको देखाउन माओवादी नेताहरूले अडान लिएका ठान्नेहरूको पंक्ति पनि ठूलै छ । माओवादी केन्द्रका प्रचण्डनिकट एक कार्यालय सदस्य भन्छन्, "माओवाद र २१औं शताब्दीको जनवादमा अन्तिम क्षणसम्म अडान लिएको हो भन्ने देखाउन पनि हाम्रा नेताहरू लचक नभएका हुन् । र, त्योभन्दा महत्त्वपूर्ण कुरा दोस्रो तहका नेताहरूको व्यवस्थापनको विषय नै एकता घोषणा हुन नसक्नुको मूल कडी हो ।"

स्रोतको दाबी कस्तोसम्म छ भने प्रचण्डले रणनीतिक कदम चालेरै माओवाद वा मार्गदर्शक सिद्धान्तको बखेडा झिकेका हुन् । जसले एकसाथ उनका दुई-तीनवटा उद्देश्य पूरा हुनेछन् । पहिलो, उनलाई आफूले अन्तिम क्षणसम्म अडान लिएको प्रमाणित गर्नु छ । दोस्रो, यसलाई देखाएर नेतृत्वको व्यवस्थापन गर्नु छ । तेस्रो, कथंकदाचित एकता भएन नै भने पनि एमालेलाई दोष थोपरेर नेपाली कांग्रेससँग गठबन्धन गर्न सहज हुनेछ । प्रचण्डले एमालेलाई साथ दिएनन् भने ओली नेतृत्वको सरकार ३० दिनमै पनि ढल्न सक्छ । किनभने, सरकार गठनको ३० दिनभित्र प्रधानमन्त्रीले संसद्को बहुमतबाट समर्थन लिनुपर्छ । माओवादीले हात झिक्ने हो भने एमाले एक्लैको १ सय २१ सिट मात्र छ । बहुमतको समर्थन देखाउन १ सय ३८ जना सांसद चाहिन्छ । माओवादीको ५३ सिटसमेत जोड्दा मात्र सरकारलाई यतिबेला १ सय ७४ जनाको समर्थन देखिएको हो । यही त्रास देखाएर माओवादीले एमालेलाई मार्गदर्शक सिद्धान्त र नेतृत्व व्यवस्थापनमा थप गाल्ने देखिन्छ ।

माओवादी केन्द्रका एक सचिवालय सदस्यका अनुसार नेतृत्व व्यवस्थापनका लागि दुईवटा प्रस्ताव अघि सारिएका छन् । पहिलो, दुई अंक अर्थात् ९९ सदस्यीयसम्मको मात्र केन्द्रीय समिति बनाउने, त्यसको एक तिहाइ पोलिटब्युरो र पोलिटब्युरोको एक तिहाइको स्थायी समिति बनाउने । यसो गर्दा पोलिटब्युरो ३३ सदस्यीय र स्थायी समिति ११ सदस्यीय हुन्छ । निर्वाचनमा होमिनुअघि एमाले-माओवादीले ६०/४० को भागबन्डा गरेका थिए । तर, निर्वाचन परिणामले उनीहरूको आकार ७०/३० देखाइदियो । एमाले नेताहरूले एकता पनि ७०/३० कै अनुपातमा हुनुपर्ने दाबी गर्दै आइरहेका छन् । माओवादीले पनि यसलाई स्वीकार गरिसकेको एमाले नेताहरू

केन्द्रीय समिति जति ठूलो बनायो, पार्टी त्यति भद्रगोल हुन्छ भन्नेमा माओवादीका साथीहरू पनि सहमत हुनुहुन्छ । बढीमा तीन सयकै फ्रेमवर्कभित्र रहेर केन्द्रीय समिति, पोलिटब्युरो र स्थायी समिति बन्छ ।

**सुरेन्द्र पाण्डे**
स्थायी समिति सदस्य, नेकपा एमाले

बताउँछन् । जस अनुसार ११ सदस्यीय स्थायी समिति बनाउँदा एमालेबाट ओली, वरिष्ठ नेता झलनाथ खनाल, माधवकुमार नेपाल, वामदेव गौतम, अष्टलक्ष्मी शाक्य, भीमबहादुर रावल र ईश्वर पोखरेल र माओवादी केन्द्रबाट प्रचण्ड, नारायणकाजी श्रेष्ठ, रामबहादुर थापा र कृष्णबहादुर महरा रहने मोटामोटी सहमति छ । एमालेबाट उपाध्यक्ष युवराज ज्ञवाली, उपमहासचिवद्वय विष्णु पौडेल, घनश्याम भुसाल, सचिवहरू प्रदीप ज्ञवाली, गोकर्ण विष्ट, भीम आचार्य, पृथ्वीसुब्बा गुरुङ, योगेश भट्टराईसमेत पोलिटब्युरोमा झर्नेछन् । त्यसैगरी माओवादीबाट पूर्वसचिव वर्षमान पुन, टोपबहादुर रायमाझी, देव गुरुङलगायत पनि पोलिटब्युरोमै थन्किनुपर्ने छ ।

स्रोतका भनाइमा यो पंक्ति आफूहरू पनि स्थायी समितिमा पुग्नुपर्ने लबिङमा छ । खासगरी माओवादीबाट पुन, रायमाझी, गुरुङ र वाम एकताका लागि बढी दौडधुप गरेका जनार्दन शर्माले स्थायी समितिमा पर्नुपर्ने जिकिर गरिरहेका छन् । एमालेमा पनि उपाध्यक्ष, उपमहासचिव र सचिवहरूले त रहर गर्ने नै भए, सुरेन्द्र पाण्डे, सुवास नेम्वाङ, छविलाल विश्वकर्मासमेत स्थायी समितिमा

पार्टी एकता गर्दा नेतृत्व व्यवस्थापनमा केही न केही समस्या आउन सक्छ । नेतृत्व व्यवस्थापन दुवै पार्टीको समस्या हो ।

**पम्फा भुसाल**
प्रवक्ता, नेकपा माओवादी केन्द्र

रहन चाहन्छन् । माओवादीका वर्षमान, जनार्दनले दाबी गरेपछि अग्नि सापकोटा, शक्ति बस्नेत, गिरिराजमणि पोखरेल, मणि थापा, मातृका यादव, पम्फा भुसाललगायतले पनि आफ्नो दाबी छाड्ने कुरै रहेन । त्यसैले नेतृत्व व्यवस्थापनकै लागि ३५ देखि ४१ सदस्यीय स्थायी समिति, त्यसको दुई तिहाइको पोलिटब्युरो र पोलिटब्युरोको दुई तिहाइको केन्द्रीय समिति बनाउने खाका पनि बनिरहेको छ । यसो भएमा पोलिटब्युरो १ सय ५ देखि १ सय २३ र केन्द्रीय समिति ३ सय १५ देखि ३ सय ६९ सदस्यीयसम्म हुन सक्छ । एमाले स्थायी समिति सदस्य पाण्डे भने केन्द्रीय समितिको आकार बढीमा तीन सय सदस्यभन्दा नकट्ने बताउँछन् । भन्छन्, "केन्द्रीय समिति जति ठूलो बनायो, पार्टी त्यति भद्रगोल हुन्छ भन्नेमा माओवादीका साथीहरू पनि सहमत हुनुहुन्छ । तापनि, एउटा तहको नेतृत्वलाई त व्यवस्थापन गर्नैपर्‍यो । तसर्थ, बढीमा तीन सयकै फ्रेमवर्कभित्र रहेर केन्द्रीय समिति, पोलिटब्युरो र स्थायी समिति बन्छ ।"

माओवादी केन्द्रका कतिपय नेता-कार्यकर्ताहरूले नेतृत्वलाई बढी नझुकियोस् भनेर दबाब दिइरहेका छन् । 'क्रान्तिकारी'जस्तो देखिने यो दबाब आफ्नो व्यवस्थापनकै लागि दिएको त्यस पार्टीका नेताहरूले राम्ररी बुझेका

छन् । माओवादी केन्द्रका कार्यालय सदस्य मणि थापाका भनाइमा पार्टी एकतासँगैको सबैभन्दा ठूलो चुनौती नेतृत्व व्यवस्थापनकै हो । भन्छन्, “घुर्क्याएर, धम्क्याएर भए पनि आफ्नो व्यवस्थापन गर्न चाहनेहरूको पंक्ति दुवै पार्टीतिर ठूलै छ । त्यसलाई व्यवस्थापन गर्न पनि कमिटी ठूलो बनाउनुपर्ने बाध्यता छ ।”

खासमा मार्गदर्शक सिद्धान्तको अडान देखाउने कुरा मात्र हो । एकताले गतिरोध निकाल्न नसक्नुको खास कारण नेतृत्वको व्यवस्थापन र सत्तामा शक्ति बाँडफाँटमा लिखित सहमति गरौँ भन्ने नै हो । लिखित नगरेकैले यसअघि पनि समस्या भएको हो भन्ने माओवादी अडान छ । तर, एमाले नेताहरू लिखित सहमति गर्न आनाकानी गरिरहेका छन् । पहिलो पटक लिखित सहमति गर्न माधवकुमार नेपालले रोकेका थिए भने दोस्रो पटक ओली पक्षकै कारण रोकिएको थियो । “एकता गर्ने/नगर्ने दायित्व अब एमालेमा परेको छ भन्ने ठम्याइमा प्रचण्ड पुगेका छन्,” स्रोत भन्छ, “अब प्रचण्ड चुप लागेर बस्ने र आफ्नो उद्देश्य पूरा गराएरै छाड्ने योजनामा छन् ।”

एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड दुवैका लागि एकता अपरिहार्य बनेको छ । तर, मार्गदर्शक सिद्धान्त र नेतृत्व व्यवस्थापनको किचलोले लथालिंग हुने त होइन भन्ने छटपटीमा दुवै नेता छन् । स्रोतका अनुसार प्रचण्डसँग पार्टी एकता नगरे सम्भवतः प्रधानमन्त्री बन्नै नसक्ने, बनिहाले पनि दुई वर्षभन्दा बढी टिक्न नदिने सूचनाहरू प्राप्त गरेपछि ओली एकताका लागि हतारिएका थिए । एकताको ‘अन्तिम प्रयास’ गरेर उनी प्रधानमन्त्री त बने तर ३० दिनमै कुर्सी छाड्नुपर्ने हो कि भन्ने त्रास पनि उत्तिकै छ । यता प्रचण्डको बाध्यताचाहिँ के थियो भने धम्की, घुर्की, चाप्लुसीबाट पद हत्याउनेहरूको संख्या बढ्दै गएपछि उनी माओवादी पार्टी चलाउन नसक्ने निष्कर्षमा पुगेका थिए । उनका सामु माओवादीको भारीलाई कहीँ न कहीँ लगेर बिसाउनुपर्ने बाध्यता थियो ।

पार्टी सदस्यहरूको व्यवस्थापनमा प्रचण्ड कुन हदसम्म हैरान छन् भन्ने बुझ्न ६ जेठ ०७३ मा रामबहादुर थापासहितको १० वटा घटकसँग एकता गर्दा ४ सय ९९ सदस्यीय केन्द्रीय समिति बनाउने निर्णय भएको थियो । तर, त्यो कार्यान्वयन गर्न नसकी उल्टै ४ हजार सदस्यीयभन्दा ठूलो बनाउन बाध्य हुनु नै काफी छ । “पार्टी एकता गर्दा नेतृत्व व्यवस्थापनमा केही न केही समस्या आउन सक्छ । नेतृत्व व्यवस्थापन दुवै पार्टीको समस्या हो,” माओवादी केन्द्रकी प्रवक्ता पम्फा भुसाल भन्छिन्, “तर, सिद्धान्त र विचार मिलिसकेपछि आ-आफ्नो ठाउँबाट त्याग गरेर भए पनि हामी यसलाई मिलाएरै लैजान्छौँ ।” अवस्था कस्तो छ भने एकता गर्ने भने पनि दुवै पार्टीका नेताहरू गुटगत मानसिकताबाट एक इन्च पनि माथि उठ्न सकेका छैनन् । यसको ताजा उदाहरण प्रतिनिधिसभा, प्रदेशसभामा टिकट वितरण, मुख्यमन्त्री, समानुपातिक संसद् छनोटमा देखिइसकेको छ । नेतृत्वको व्यवस्थापनमा पनि त्यही मानसिकता हावी हुने निश्चित छ ।

एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आ-आफ्नो बाध्यताका कारण पार्टी एकता गरे पनि र केही हदसम्म नेतृत्व व्यवस्थापन मिलाउन खोजे पनि महाधिवेशन अघि तल्लो तहसम्मका धेरै नेताहरूको व्यवस्थापन गाह्रो छ । खासमा नेतृत्वको व्यवस्थापन एमालेमा भन्दा माओवादीमा निकै कठिन छ । यतिबेला एमालेमा वैकल्पिक केन्द्रीय सदस्यसमेत गरी २ सय ६ सदस्यीय केन्द्रीय समिति छ, जसमा महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरू १ सय १६ जना मात्र छन् । एमालेभित्र यदि पक्ष र विपक्षमा मताधिकार भए आफ्नो अधिकारको प्रयोग गर्न पाउने तिनै १ सय १६ जना मात्र हुन् । तर, उल्लेख भइसक्यो, माओवादीमा चार हजार सदस्यीयभन्दा धेरै ठूलो केन्द्रीय समिति छ, जसमा कार्यालय सदस्यको संख्या नै ५५ माथि छ । जो दुवै पार्टीको एकतापछि बनाउने भनिएको स्थायी समितिभन्दा ठूलो हो । ♦

विमर्श

अच्युत वाग्ले

# किन जनतामाथि संघीयता नबु

मुलुक संघीय शासन प्रणाली क्रियान्वयन गर्ने कसरतमा छ । नेपालका लागि यो शासन पद्धति नयाँ हो । यस व्यवस्थाको पक्ष वा विपक्षमा विभाजितहरूले तर्क गरेजस्तो संघीयता आफैँमा पूर्णतः असल वा खराब व्यवस्था होइन । वास्तवमा, राम्ररी चलाउन सके सामान्यतः राम्रै र समयमै पद्धति बसालेर क्रियाशील बनाउन नसकिए निकै जोखिमपूर्ण व्यवस्था हो यो । संघीय प्रणाली अपनाउनु नै ठूलो उपलब्धि हो र यसले जनताका विविध र कतिपय अवस्थामा विरोधाभासयुक्त सबै आकांक्षाहरूलाई स्वतः सम्बोधन गर्छ भन्ने प्रचार जसरी गरिएको छ, त्यो बिलकुलै यथार्थपरक होइन । त्यस्तै, संघीय संविधान लागू गराउनु नै गम्भीर भूल भएछ वा अब यो व्यवस्थाको विकल्प खोज्न सुरु गरिहाल्नु पर्छ भन्ने अराजनीतिक चिन्तन झन् जोखिपूर्ण छ । किनभने, संघीय स्वरूपमा गइसकेको मुलुकको संघीयतालाई यथासम्भव व्यवस्थित गर्न लगाउनुपर्ने ऊर्जा यसका अवगुणहरू केलाउन वा व्यवस्थालाई नै असफल पार्न प्रयोग गरियो भने त्यसले राजनीतिक अराजकता पैदा गर्छ । र, कालान्तरमा मुलुकभित्रै अनेकौं प्रकृतिका विभाजन रेखाले छिटो आकार लिने छिद्र पाउँछन् ।

भनिरहनु परेन, नेपालमा हरेक नयाँ विषयवस्तु, नीति वा पद्धतिले प्रवेश पाउनासाथ त्यसका अनेकौं विज्ञ र एनजीओहरू रातारात जन्मन्छन् । त्यसमा लगानी गर्ने आईएनजीओ र विदेशी दाताहरू पैसा लगाउन तयार हुन्छन् । नयाँ कुराबारे जनतालाई सचेतना वृद्धि गर्ने, उनीहरूको त्यस विषयको ज्ञानको गहिराइ नाप्ने, सशक्तीकरण गर्ने आदि नामका ठूला-साना अभियान नै सुरु हुन्छन् । नेपालको संघीयता यो नियमितभित्रै भइसकेको हाम्रो नियतिको सिकार नहुने सम्भावना नै थिएन र भएन । बोरामा डलर बोकेर आएका विदेशीहरू संघीयता सफल पार्ने जिम्मेवारी उनीहरूकै एकल काँधमा आइपरेजसरी विभिन्न गतिविधिका साथ अगाडि आएका छन् । यस्तो हरियो डलरको चरणमा पोख्त एनजीओ र प्रचार संयन्त्रहरू मौकाको फाइदा लिन अग्रसर भइसकेका छन् । यस्तो लगानी गरेर प्रचार र जस दुवै एउटै संस्थाबाट पाउने छतमुनि दाताहरू बढी झुम्मिएका छन् । यो मौकाको फाइदा लेनदेन गर्ने वा मोलतोल हुने कुरामा खासै टाउको दुखाउनु परेन । त्यो उनीहरूको पेसा, रोजीरोटी वा सनातन धन्दा हो । आमजनताले न उनीहरूका नाममा आउने रकमबारे वास्तविक जानकारी नै पाउँछन्, न त ती गतिविधिप्रति उनीहरूको खास चासो नै छ ।

### आपत्तिजनक प्रवृत्ति

तर, संघीयताका नाममा भइरहेका गतिविधिहरूमा भने केही आपत्तिजनक प्रवृत्तिहरू देखिन थालेका छन्, जुन चिन्ताजनक छ । यस्तो डलर धन्दामा संलग्न दाता र कतारे/मगन्तेहरूले संघीयताबारेको जनताको सचेतना परीक्षण गर्ने नाममा गर्भनिरोधक साधनको सचेतना परीक्षण गर्ने प्रकृतिका प्रश्नावली आदि बनाएर सर्वेक्षण र अध्ययन सुरु गरेका छन् । यहाँसम्म पनि आपत्ति जनाउनुपर्ने कारण छैन भन्ने तर्क गर्न नसकिने होइन । तर, यस्ता अध्ययन, सर्वेक्षण वा सचेतना कार्यक्रम गरिएको देखाएर तिनको परिणाम वा निष्कर्षका नाममा जनतालाई 'संघयीताबारे जानकार वा सचेत छैनन्' भनेर अनाहकमा गरिएको अपहेलना वा गालीचाहिँ वास्तवमा नै विचारणीय र धेरै हदसम्म निन्दनीय छ ।

यसमा दुई अहम् प्रश्न छन् । पहिलो, जनता संघीयताको गुण-दोष आदिका खासगरी सैद्धान्तिक पक्षहरूबारे किन त्यति धेरै सचेत हुनु आवश्यक छ र ? यो धेरै विकल्पमध्येको एउटा राजनीतिक प्रणाली मात्रै त हो । त्यसभन्दा महत्त्वपूर्ण प्रश्न हो, जनसामान्यको सट्टा संघीयता कार्यान्वयनको सार्वजनिक जिम्मेवारीमा पुगेका संघीय, प्रादेशिक र स्थानीय विधायिका वा कार्यपालिकाका निर्णायक जिम्मेवारीमा बस्नेहरू नै संघीयताका मुख्य आयामबारे कति जानकार होलान् ? र, जनताको सेवा-सुविधाका आकांक्षाहरूको यथार्थपरक पहिचान गर्न, त्यस अनुसार स्रोत व्यवस्थापन एवं परिचालन गरेर सार्वजनिक सेवा-सुविधाहरू संघीय अवधारणा अनुरूप विकेन्द्रित गर्ने सीप, इमानदारी र सुझबुझ यस्तो सार्वजनिक जिम्मेवारीमा पुगेका कति जना राजनीतिकर्मीमा होला ? कति जना आफू शासक हुनुको अहम्लाई त्यागेर ती योग्यता र सीप हासिल गर्न तयार होलान् ?

दोस्रो, संघीयताबारेको सुझबुझको यस्तो स्तर परीक्षण गर्ने सर्वेक्षण, अध्ययन आदि ती निर्णायकहरूलाई उत्तरदायी (रेस्पोन्डेन्ट) बनाएर किन गरिँदैन ? निमुखा र सीमित साक्षर जनतालाई संघीयताका जटिलतम् आयामबारे अनावश्यक प्रश्न सोधेर किन आतंकित पारिँदैछ ? र, उनीहरू संघीयताबारे केही पनि जान्दैनन् भनेर किन अपहेलित गरिँदैछ ? यस्ता गलत दिशातर्फ फर्केका, नेपालीको अपमान गरेर डलर पचाउने अभियानहरू जति नै चलाए पनि मुलुकको संघीयता सफलताउन्मुख हुने होइन । बरू, विमुख हुने जोखिम बढ्छ ।

जनताको चासो संघीय शासन सफल वा असफल हुने कुरामा वा शासन प्रणालीको नामसँग छैन । वास्तवमा, उनीहरूको मूल चासो आफूले राज्यबाट पाउने र पाउनुपर्ने सेवा-सुविधामाथिको पहुँच र गुणस्तरमा पहिलेको दाँजोमा सुधार भयो वा भएन भन्ने कुरामा

# ...झेको आरोप ?

मात्रै छ र हुन्छ । प्रत्येक पटक व्यवस्था परिवर्तन हुँदा उनीहरूले निरन्तर भोट खसालेका छन् । परिवर्तनको नारा दिने प्रत्येक शक्तिले उनीहरूका अपेक्षा पूरा गर्ने वाचा त गरे । तर, कहिल्यै पूरा गरेनन् । अब आएको संघीयताले पनि त्यसलाई पूरा नगर्ने र त्यसको अपजस यो प्रणालीबारे उनीहरू अनभिज्ञ हुनु हो भनेर प्रत्यक्ष एवं अप्रत्यक्ष ढंगले लाञ्छित गर्ने प्रपञ्च भइरहेको छनक यी अनौठा अभ्यासहरूले दिँदैछन् । संघीयताको भविष्यका लागि यो शुभसंकेत होइन । तर, यसको अर्थ केचाहिँ निकालिनु हुँदैन भने जनता संघीयता वा अरू राजनीतिक प्रणालीबीच तुलना गर्न सक्षम हुँदा लोकतन्त्र वा मुलुकलाई घाटा छ ।

### के हुनु पर्थ्यो, पर्छ ?

संघीयता कार्यान्वयन वास्तवमा नै चुनौतीपूर्ण छ । र, यस्तो चुनौती जनता संघीयताबारे सचेत वा जानकार नभएका कारण सिर्जना भएको होइन । यथार्थमा संघीयता जनताको माग पनि होइन । जनताले सहज जीविकोपार्जन र आर्थिक समृद्धिका सम्भावनाहरूको माग गर्दा त्यस्ता माग पूरा गर्ने माध्यम संघीयता मात्रै हो भन्ने (अप)व्याख्या संविधानलाई अहिलेको स्वरूपमा जारी गर्ने राजनीतिक शक्तिहरूले गरेका हुन् ।

अहिले क्रमशः के प्रमाणित हुँदैछ भने संघीयताको बहस मुलुकमा भित्र्याइँदा वा नयाँ संविधान जारी हुँदासम्म पनि मुलुकका ठूला भनिएका राजनीतिक दलका निर्णायक हैसियत राख्ने नेताहरूमै पनि संघीयताबारे सामान्य ज्ञानको कमी थियो र छ । त्यसैले, मुलुकले अपनाएको संघीय स्वरूप सहकार्यमुखी वा एकलकार्यमुखी (कोअपरेटिभ वा ननकोअपरेटिभ), समरूपी वा बिरूपी (सिमेट्रिकल वा असिमेट्रिकल), निक्षेपित वा विकेन्द्रित (डिभल्भ्ड वा डिसेन्ट्रलाइज्ड), आर्थिक स्वनिर्भरतामुखी वा अनुदान आश्रित (सेल्फ रिलायन्ट वा ट्रान्फर डिपेन्डेन्ट) र पहिचानमुखी वा समानीकरण पक्षधर (आइडेन्टिटी ओरियन्टेड वा होमोजिनियस पपुली) के हो भन्ने परिभाषित भएको छैन । सबैका आ-आफ्नै व्याख्या र अपेक्षा छन् । त्यसैले, प्रदेश सीमांकन, भाषा, राजधानीजस्ता मुद्दाहरू अहिले मत्थर भएजस्तो देखिएका छन् । तर, विवादको बीउका रूपमा जिउँदै छन् । नेपालको संघीयताको स्वरूप के हो वा यसलाई अन्ततोगत्वा कस्तो स्वरूप दिने वादविवादको निप्टारा गर्ने विधिको आरम्भ विश्वव्यापी रूपमा स्थापित यी मापदण्ड अनुरूपको यथोचित परिभाषाबाट मात्रै हुन सम्भव छ ।

संघीयतालाई मुलुक र युग सुहाउँदो ढंगले प्रस्ट परिभाषा गर्ने र व्यवस्था निरपेक्ष जनताका न्यूनतम अपेक्षालाई पूरा गराउने निर्णयको राजनीतिक प्राधिकार राजनीतिक नेतृत्वसँग मात्रै छ, जनतासँग बिलकुलै छैन । त्यसैले संघीयताका वैकल्पिक अवधारणाहरू, तिनले दिने फरक परिणाम र खासखास प्रकृतिका संघीय अवधारणालाई सफल वा असफल पार्ने परिस्थिति एवं चरणबारे राजनीतिक दलहरूको नेतृत्व पंक्ति सुसूचित, जानकार र जोखिमहरूबारे सचेत रहनुपर्ने अपरिहार्यता छ । तर, अहिलेसम्मको निर्णय गराइका शैली, गरे/भएका निर्णयहरूमा देखिएका झारा टार्ने प्रवृत्ति र संघीयताबारे कसैले पनि राजनीतिक स्वामित्व नलिने शैलीका अभिव्यक्तिले सबै दलको नेतृत्व तहमै संघीयताबारेको सुझबुझ अत्यन्त कम छ भन्ने प्रमाणित हुँदैछ ।

> **बोरामा डलर बोकेर आएका विदेशीहरू संघीयता सफल पार्ने जिम्मेवारी उनीहरूकै एकल काँधमा आइपरेजसरी विभिन्न गतिविधिका साथ अगाडि आएका छन् ।**

स्थानीय सरकार बनेको एक वर्ष बित्न लाग्दा पनि औसत कोटिको क्रियाशीलतासमेत देखा नपर्नु र राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई संघीय शासन सञ्चालनका लागि अभिप्रेरितसम्म पनि गर्न नसक्नुले यिनै कमजोरीलाई उजागर गर्छ ।

त्यसैले, तीनवटै तहका सरकार सञ्चालन र नीति निर्माणमा जिम्मेवार निर्वाचित राजनीतिक नेतृत्वलाई संघीयताबारेका सामान्य साक्षरतासँग साक्षात्कार गराउनु तत्कालको टड्कारो आवश्यकता हो । ७ सय ५३ स्थानीय तहका प्रमुख एवं उपप्रमुख, संघीय र प्रदेशसभाका ८ सय ८४ सभासद्हरू र संघीयता कार्यान्वयनमा जिम्मेवारी पाउने कर्मचारीहरूसमेत गरी तीन हजार जनाजतिलाई संघीयता सञ्चालनका सैद्धान्तिक, प्राविधिक र व्यावहारिक पक्षहरूबारे प्रशिक्षित गरिनु आवश्यक छ । त्यसअघि उनीहरूमा संघीयताबारेको सचेतना र जानकारी कति छ भनेर जान्नका लागि चाहिँ माथि भनिएजस्ता सर्वेक्षण र निष्कर्षहरू आवश्यक छन् । उपयोगी पनि हुन सक्छन् ।

तर, संघीय प्रणालीको मर्म अनुरूप मुलुक चलाउने जिम्मेवारी बहन गर्ने तर मूर्खतापूर्ण अहम्का कारण यसबारे सिक्नै तयार नहुने राजनीतिक नेतृत्वलाई चाहिँ सर्वज्ञानी र जनताले संघीयताबारे नजान्नुचाहिँ अपराधै हो भनेझैं व्यवहार एवं चित्रण गर्ने कार्यले संघीयता कार्यान्वयनलाई सघाउँदैन । विदेशी सहायतामै सही, यस्तो नेतृत्व तहमा बस्ने राजनीतिकर्मी र कर्मचारीहरूको संघीयताको सुझबुझ र ज्ञानबारे हुने सर्वेक्षण र अध्ययन गर्ने हिम्मत कसैले त देखाओस्, जसका निष्कर्षहरूले मुलुकको संघीयताको भविष्यको वास्तविक चित्र पनि प्रस्तुत गरोस् । त्यसपछि, यिनीहरूलाई पनि सिक्ने बाध्यता आइपर्थ्यो । आखिर जनताबारे सबै निर्णय गर्ने यिनीहरू नै भएपछि संघीयताबारे सचेतनाको स्तरचाहिँ बिचरा जनताको किन जाँच्नु ? ♦

# बनारसी साधक

राजकुमार बानियाँ
तस्बिर : रवि मानन्धर

भेटैपिच्छे सिनेकर्मी नीर शाह दुर्गाप्रसाद श्रेष्ठ, ७९, लाई भनिरहन्छन्, 'तपाईं कति दिन बस्ने हो काठमाडौं ? दाइलाई म काम दिन्छु ।' आठ दशक लामो इतिहास बोकेको बनारसी साहित्यिक पत्रिका *उदयका* सम्पादक/प्रकाशकलाई सिनेकर्मीले यस्तो 'अफर' किन गरिरहन्छन् भने दुर्गा नेपालमै बनेको पहिलो सिनेमा *आमा* (०२२)का मुख्य सहायक निर्देशक/कथा-पटकथा-संवाद लेखक एवं कलाकारसमेत हुन् ।

नेपाली भाषाको पहिलो सिनेमा *सत्य हरिश्चन्द्र* 'साइलेन्ट' सिनेमा थियो भने *आमा* ब्ल्याक एन्ड ह्वाइट । *युट्युब* च्यानलमा राखिएको *आमाको* पहिलो दृश्यमै देखिन्छन्, लाहुरे बनेका शिवशंकर अनि टोपी र चस्माधारी दुर्गा । रक्सौलबाट धूवाँ उडाउँदै आएको छुक्छुके रेलको डिब्बामा भेटिन्छन् उनीहरू । सिनेमामा लाहुरेलाई देशप्रेमतिर मोडिदिने उनै हुन्छन् ।

रहरले सिनेमामा जोडिएका भने थिएनन् दुर्गा । सरकारी कर्मचारीका रूपमा खटिनु उनको एकखाले बाध्यता रह्यो । "पहिलोपटक सिनेमामा काम गर्न पाउँदा मलाई त्यस्तो उत्पात खुसीको अनुभूति भएन । सरकारले खटाएको काम गरेजस्तो मात्र भयो," उनी सुनाउँछन्, "अरू कलाकारसँग पनि मेरैजस्तो अनुभूति होला ।"

रमाइलो प्रसंग के भने *आमाका* अधिकांश कलाकार सरकारी कर्मचारी थिए । कोही *रेडियो नेपालका*, कोही संस्कृति विभागका त कोही प्रचार विभागकै । राजा महेन्द्रको लहडमा तत्कालीन प्रचार विभागले बनाएको हो, त्यो सिनेमा । प्रमुख कलाकार शिवशंकर, भुवन थापा र चैत्य देवी *रेडियो नेपालका* थिए भने उत्तम नेपाली र दुर्गा प्रचार विभागका । त्यसका निर्देशक थिए, हीरासिंह खत्री । हिमाचल प्रदेशनिवासी खत्री त्यतिबेला मुम्बैया सिने उद्योगमा मुख्य सहायक निर्देशकमै चित्त बुझाइरहेका थिए । राजाले भारत भ्रमणमा जाँदा नेपाल-भारत सांस्कृतिक केन्द्रको कार्यक्रममा हीरासिंहको मन चोरेछन्- तिमी नेपाल आउँछौ ?

जननिर्वाचित सरकारलाई 'कू' गरेपछि पञ्चायती व्यवस्थाको प्रचारका लागि सिनेमा बनाउने विचार रहेछ राजामा । उनका एडीसी शेरबहादुर मल्ल हीरासिंहका 'क्लासफेलो' रहेछन् । मल्लमार्फत काठमाडौं आइपुगेका हीरासिंहसित दुर्गालाई भिडाइदिए, प्रचार विभागका तत्कालीन निर्देशक नारायणप्रसाद बास्कोटाले ।

सिनेमाको कुल बजेट थियो, दुई लाख रुपियाँ । सानो बजेटमा राम्रा मान्छे छानेर सिनेमा बनाउनु सजिलो थिएन । कुनै पनि कलाकारले सिनेमामा काम गरेका थिएनन् । नृत्य-नाटिकाको मात्र अनुभवको भरमा अभिनयमा भाव ल्याउनु मुस्किल थियो । साउन्ड रेकर्डिस्ट, सिनेमाटोग्राफर, म्युजिक डाइरेक्टर, क्यामराम्यान, मेकअपम्यान आदि प्राविधिक पनि भारतबाटै झिकाउनुपर्‍यो ।

"पहिले क्यामराम्यान देवजी भाइले सबै कलाकारको फोटो खिचे र फोटोजेनिक फेस छाने हीरासिंहले," कलाकार छनोटबारे सुनाउँछन् दुर्गा, "नायक शिवशंकर भए, नायिका भुवन थापा (चन्द) । त्यसपछि हीरासिंह र म बसेर सिनेमाको मोटामोटी आउटलाइन बनायौं ।"

*आमाको* लिखितम् पटकथा थिएन । सुटिङको अघिल्लो दिन मात्रै यसबारे छलफल हुन्थ्यो । सिनेमामा कथाभन्दा पनि नाचगान बढी छ । गाउँमा जमिन्दारको अत्याचारको विरोध गरिएको छ । खलनायक छन् उत्तम नेपाली । "एक दिन स्वास्नीलाई कुटिरहेका भैरवबहादुर (गरिब) जमिन्दारले कराउनुपर्ने हुन्छ- ए स्वास्नीलाई किन कुटेको ?" उनी सुटिङको सम्झना गर्छन्, "लखनउबाट आएका उत्तम नेपाली जति पटक रिटेक गर्दा पनि स्वास्नीहरू मात्रै भनेको भन्थ्यै ।" आठ टेकमा बल्ल 'ओके' भयो ।

निर्देशकहरूको गाली पनि खान्थे कलाकारहरू । एक सट्मा काम नसक्दा समय र रिल दुवै खर्च हुन्थ्यो । हीरासिंहको थेगो नै थियो- 'बहुत बेकार आदमी हो' । 'आउटडोर' सुटिङ ककनीमा १० दिन भयो भने 'इनडोर' सुटिङ कोलकातामा एक महिना । ६ महिनामा दुई घन्टाको सिनेमा तयार भयो । "हीरासिंह त हिरोलाई के गाली गर्दा रहेछन् र ? संवाद बिराउँदा उडिया फिल्मका डाइरेक्टरले हिरोलाई हकारे, गधा कहींका ?" उनी हाँस्छन्, "त्यसपछि पो मलाई थाहा भयो, डाइरेक्टरलाई हिरोभन्दा बढी अधिकार हुँदो रहेछ ।"

पोस्ट प्रोडक्सनका क्रममा कलकत्ता बस्दाका मीठा सम्झना छन्, खातका खात । कलाकार दुईवटा गेस्ट हाउसमा परिवारजसरी बसेका थिए । "इन्द्रलाल, हरिप्रसाद रिमाल, भैरवबहादुर थापा अर्को होटलमा बसेका थिए," उनी सम्झन्छन्, "उनीहरू पानी परेका बेला कोठाभित्र छाता ओढेर तास खेलिरहेका रहेछन् ।"

जय नेपाल हलमा *आमा* तीन महिनासम्म प्रदर्शन भयो । 'प्रिमियर सो' हेर्न राजा महेन्द्र पनि आएका थिए । बसुन्धरा भुसालको थेगो निकै चल्यो, ए रात्तै ! दार्जीलिङ, आसाम, सिक्किम, देहरादुन, मणिपुर, मेघालयतिर अझ बढी । फिल्मको व्यावसायिक सफलतापछि राजा महेन्द्रले उनलाई दुई हजार बक्सिस दिए । "त्यो बेला दुई सय रुपियाँमा एक तोला सुन आउँथ्यो," उनी भन्छन्, "दुई हजार भनेको त कति हो कति ?"

निर्देशक हीरासिंहले पनि पैसाका लागि काम गरेका थिएनन् । नेपाली फिल्मको निर्देशक हुन पाउँदा नै खुसी भए । गोरखा दक्षिणबाहु तेस्रो पनि पाए । "*आमा* आर्ट सिनेमा हो । त्यसमा तपाईं कलासम्बन्धी कुनै खोट

देखाउन सक्नुहुन्न," उनको मूल्यांकन छ, "पञ्चै हो, यो देश बनाइदेऊ भन्ने गानाबाहेक राजा र पञ्चायतको कुनै गुणगान छैन ।"

*आमा*पछि बनेको *हिजो, आज, भोलि* (०२४)मा पनि हीरासिंहकै असिस्सेन्टका रूपमा काम गरे उनले । त्यसका एक कलाकार थिए नीर शाह । विभाग (सूचना विभाग)मा १० वर्ष काम गरे उनले । केही समय कामु उपसचिवसमेत चलाएका उनी रौतहटको हिन्दु-मुसलमान दंगाका बेला राजनारायण श्रेष्ठ नेतृत्वमा खटाइएको टोलीमा पनि थिए । टोलीकै सल्लाहमा सेना परिचालनपछि दंगा साम्य भएको थियो । त्यतिबेला परिचय दिँदा राजा महेन्द्रले उनलाई सोधेका थिए, 'तिमी काशीबहादुरको छोरा होइनौ ?'

तिनै काशीबहादुर नै थिए, *उदय* पत्रिका (१९९३)का संस्थापक सम्पादक । केशर-कस्तुरी, मोती र जवाहरातका भक्तपुरे व्यापारी उनी सुरुमा हिन्दी कथा लेख्दा रहेछन् । जनकपुर माल अड्डाका आनन्दबहादुर सुब्बाको सल्लाहमा उनले नेपाली भाषामा उपन्यास मात्र लेखेनन्, *उदय* पत्रिका नै निकाले ।

*उदय*भन्दा दुई वर्ष कान्छा छन्, दुर्गाप्रसाद । दुर्गाअघि जन्मेका तीन सन्तान लगालग नवजात अवस्थामै कालकवलित भएपछि उनलाई मावली जनकपुरको सबेला लगियो । पाँच वर्ष लागेपछि पिताले उनलाई बनारस लगे । चौखम्भा मोहल्लाको पाठशाला बाल निकेतनमा पढाए । चौखम्भा आधुनिक हिन्दीका जन्मदाता भारतेन्दु हरिश्चन्द्र र मोतीराम भट्टको निवासस्थान हो । अग्रसेन महाजनी विद्यालयमा पढ्दा नै उनमा देवकीनन्दन खत्री, प्रेमचन्द आदिको उपन्यासमा लत बस्यो । हरेक आइतबार मर्निङ सोमा हाफ रेटमा हिन्दी र अंग्रेजी फिल्म हेर्नु उनको सोख थियो ।

शिक्षक शिवप्रसाद मिश्रको कहानीसंग्रह *बहती गंगा* पढेर उनलाई लेख्ने प्रेरणा आयो । इलाहावादको पत्रिका *कहानी*मा 'जुत्ता' कथा छापेका उनले आमा सुवर्णकुमारीको आशीर्वाद सम्झिरहेका छन्, 'बाबु पढेर डाक्टर बन्नू र मलाई सुख दिनू ।' त्यस अनुसार बायोलोजी लिएर इन्टरमिडियट पढेका पनि हुन् । तर, आमाको जीवन मेनन्जाइटिसले लग्यो । अभाव र गरिबीका कारण उनको अध्ययन त्यता अघि बढेन ।

"साँच्चै अब उदय निकाल्छ कसले ?"

काशी हिन्दु विश्वविद्यालय बनारसमा हिन्दी साहित्यमा स्नातकोत्तर पढ्दा गर्मी छुट्टीमा दुर्गा चेलीको विवाहका क्रममा आएका रहेछन्, पहिलोपटक काठमाडौँ । विवाह घरका छिमेकी रहेछन्, नारायणप्रसाद बाँस्कोटा । त्यतिबेलाको बाँस्कोटाको नामी पत्रिका *प्रगति*मा उनका कविता छापिइसकेका थिए ।

भेट्नासाथ बाँस्कोटाले सोधेछन्, 'दुर्गा, तिमी यतै काम गर्छौ ?' उनले गर्छु भनेपछि प्रक्रिया पुऱ्याउनकै लागि विज्ञापन छापियो *गोरखापत्र*मा । धेरैले दरखास्त हाले । तर, उनलाई जागिर खुवाउन खडा गरिएको शाखा अधिकृत पदमा अरूले पाउने चान्सै थिएन । तत्कालीन सञ्चार एवं पञ्चायत सचिव कुलशेखर शर्माले अन्तर्वार्ता लिएका थिए उनको ।

प्रचार विभागमा पहिलो टेलिप्रिन्टर आएको थियो भर्खर । त्यो टेलिप्रिन्टर चलाउने पनि उनै भए । त्यो टेलिप्रिन्टर रासस खुलेपछि उतै पठाइयो । *गोरखापत्र*को छापाखानालाई आधुनिकीकरण गर्दा ब्रिटिस एडभाइजर भएर पनि काम गरे उनले ।

०१९ को संविधान छाप्दाखेरी प्रुफ रिडिङका लागि सात रात *गोरखापत्र*को छापाखानामै काटेको उनी सम्झन्छन् । त्यो सबै *उदय* पत्रिकाको अनुभवका कारण थियो । "त्यतिबेला हाम्रा लागि खाना दरबारबाटै आउँथ्यो । रक्सी पनि नियमित आउँथ्यो," उनी हाँस्छन्, "खाना लिएर राजाका निजी सचिव मधुसूदनराज राजभण्डारी स्वयं आउँथे ।"

उनका पिता काशीबहादुर श्रेष्ठ काठमाडौँ आउँदा राजाको दर्शन भेट पाइहाल्थे । राजाले भनेछन्, 'तिम्रो छोराले राम्रो काम गर्दैछ । केही चाहिन्छ तिमीलाई ?' उनले बिन्ती गरेछन्, 'उसको एउटा कथासंग्रह छाप्नु थियो सरकार ।' राजाले दिएको १२ सय भारुले उनको पहिलो कथासंग्रह छापियो, *सम्झनाको बादल* । दुर्गाप्रसाद श्रेष्ठ उर्फ उपेन्द्रका नाममा नेपालीमा आठ, हिन्दीमा चार र अंग्रेजीमा एक पुस्तक प्रकाशित छन् ।

०२८ मा राजा महेन्द्र बिते । प्रचार विभागबाट बाँस्कोटा हटे, धनुषचन्द्र गौतम आए । यही मौकामा बाबु बिरामी भएको र दसैँमा टीका थाप्न जाने बहाना बनाएर बनारस हिँडे दुर्गा । उनले जागिर र फिल्मतिर फर्किएर पनि हेरेनन् । त्यतिखेर महिनावारी तलब दुई सय रुपियाँ थियो । १० वर्षमा १३ हजार रुपियाँ सञ्चयकोष लिए । बस्, त्यत्ति हो ।

बनारस फर्किएपछि *सन्मार्ग* दैनिकमा विज्ञापन व्यवस्थापकको काम पाए । त्यसका प्रकाशक संकटमोचन मन्दिरका महन्त पण्डित वीरभद्र मिश्रको गंगा सफाइ अभियानमा पनि जोडिए । त्यसपछि हिन्दी प्रचारक संस्थानमा जनसम्पर्क अधिकारी भए । त्यहाँबाट पहिलो हिन्दी कथासंग्रह *सत्तारे मौसी* छापिएपछि उनी गैरहिन्दीभाषी लेखकका रूपमा पुरस्कृत पनि भए । उनको *चण्डीघोष स्ट्रिट* उपन्यास पनि प्रकाशित छ । रत्न पुस्तक भण्डारको पुस्तकसम्बन्धी काम पनि गरे ।

पिता बितेको सात वर्षपछि *उदय*को पुनरोदय गराए उनले । पिताले ८३ अंक निकालेका थिए, पुत्रले ८४ अंक निकालेका छन् । "पहिले इलाहावाद र बनारस थिए साहित्यको केन्द्र, अहिले दिल्ली भयो," उनी भन्छन्, "नेपाली भाषामा निस्कने पत्रिका पनि *उदय* मात्रै हो ।" कुनै बेला धर्म, शिक्षा, राजनीति र साहित्यको केन्द्रका रूपमा चिनिएको बनारसमा अहिले पनि २० हजार नेपाली छन् । तिनका 'लोकल गार्जियन' उनै हुन् ।

बनारसमा नेपाल-भारत साहित्यकार सम्मेलन, लेखक-प्रकाशक संगोष्ठी गराउँदै आएका उनी 'मिनी मदन पुरस्कार' मानिने मदन स्मारक सम्मानको व्यवस्थापक पनि हुन् । श्री विद्याधर्म प्रचारिणी नेपाली समिति र नेपाली मन्दिरका हर्ताकर्ता पनि उनै छन् । भारतका लागि राजदूत हुँदा भेषबहादुर थापाले उनको परिचय गराएका थिए, 'सांस्कृतिक राजदूत'का रूपमा ।

कुनै बेला महाकवि लक्ष्मीप्रसाद देवकोटाले प्रुफ हेरेबापत २५ पैसा पाउने *उदय* पत्रिकाका लागि देहरादुनका अवकाशप्राप्त सिपाहीहरूले सहायता पठाइरहेका हुन्छन् । दुर्गाका दुई छोरा र एक छोरी काठमाडौँमै घरजम गरेर बसेका छन् । अल्जाइमरपीडित श्रीमती कृष्णकुमारी पनि यतै छिन् । बनारसमा एक्लै बस्ने उनी बर्सेनि दुई-तीन खेप यता आउँछन् ।

पिताको पदचाप दुर्गाले पछ्याए । त्यसैले अर्को जन्मका लागि पनि उनको कामना छ- काशीबहादुर श्रेष्ठ नै पिता भएर आऊन् । तर, उनका छोराछोरी कोही पनि साहित्यमा छैनन् । तपाईंको सेखापछि कसले *उदय* निकाल्छ ? यो प्रश्नमा उनी पटक-पटक घोत्लिन्छन्, "साँच्चै अब *उदय* निकाल्छ कसले ?" ◆

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
ANS-16
Both can keep the conversation interesting.
But one of them will lead to unpleasant consequences the next morning.
The Kathmandu Post unravels stories from all parts of the world keeping you well-informed on everything
so that your conversation remains exciting no matter how random the topic gets.
KEEP THE CONVERSATION INTERESTING WITH
money onsaturday sports life&style world thecollegian health&living et cetera op-ed escalate classroom
International content licensed from
The Guardian I Project Syndicate I Asia News Network I The New York Times News Service
the kathmandupost

# कपाल कला

## सहरिया युवापुस्ता अनेक बान्कीका हेयर स्टाइलमा अभ्यस्त

**गोकर्ण गौतम**

मुम्बईमा केही समय बिताएपछि लक्ष्मी ठाकुरले काठमाडौंको ठमेलस्थित होटल सोनिकामा सैलुन खोले, १८ वर्षअगाडि । त्यतिबेला ठमेलमा पर्यटकको ठेलमठेल हुन्थ्यो, सैलुनका अधिकांश आगन्तुक पर्यटक नै हुन्थे । नेपाली ठिटाहरू आक्कलझुक्कल सैलुन छिर्थे । र, सिर्फ यत्ति भन्थे, 'कपाल काट्नु पर्‍यो ।' सबैको उद्देश्य हुन्थ्यो, लामो कपाल छोट्याउने । कपाललाई थरीथरीका बान्कीमा सजाउने न ज्ञान थियो, न त त्यही अनुकूलको परिवेश । त्यसैले प्रायः सबैको एउटै शैली हुन्थ्यो । राजधानीमा तीनवटा सुविधासम्पन्न सैलुन चलाइरहेका लक्ष्मी भन्छन्, "त्यतिबेला र अहिले त आकाश-जमिनको फरक छ । हेयर स्टाइल आफ्नो व्यक्तित्व निर्माणको महत्त्वपूर्ण आधार भएको मान्छेले बुझिसके । थरीथरीका स्टाइल पछ्याउन थालेका छन् । हामीभन्दा ग्राहक पो जान्ने भइसके ।"

अर्का चर्चित हेयर स्टाइलिस नील डेबिडको भोगाइ लक्ष्मीको भन्दा भिन्न छैन । नीलले काठमाडौं मलमा पहिलो आधुनिक सैलुन खोलेको ११ वर्ष बित्यो । त्यतिबेला युवामा कपालको सजावट र सुरक्षाका बारेमा सचेतना शून्यप्रायः थियो । त्यसमाथि केटाहरू त विरलै मात्र सैलुन पुग्थे । ब्युटीपार्लरको बिगबिगी थियो तर स्टाइलिस सैलुनहरू स्थापनामै संघर्ष गर्दै थिए । अहिले जमाना बदलिएको छ । नीलकै भनाइमा अचेल केटीभन्दा केटाहरू हेयर स्टाइलमा सजग हुन थालेका छन् । सैलुनमा देखिने केटाहरूको भीडले उनको भनाइलाई थप बल दिन्छ । नेपालमा हेयर स्टाइल ट्रेन्ड बदल्न महत्त्वपूर्ण भूमिका खेलेका नील भन्छन्, "अहिले पेसा र व्यक्तित्व अनुसार कपाललाई रूपरंग दिने संस्कृति विकास भएको छ । सहरिया युवापुस्ता त हेयर कटिङमा अनेक प्रयोग गर्न उत्साही हुन्छन् ।"

र, यो सबै छलाङ सम्भव भएको हो, पछिल्लो दशकमा । त्यसमा पनि केही वर्षयता त नेपालीको हेयर स्टाइलमा एक खालको 'क्रान्ति' नै आएको डिजाइनरहरूको अनुभव छ । कुनै जमाना थियो, लामो कपाल राख्दा छवि बिग्रिएला भन्ने डर हुन्थ्यो । कपालको रेखदेख गर्न उस्तै झन्झट । सोही कारण सकेसम्म कपाल छोटो बनाएर काटिन्थ्यो । नयाँ डिजाइनसम्म पहुँच थिएन । स्टाइलिसले सुझाएको शैलीमा काट्न धक मानिन्थ्यो तर इन्टरनेट र सामाजिक सञ्जालको तीव्र विकासले अन्य आयाममा जस्तै केशविन्यासमा पनि बदलाव आएको छ । व्यक्तित्व अनुसारको हेयर स्टाइल बनाउन माहिर मानिएका डिजाइनर लक्ष्मी भन्छन्, "कपालमा मान्छेको मुड, स्वभाव,

तस्बिर : भास्कर ओझा

मोहक अन्डरकट

ग्राटिच्युड अन्डरकट

ब्यालेन्स कट

लाइनर अन्डरकट

हेयर ट्याटु

चरित्र र छवि झल्कन्छ । नयाँ पुस्ताले यो यथार्थलाई आत्मसात् गरिसकेका छन्। हाम्रो जिम्मेवारी पनि कपाल नबिग्रने र व्यक्तित्वमा असर नपर्ने डिजाइन बनाइदिनु हो।" अमेरिका वा कुनै पश्चिमा मुलुकमा जुन फेसन ट्रेन्ड जन्मिन्छ, उत्तिखेरै काठमाडौंमा त्यसको प्रभाव पर्छ । मोबाइलबाट फोटो देखाउँदै सैलुन छिर्छन् केटाहरू, त्यस्तै शैली र सजावटमा कपाल काट्न । कतिपयलाई डिजाइनरले त्यस्तो हेयर स्टाइल नसुहाउने सुझाव दिन्छन् । तर, नकाटी धरै पाउँदैनन्, ग्राहकको जिद्दीका कारण ।

त्यसो त हामीकहाँ पहिले पश्चिमा हेयर स्टाइलको प्रभाव नपरेको होइन । पर्थ्यो तर सीमित अनि लामो समयसम्म एउटै स्टाइल टिक्थ्यो । जस्तो : डेढ दशकअगाडि हलिउड अभिनेता तथा गायक रिक्की मार्टिनको कट्ले नेपालमा हलचल मच्चाएको थियो । पछाडि र कानको छेउमा मसिनो अनि अगाडि हल्का ठाडो पार्ने यो स्टाइलमा धेरै नेपाली युवा सजिए । पछाडि एक इन्च मसिनो र अरूतिर कपाल लामो राखिने स्टेप कट्लाई पनि पछ्याइयो । टुप्पीभन्दा मुनि धार देखाएर काट्ने भोगटे कटिङ उस्तै हिट थियो । अढाई दशकदेखि काठमाडौंमा कपाल काटिरहेका राम ठाकुर भन्छन्, "तर, ती सबै स्टाइल विस्थापित भइसके । उतिबेला धेरै विकल्प नहुने भएकाले लामो समय टिकेका थिए ।" उनका अनुसार अहिले त मौसमपिच्छे होइन कि महिनैपिच्छे हेयर स्टाइल परिवर्तन गर्ने लहर आएको छ । पहिले महिना दिनमा एकपटक सैलुन छिरिन्थ्यो, अहिले हप्तैपिच्छे सैलुन धाउनेको जमात बढेको छ ।

हाम्रो हेयर स्टाइलको मुख्य स्रोतचाहिँ हलिउड/बलिउड अभिनेता, पश्चिमा फुटबल स्टार अनि भारतीय क्रिकेटरहरू हुन् । बेलायती फुटबलर डेभिड बेकह्यामको हेयर स्टाइल विश्वका अन्य देशमा झैं नेपालमा पनि अत्यधिक पछ्याइयो । अहिले जति पनि स्टाइल छन्, ती कहीँ न कहीँ डेभिडबाटै प्रभावित भएको मानिन्छ । नेपाली युवापुस्ता क्रिस्टियानो रोनाल्डोको खेल मात्र होइन, हेयर स्टाइलका पनि फ्यान हुन् । सन् २०१० को विश्वकपताका बालाटोली कट् हिट भएको थियो । त्यस्तै, बलिउड अभिनेता आमिर खानको *गजनी* फिल्मको कपाल कटाइ पनि नेपालमा लामो समय पछ्याइयो, गजनी कट्का नाममा । तर, डिजाइनरहरूचाहिँ विदेशी सेलिब्रिटीको नक्कल गर्नुभन्दा आफूलाई सुहाउने नयाँ स्टाइलमा कपाल सजाउनुपर्ने सुझाव दिन्छन् । मौलिक शैलीलाई प्राथमिकतामा राख्ने डिजाइनर लक्ष्मी भन्छन्, "आफ्नो पेसा, उचाइ, छालाको रंगजस्ता पक्षलाई ध्यानमा राखेर कपाल काट्नु पर्छ । एकोहोरो नक्कल गर्दा व्यक्तित्वमै असर पर्न सक्छ ।" तर, क्यालेन्डरको पाता फेरिएसँगै केसको रूपरेखा बदल्ने बानी परिसकेकाहरू डिजाइनरका यस्ता सल्लाहलाई कहाँ मनन गर्थे र ? सिटीसी मलको ट्रेन्ड सेटर्स हेयर सैलुनमा भेटिएका आशान्त शाक्य, २२, भन्दै थिए, "अहिले उमेरले अवसर र छुट दिएको छ, मन लागेको स्टाइलमा काट्न । 'चालीस कटेपछि' हेयरस्टाइलमा प्रयोग गर्न सम्भव हुँदैन । त्यसैले किन पछि पर्नू र ?" अन्डरकट्लाई परिवर्तन गरेर हेयर ट्याटु बनाउने योजनामा छन् उनी ।

अहिले अनगिन्ती हेयर स्टाइल छन् । तैपनि, डिजाइनरले व्यक्तिको विभिन्न पक्षलाई ख्यालमा राखेर कपाललाई अनेक हुलियामा ढालिदिन्छन् । जस्तो : अनुहार फराकिलो हुनेलाई स्लिम देखाउन रेजर कट् उपयुक्त हुन्छ । होचो मान्छेले लामो कपाल राख्नु हुन्न, छोटो कपाल माथि उठाउनु पर्छ । अन्डरकट्चाहिँ नेपाल मात्र होइन, संसारभरकै युवाले अनुसरण गरिरहेका छन् । अस्ट्रेलियन डिजाइनरले तयार पारेको यस डिजाइनमा टाउकोको तल्लो भाग र कानको छेउमा कपाल मसिनो बनाइन्छ । अगाडि लामो हुन्छ । साथै, रुचि अनुसार विभिन्न डिजाइन बनाउन सकिन्छ । कपालभित्र अनेक आकृति बनाउने हेयर ट्याटुको चलन बढेको छ । अगाडिबाट पछाडिसम्म कपाल माथि उठाउने मोहक अर्को लोकप्रिय स्टाइल हो । यो टिनएजर्समा बढी चलेको छ । लेयर्स कट् घुम्रिएको कपाल हुनेलाई सुहाउँछ । औपचारिक कार्यक्रममा सरिक हुन सोल्भ कट् राम्रो हुन्छ । यसले 'डिसेन्ट लुक्स' दिन्छ । तर, धेरै स्टाइल परिवर्तन गर्नुभन्दा एक वा दुई स्टाइललाई निरन्तरता दिनु उत्तम हुने नीलको सुझाव छ ।

तर, चिन्ता हेयर कटिङ र स्टाइलको होइन । कपाल मात्र शरीरको यस्तो भाग हो, जसमा पटक-पटक प्रयोग गर्न र पुरानै अवस्थामा फर्काउन सकिन्छ । त्यसैले कटिङ मन नपरे केही समयपछि पहिलेकै जस्तो बनाउने सुविधा हुन्छ । त्यसैले कटिङमा अनेक स्टाइल अपनाए पनि दीर्घकालीन नोक्सान हुन्न । तर, थरीथरीका कलर लगाउने प्रवृत्ति घातक हुन सक्ने डिजाइनरहरू बताउँछन् । १८ वर्षसम्म त कपालमा कलर र अन्य केमिकल वर्क प्रयोग गर्नै हुन्न । त्यतिबेलासम्म कपालको पूर्ण विकास भइसकेको हुन्न । २० वर्ष पुगेपछि रंग लगाउनुहुन्छ । तर, त्यसको मात्रा उपयुक्त हुनुपर्छ । "पटक-पटक कलर परिवर्तन गर्नैहुन्न । कलरपछि विभिन्न ट्रिटमेन्ट गर्नु अनिवार्य हुन्छ," लक्ष्मी भन्छन्, "त्यसबाहेक हेयर स्पा र ओइल मसाज गरिराख्नु पर्छ । होइन भने कपाल सुक्खा हुने, टुक्रने, झर्ने डर हुन्छ । बाहिरबाट कपाल स्टाइलिस देखिए पनि भित्र बिग्रिसकेको हुन्छ ।" ◆

अनुभूति



॥ विश्वास हमाल

# नेपाल छाड्ने चक्करमा



घरबाट बिहानै निस्केको थिएँ । एक घन्टाजति आरएनएसी बिल्डिङमा रहेको भारतीय दूतावासको पुस्तकालयमा बिताएँ । वीर अस्पताल, खुलामञ्च, बागबजार, पुतलीसडक हुँदै डिल्लीबजार उकालोको देब्रेपट्टि रहेको एउटा सानो घरमा छिरेँ । न त केही आशा छ, न केही उमंग । मलाई थाहा छ, हुनेवाला केही छैन । तापनि, चार-पाँच महिनादेखि काठमाडौँ र ललितपुरका यस्ता धेरै ठाउँ चहारेको थिएँ । जब-जब म यस्तो ठाउँमा पुग्छु, एउटा सपना फेरि जीवित हुन्थ्यो । त्यही झिनो आशासहित त्यो डिल्लीबजार उकालोको घरमा छिरेको थिएँ । सानो चिटिक्क परेको घरको मूल ढोका एउटी सुन्दर अधबैँसे महिलाले खोलिन् ।

'क्यान आई हेल्प यू ?' मीठो अंग्रेजी तर नेपाली शैलीमा उनले सोधिन् ।

काठमाडौँको भीडभाड, कोलाहल र धूलोमैलोबाट यस्तो चिटिक्क परेको वातानुकूलित घरमा छिर्दा आनन्द नै बेग्लै आउँछ ।

'न्युजिल्यान्डमा पढ्नेबारे केही सोध्नु थियो,' मेरो प्रश्न सुनेपछि उनले भनिन्, 'सोध्नूस् न !'

'मलाई त्यहाँ पढ्न जान मन छ । छात्रवृत्ति र त्यहाँको शिक्षाबारे केही बुझ्नु थियो ।'

'यसबारेमा हाम्रो वेबसाइटमा विस्तृत जानकारी छ' भन्दै उनले दुई पेज कागज मेरो हातमा थमाइन् ।

यो थियो, न्युजिल्यान्डको नेपालस्थित नियोग अर्थात् कन्सुलेट । दूतावास भने भारतमा थियो, जसले नेपाल पनि हेर्थ्यो । सोफामा बसेर उनले दिएका कागज हेर्दै थिएँ, टेबलमा उनले केही मोटा-मोटा पुस्तक पनि राखिदिइन् र भनिन्, 'थप जानकारीका लागि यी पुस्तकहरू हेर्न सक्नुहुन्छ । यसबाट तपाईंलाई केही चाहिन्छ भने म फोटोकपी गरिदिन सक्छु ।' ती पुस्तकमा न्युजिल्यान्डका चिल्ला सडक, हराभरा फाँट र भेडाहरूका आकर्षक तस्बिर थिए । आफू न्युजिल्यान्ड पुगेको कल्पना गर्दै डिल्लीबजारको कोलाहल छिचोलेर चारखालतिर मोडिएँ ।

किन-किन मलाई भित्रैदेखि नेपाल छोड्न मन छ । यो मेरो धन कमाउने, शिक्षा प्राप्त गर्ने वा देशमा भविष्यप्रति निराश भएर भन्दा पनि मलाई विदेश देख्न मन थियो, संसार हेर्न इच्छा थियो । मैले काठमाडौँका सबै दूतावास र नियोगमा सुरक्षा गार्डहरूको नमीठो गाली खाएको छु । यसै विषयमा कन्सल्टेन्सीहरूले आयोजना गर्ने फ्रि सेमिनारमा गएर आफूलाई तरोताजा गरेको छु । यही बहानामा राजधानीका एकसेएक तारे होटलहरू छिरेको छु । अमेरिका, अस्ट्रेलिया, साइप्रस या रसियाका सपना बाँडिन्थे, यस्ता सेमिनारमा । म भीडको अन्तिमतिर हुन्थेँ, जहाँ मजस्तै विदेशमा त स्वर्ग छ भनिठान्ने युवाहरूका हुल हुन्थे । यस्ता सेमिनारमा विदेशको भिडियो क्लिप पनि देखाइन्थ्यो । गरिब देशका हामी अल्छी युवाहरूको भावना र सपना सजिलै किन्थे उनीहरू । यस्तोमा कहिलेकाहीँ भाग्यवश चिया-बिस्कुट पनि राखिएको हुन्थ्यो । तारे होटलमा सित्तैँमा चिया-बिस्कुट खाएर आएपछि केही दिन त फुर्ति नै अर्कै हुन्थ्यो ।

यसरी विदेशको सपना बुन्ने क्रममा अमेरिकन सेन्टरमा पनि धेरै पल्ट छिरेँ । एकपटक त अमेरिकाका ५० वटा राज्यको नाम एउटा कपीमा लेखेर घोक्दै बसेको सम्झना पनि छ । लैनचौरको ब्रिटिस काउन्सिल पनि कति धाइयो कति, सम्झी साध्य छैन ।

म विशालनगर-भाटभटेनी-टंगालतिर साइकल कुदाउँथेँ । मन

भने अमेरिका या युरोपको कुनै सहरमा हुन्थ्यो । कुन देश जाने, किन त्यही देश जाने भन्नेचाहिँ थाहा थिएन । तर, नेपाल भने बस्दिनँ, त्यति कुरा मात्रै थियो मनमा । साथीहरूसँगको मुख्य गफ नै को कुन देश गयो भन्नेमा सीमित हुन्थ्यो ।

बेलुका लखतरान भएर कोठामा आउँदा यत्तिकै पनि थाकिन्थ्यो । साँझमा एक ठाउँमा होम ट्युसन पढाउँथेँ । त्यहाँ केही सिकाएपछि र होमवर्क दिएपछि म फेरि आफ्नै दुनियाँमा हराउँथेँ । काठमाडौँमा मेरो सबैभन्दा मन पर्ने ठाउँ थियो, कमलपोखरीको रसियन कल्चर सेन्टर । म घन्टौँ त्यहीँ बस्थेँ, किन-किन त्यहाँजस्तो आनन्द अन्त लाग्दैनथ्यो । त्यहाँको लाइब्रेरी निकै फराकिलो र व्यवस्थित थियो । सायद धेरै मान्छेलाई थाहा नभएर पनि हुन सक्छ, मान्छेहरू त्यति धेरै हुँदैनथे । सबै पत्रिकाहरू पालैपालो पढ्थेँ । फेरि, रसियाका धेरै किताब नेपालीमा अनुवाद गरिएका पनि थिए । कहिलेकाहीँ लाग्थ्यो पनि, रसिया नै जानुपर्छ कि ! एक दिन 'स्टडी इन रसिया' भन्ने सूचना त्यही लाइब्रेरीमा टाँसिएको थियो । त्यसबारेमा मैले सोधेँ । 'यदि तिमी सिरियस छौ भने अहिले नै फर्म भर । किनभने, तीन महिनापछि तिमी ओरिएन्टेसन डेमा मस्को पुग्नुपर्छ,' आफ्नो बिजनेस कोर्सका बारेमा रसियाली प्रतिनिधि भन्दै थिइन् । मुसुमुसु हाँस्दै उनको कुरा सुनिरहेँ । तर, मेरो त्यो मुस्कान र सपना एकाएक गायब भयो, जब उनले स्कुलको फि र पहिलो ६ महिना अनिवार्य रसियन भाषा सिक्नुपर्ने कुरा भनिन् । मेरो रसियन सपना जन्मन नपाउँदै मर्‍यो । त्यसपछि मैले कहिल्यै पनि त्यो सपना देखिनँ । धेरै वर्षपछि रसियाको सेन्ट पिटर्सबर्ग छोडेर ग्रामीण भेगतिर बरालिँदा मनमनै ती पुराना दिन सम्झनामा आए ।



मलाई लाग्थ्यो, युरोपका सबै देश एकसेएक विकसित छन् । रोजगारीको समस्या भए पनि सानोतिनो काम त अवश्य पाइहाल्छु । अमेरिका, क्यानडा र बेलायततिर पनि यसो नजर गाड्दै थिएँ, छात्रवृत्तिको झिनो आशमा । ज्ञानेश्वरको बाटो हिँड्दै गर्दा जर्मन दूतावासमा जहिले पनि मेरो नजर पुग्थ्यो । त्यहाँको मुख्य गेटमा रहेको सूचना पाटी नबिराई हेर्थें । जर्मन सरकारले प्रदान गर्ने छात्रवृत्ति र अन्य सूचनाहरू त्यहाँ टाँसिएका हुन्थे । एक दिन दूतावास गेटमा १५-२० जनाजति युवाको भीड थियो । सुरक्षा गार्डलाई सोधेको त जर्मनीमा मास्टर्स डिग्रीको छात्रवृत्तिका लागि आवेदन वितरण हुँदै रहेछ । मैले भर्खरै मात्र प्लस टू उत्तीर्ण गरेको थिएँ, अब कहाँबाट मास्टर्सका लागि आवेदन दिने ! त्यो भीड छिचोल्दै म 'सेल्फ फाइनान्स' मा पढ्नेबारे बुझ्न चाहन्छु भनेपछि 'ल भाइ तपाईं आउनुस्' भन्दै सुरक्षा गार्डले भित्र छिराए । १५ मिनेटजति भित्र बसेर निस्कँदा संसार जितेजस्तो भयो । अनि, जर्मनी छिर्ने सपना र आफ्नो औकात दाँज्दै म सानो गौचरनभित्र छिरेँ । त्यहाँ आधा घन्टा 'सी' डिभिजनको फुटबल म्याच हेरेपछि आफ्नो बाटो तताएँ ।

टीभीमा प्रायः अंग्रेजी चलचित्र र डकुमेन्ट्रीहरू हेरी बस्थेँ र मनमनै कल्पना गर्थें, नेपालबाहिरको समाज कस्तो होला ? काठमाडौँको त्यो भीडभाड र महँगीमा सपना देख्नेबाहेक अरू खासै केही गर्न सकिएको थिएन । मेरा धेरै साथीहरू घरबाट पैसा लिएर विद्यार्थी जीवन चलाइरहेको बेला म भने सानोतिनो काम आफैँ खोजेर दुई-चार पैसा भए पनि कहिलेकाहीँ घर पठाउन पाउँदा सन्तुष्ट थिएँ । तर, संसार एउटा 'ग्लोबल भिलेज' हो, एक ठाउँमा मात्र कोचिएर बस्नु हुँदैन, सकेसम्म आफूलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ भन्ने कुरा बार-बार आइरहन्थ्यो ।

●●●

त्यो दिन ठूलो पानी परेको थियो । कुपन्डोल बस्ने एउटा साथीले 'बस्ने गरी आइज' भनेर बोलाएको धेरै भएको थियो । साइकल बिग्रेकाले नक्सालको पुलिस हेडक्वाटरबाट २६ नम्बर बस चढेर त्यतातिर लागेँ । 'एक घन्टाजति भयो, एउटा नयाँ मान्छेसँग बाहिर निस्केको,' साथीको कोठामा ताल्चा देखेपछि तलको पसले दाइलाई सोध्दा यसो भनेका थिए । त्यही नयाँ मान्छेसँग भेट्नु पनि मेरो अर्को उद्देश्य थियो । खासमा ती नयाँ मान्छे अस्ट्रेलियाबाट आएका थिए । गाउँमा एक महिना बिताएर फर्किन लागेका थिए । तिनलाई मैले पहिले पनि भेट्न खोजेको थिएँ । दुई घन्टा बित्यो । तर, साथी आउने पत्तै भएन । फोन गरेर आउनुपर्ने रैछ भनी थकथकी लाग्यो । फेरि, जहिले फोन गर्दा पनि घरबेटी 'छैन' भनेर झर्किन्थ्यो । त्यो बेला काठमाडौँमा भाडामा बस्नेको ठूलो समस्या थियो त्यो । मोबाइल फोन नआएको भए त झन् के बिजोग हुन्थ्यो होला, अहिले !

झिसमिसे साँझ पर्दा पनि ऊ नआएपछि 'म आएको थिएँ' भन्ने नोट चुकुलको च्यापमा घुसाएर फर्कें । सोचेको थिएँ, नयाँ मान्छेसँग धेरै कुरा सोध्ने छु । गोराको देशको चलन र जीवनशैलीबारे अनेकन् प्रश्न गर्नेछु । र, अन्त्यमा 'मौका मिल्यो भने उतै भेटौँला' पनि भन्नेछु । मनमा यस्तै कुरा खेलाउँदै फर्किंदै थिएँ । बाहिर हिमालय होटलअगाडि निस्कें । सिमसिम पानी अझै रोकिएको थिएन । धेरै बेर बस कुर्दा पनि आएन । सायद, रात परिसकेकाले होला । ट्याक्सीमा जाने न हिम्मत थियो, न त पैसा नै । वाग्मती पुल तर्दै थापाथली चोक काटेर सर्वोच्च अदालत-सिंहदरबारबाट अनामनगर छिर्ने बाटो हिँडिरहेको थिएँ । अझै सम्झिन्छु, धर्के नीलो सर्ट निथ्रुक्क भिजेको थियो । बाँसघारी कटेर कालिकास्थान मन्दिरनजिकै पुग्दा स्टोभको भ्यार-भ्यार आवाज बाहिरै आइरहेको थियो । यहाँको मःम मलाई धेरै मीठो लाग्थ्यो । पकेटमा भएको २० को नोट दिएँ, आठ रुपियाँ फिर्ता आयो । हाफ प्लेट मःम खाएर विशालनगरको डेरा पुग्दा ९ बजिसकेको थियो । भोलिपल्ट उठ्दा हिजोको थकाइ मरिसकेको थियो । तर, विदेशको सपना भने उस्तै थियो ।

विदेश जाने सपनाको पहिलो खुड्किलोका लागि मैले भर्खरै राहदानी बनाएको थिएँ । अबको चुनौती थियो, अंग्रेजी टेस्ट 'आईईएलटीएस' या 'टोफेल'को । सरकारी स्कुलमा पढेको भए पनि मलाई यो टेस्टमा राम्रै गर्छु भन्ने आत्मविश्वास भएकाले खासै डर थिएन । तर, त्यसभन्दा ठूलो समस्या थियो, शुल्क । जसोतसो रकम जुटाएर टेस्ट दिएँ ।

यल्लो पेजेजहरू हेर्दै विदेशी नियोगहरू खासगरी कन्सुलेट र दूतावासहरू चहार्ने काम भइरहेको नै थियो । कतिसम्म भने कहिलेकाहीँ त बालुवाटारको बाटो हिँड्दा त्यहीको चिनियाँ दूतावास पनि छिरौँ कि भन्ने जोश आउँथ्यो । कन्सुलेट र दूतावासहरूबाट दिइने ब्रोसरमा धेरै सूचना हुन्थे तर मलाई अझै धेरै बुझ्नु थियो । साइबर गएर इन्टरनेट चलाइरहन धेरै इच्छा भए पनि महँगो नै पर्थ्यो । एक दिन घरको छतमा बसेर *रेडियो कान्तिपुर* सुन्दै बदाम खाइरहेको थिएँ । येल्लो पेजेज किताब पनि सँगै थियो । अचानक एउटा अचम्मको विचार खेल्यो र जन्याकजुरुक उठेर एउटा ड्राफ्ट लेख्न बसेँ । जसमा लेखेँ- तपाईंको देशमा अध्ययन गर्नका लागि जानकारीमूलक पुस्तक, पर्चा, बुकलेट जे-जे छन्, निम्न ठेगानामा पठाइदिनुभए आभारी हुने थिएँ । सकेसम्म सफा र राम्रो अक्षरमा लेखी खाममा बन्द गरेर त्यही

येल्लो पेजमा भेटेजतिका काठमाडौँमा रहेका दूतावासको ठेगानामा पोस्ट गरेँ । अहिले लाग्छ, मैले जिन्दगीमा गरेका अनौठा कामहरूमध्ये यो एउटा थियो । मैले कत्ति पनि आशा गरेको थिइनँ कि यस्तो कामले केही नतिजा ल्याउनेछ । तर, जिन्दगी साँच्चिकै अचम्मको हुँदो रहेछ । त्यही घटनाले नै मेरो जीवनको ठूलो सपना साकार हुन मुख्य भूमिका निर्वाह गऱ्यो । जब-जब त्यो घटना सम्झिन्छु, एउटा भनाइ याद आउँछ- 'एन आइडिया क्यान चेन्ज लाइफ' अर्थात् एउटा विचारले जिन्दगी बदल्न सक्छ ।

चिट्ठी खसालेपछि त्यो कुरा बिर्सेर म फेरि आफ्नै धुनमा फर्कें । दिनहरू पहिलेकै जसरी नै बित्दै गए । एक दिन अचानक मेरो नाममा ठूलो खाममा मोटो चिट्ठी आएछ । विदेशका विश्वविद्यालयबाट यस्ता धेरै सामग्री मगाउँथेँ मैले, यो धेरै सजिलो काम पनि थियो । साइबर छिऱ्यो, विश्वविद्यालयको साइट खोल्यो अनि आफ्नो हुलाक ठेगाना दियो, दुई-तीन हप्तामा रंगीबिरंगी किताबहरू घरमै आइपुग्थे । अझ कतिले त सीडीसमेत हालेर पठाइदिन्थे । काठमाडौँमा च्याउझैँ उम्रेका शैक्षिक दलालहरूले त्यस्तै फोटा र रंगीबिरंगी किताब देखाएरै मात्र पनि सोझासाझाका हजारौँ लुट्थे, लुटिरहेका छन् ।

यसपालि आएको मोटो खामको बाहिर भने 'फिनल्यान्ड दूतावास, काठमाडौँ नेपाल' लेखिएको रहेछ । जब त्यो खाम खोलेर हेरेँ, दूतावासकै लेटरप्याडमा लेखिएको चिट्ठी थियो । त्यो सँगै फिनल्यान्डमा रहेका सम्पूर्ण विश्वविद्यालय र देशका बारेमा जानकारी दिने *इकनमी अफ फिनल्यान्ड, फिनल्यान्ड इन युरोप, स्टडी इन फिनल्यान्ड, भिजिट लापलेन्ड*जस्ता केही रंगीन पुस्तक पनि थिए । मलाई अचम्म र खुसी लाग्यो कि मेरो एउटा त्यस्तो सामान्य जिज्ञासाको पनि यति उत्तरदायी भएर जवाफ फर्कायो दूतावासले । त्यसपछि मलाई लाग्यो, मैले चिट्ठी पठाएका १०-१२ वटा अरू दूतावास र नियोगबाट पनि जवाफ आउँदै होला । तर, त्यो कहिल्यै आएन । पछि फिनल्यान्ड छिरेपछि थाहा भयो, सामान्यभन्दा पनि सामान्य कुरालाई पनि ख्याल गर्ने यहाँको सरकारको संस्कृति नै रहेछ ।

अरू विकसित देशको जस्तै यसको पनि नेपालजस्तो विकासोन्मुख देशलाई सहयोग गर्ने 'फिनिडा' भन्ने संस्था थियो, जुन नेपालमा पनि सक्रिय थियो । त्यसबारेमा पनि केही पढे-सुनेको थिएँ । तर, मलाई फिनल्यान्ड एउटा विकसित युरोपियन देश हो, जहाँ नोकिया फोन बन्छ भन्नेबाहेक अरू केही थाहा थिएन ।

आफूलाई प्राप्त ती पुस्तकहरू निकै चाख मानेर पढेँ । जीवनमा सबैलाई धन्यवाद भन्न नसकिएला । तर, गुन लगाउनेलाई भने कहिल्यै बिर्सनु हुँदैन, त्यसैले दूतावासले देखाएको सद्भावप्रति आफ्नो कर्तव्य सम्झी 'धन्यवाद' लेखेर पत्र मञ्जुषाबाटै खसाली पठाइदिएँ ।

ममा बिस्तारै फिनल्यान्डको चासो बढ्दै गयो । साइबर जाँदा एउटा फ्लपी डिस्क बोकेर जान्थेँ । एक घन्टामा फिनल्यान्डका अनेकौँ वेबसाइटहरू खोल्थेँ र कपी गरी घरको कम्प्युटरमा रातभरि हेर्थें । यस्तो चासो बढ्नुको एउटा मुख्य कारण फिनल्यान्डमा निःशुल्क शिक्षा पनि थियो । अरू सबैजसो दूतावास छिरेको भए पनि फिनल्यान्ड दूतावासचाहिँ गएको थिइनँ । त्यो चिट्ठी आएको दुई हप्तापछि हिम्मत गरेर त्यहाँ जाने निर्णय गरेँ । लाजिम्पाटमा साांग्रिला होटल नपुग्दै दाहिनेपट्टि थोरै भित्र छिरेपछि एउटा रातो घरमा युरोपियन युनियनको झन्डा फर्फराइरहेको थियो । त्यसैको साथमा अर्को सेतो र नीलो रङको झन्डा पनि थियो । गेटमा 'फिनल्यान्ड पढ्न जानेबारे बुझ्नु छ' भनेपछि एउटा रजिस्टरमा नाम लेखाएर सजिलैसँग भित्र छिर्न पाइयो । दूतावासमा चहलपहल थिएन । एक कर्मचारीले केही स-साना पुस्तिका हातमा थमाउँदै भनिन्, "अरू केही सोध्नुपऱ्यो भने आउँदै गर्नुहोला ।' त्यसपछि म धेरैपल्ट त्यो दूतावास गएँ । जहिले जाँदा पनि दुई-तीन जनाबाहेक बाहिरका मान्छे हुँदैनथे । अचम्म लाग्थ्यो, यस्तो पनि दूतावास !

●●●

यतिबेलासम्म मैले फिनल्यान्ड जाने एउटा अठोट बनाइसकेको थिएँ । यो देशका बारेमा जति बुझ्दै गयो, उति राम्रो-राम्रो कुरा मात्र थाहा पाउँदै गएँ । देश-विदेशका नयाँनयाँ कुरा जान्ने इच्छाले होला, मैले फिनल्यान्डका छिमेकी देशहरू इस्टोनिया, रसिया र स्वीडेनका बारेमा पनि निकै पढेँ । फिनल्यान्डका मुख्य सहर, विश्वविद्यालयदेखि प्रमुख राजनीतिक पार्टीका बारेमा समेत थोरबहुत जानकारी भइसकेको थियो । वर्षमा आधा समय हिउँले सेताम्मे हुने देशमा महिलाले राज गरेको पढ्दा आफू पनि त्यही हिउँमा कुनै गोरीसँग मस्किँदै हिँडेको कल्पना गर्थें । हेर्दाहेर्दै मेरो फिनल्यान्डप्रतिको मोह यति गहिरो भइसकेको थियो कि घरमा चाङ लगाएर राखेका अमेरिका, बेलायत, अस्ट्रेलियाका विश्वविद्यालयबाट आएका किताबहरू फालिदिएँ । फिनल्यान्ड मेरो जिन्दगीको पहिलो प्राथमिकतामा पऱ्यो । यो देशबारे थप जानकारी लिने क्रम जारी रह्यो । त्यहाँका मुख्य तीन ठूला सहरका विश्वविद्यालयहरूमा इमेलमार्फत सम्पर्क गरेँ, तिनीहरूको 'कम्युनिकेसन' गजबको थियो । कुनै पनि जिज्ञासाको तुरुन्त जवाफ फर्काउँथे । देशका सबै शैक्षिक संस्थाका बारेमा बुझेपछि थाहा भयो । सबैजसो कोर्सहरू स्थानीय भाषामा मात्र हुँदोरहेछ । प्राविधिकबाहेक अरू कोर्स भेट्न पनि निकै गाह्रो । फिनल्यान्डमा दुई किसिमका शैक्षिक संस्था छन्, एउटा विश्वविद्यालय र अर्को पोलिटेक्निक । तर, मैले पोलिटेक्निक संस्थाका बारेमा बुझ्ने कोसिस गरिनँ ।

> म विशालनगर-भाटभटेनी-टंगालतिर साइकल कुदाउँथेँ । मन भने अमेरिका या युरोपको कुनै सहरमा हुन्थ्यो । कुन देश जाने, किन त्यही देश जाने भन्नेचाहिँ थाहा थिएन । तर, नेपाल भने बस्दिनँ, त्यति कुरा मात्रै थियो मनमा ।

चाहिनेभन्दा बढी बुझेपछि र आवश्यकताभन्दा बढी थाहा पाएपछि मलाई मिल्ने एउटा कोर्स भेटेँ । डेढ वर्षको आफ्नो अनुसन्धानपछि एउटा विश्वविद्यालयमा मात्र कोर्स मिल्ने भएकाले त्यहीँ आवेदन दिएँ । त्यसबेला फिनल्यान्डकै दोस्रो ठूलो त्यो विश्वविद्यालयबाट निमन्त्रणा-पत्र आयो । भिसा अन्तर्वार्तामा फिनल्यान्डका बारेमा के थाहा छ भनेर सोध्दा मैले लगातार पाँच मिनेटसम्म धाराप्रवाह जवाफ दिएँ । यो सुनेर कन्सुलर पनि अचम्ममा परे । तर, अन्तर्वार्ताका लागि सात लाख रुपियाँको बैंक ब्यालेन्स कसरी देखाइयो, त्यसको आफ्नै रामकहानी छ ।

त्यसको चार हप्तापछि एउटा इमेल आयो, लेखिएको थियो- 'बधाई छ, अध्यागमन विभागले तपाईंको निवेदन स्वीकृत गरेको छ । तपाईंको शैक्षिक जीवन सफल होस्, फिनल्यान्डमा स्वागत छ । भिसा कलेक्सनका लागि हवाई टिकट लिएर आउनु होला ।' एकतर्फी टिकटका लागि ५३ हजार रुपियाँ जुटाउन मलाई पाँच दिन लाग्यो । त्यसबेला सहयोग गर्ने पाँच जना साथीलाई कहिल्यै बिर्सन्नँ ।

२८ अगस्ट २००४ अर्थात् ११ भदौ ०६१ मा फिनल्यान्डका लागि उडेँ । मेरो संसार घुम्ने सपनाको पहिलो खुड्किलो थियो, त्यो दिन । ♦

# समाचार अझै सहज, अझै अनुकूल

## सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बद्लिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईंको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com

# भारत-चीन युद्धको ‘काउन्टर न्यारेटिभ’

**लेखनाथ पाण्डे**

भारत र चीनबीच सन् १९६२ को सीमा-युद्धका सन्दर्भमा दर्जनौं पुस्तक, अध्ययन र लेख लेखिएका छन् । स्वीडिस पत्रकार बेर्टिल लिन्टनेरको पुस्तक *चाइनाज् इन्डिया वार : कोलिजन कोर्स अन द रुफ अफ द वर्ल्ड* मूलतः उक्त युद्ध चीनको मिहिन तयारी र सुनियोजित आक्रमणको परिणाम थियो भन्ने निष्कर्ष निकाल्न केन्द्रित छ । लिन्टनेरले नेभिल म्याक्सबेलको सन् १९७२ मा प्रकाशित पुस्तक *‘इन्डियाज चाइना वार’*को ‘काउन्टर न्यारेटिभ’ स्थापित गरेका छन् । बेलायती पत्रकार म्याक्सबेलले तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले सन् १९६१ नोभेम्बरमा अघि सारेको ‘फरवार्ड पोलिसी’, सन् १९१४ मा ब्रिटिस इस्ट इन्डिया सरकार र तिब्बतबीचको ‘म्याकमोहन लाइन’ र अक्साई चीनमाथि भारतीय अडानका कारण ती दुई छिमेकीबीच युद्ध भड्किएको तर्क गरेका थिए, जसलाई लिन्टनेरले खण्डन गरेका छन् ।

लिन्टनेरले युद्ध भड्किनुमा मूलतः चार कारण उल्लेख गर्दै ती सबैजसोमा चीनलाई जिम्मेवार देखाएका छन् । पहिलो, चीनको आफ्नै ‘फरवार्ड पोलिसी’, जुन नेहरुले त्यस्तै रणनीति सार्वजनिक गर्नुभन्दा तीन वर्षअगावै अघि सारिएको थियो । दोस्रो, तिब्बती धार्मिक नेता दलाई लामालाई आश्रय दिने भारतलाई ‘देखाइदिने’ चिनियाँ सोच । तेस्रो, तिब्बतमाथि चिनियाँ कब्जालाई लिएर पूर्वी तिब्बतमा जारी खम्पा विद्रोह अमेरिका र बेलायतको सहयोगमा नयाँ दिल्लीले गराएको भन्ने बेइजिङको बुझाइ थियो, त्यस कारण पनि चीन भारतलाई ‘पाठ पढाउन’ चाहन्थ्यो । चौथो, साम्यवादी चीन एसिया र विशेष गरी तेस्रो विश्वमा प्रभाव विस्तार गर्न चाहन्थ्यो । र, असंलग्न राष्ट्रहरूको नेतृत्व भारतलाई सुम्पन चाहँदैनथ्यो ।

लेखकले सीमाको विषयलाई लिएर युद्ध रचिएको भए पनि खासमा त्यो सीमा युद्ध नभएको तर्क गरेका छन् । अर्थात्, त्यो साम्यवाद र प्रजातान्त्रिक विचारधारा तथा चिनियाँ र भारतीय सभ्यताको द्वन्द्वको उपज थियो । सन् १९५५ मा भएको बाङडुङ सम्मेलनबाट चीन एसियामा भारतीय सम्भावित नेतृत्वप्रति अत्तालिएको थियो, जुन माओ र चाउएनलाइलाई देख्न चाहन्नथे । तत्कालीन शीतयुद्धको समयमा




**चाइनाज् इन्डिया वार: कोलिजन कोर्स अन द रुफ अफ द वर्ल्ड**

| | |
|---|---|
| लेखक | : बेर्टिल लिन्टनेर |
| प्रकाशक | : अक्सफोर्ड युनिभर्सिटी |
| पृष्ठ | : ३२० |
| मूल्य | : ६७५ भारु |

माओ र नेहरुबीचको विश्वलाई हेर्ने दृष्टिकोण र विशेष गरी पहिलो, दोस्रो र तेस्रो मुलुकको अवधारणामा नै निकै पृथकता थियो । पुस्तकले कुनै पनि मुलुकले अर्को देशमा प्रभाव विस्तार गर्न र सौदाबाजीका लागि कसरी अर्को मुलुकका विद्रोहीलाई आश्रय दिन्छन्, प्रयोग गर्छन् र त्यसले भविष्यमा कस्ता चुनौती खडा गर्छन् भन्नेबारेमा पनि सन्देश दिन्छ । चीनले बर्माका विद्रोहीलाई, भारतले दलाई लामा र नेपालका माओवादीलाई आश्रय दिनाले सम्बन्धित मुलुकहरूबीच तिक्तता सिर्जना गरेका प्रशस्त सन्दर्भ उल्लेख छन् । लेखकको निष्कर्ष छ, पछिल्लो समय चीन र भारत कुनै सुदूर हिमालयका टापु, भञ्ज्याङ र उपत्यकाहरूलाई लिएर आमने-सामने भइरहेका छैनन् । बरू, हिन्द महासागरमाथि प्रभाव विस्तार गर्नका लागि भइरहेको छ । साथै, अहिले नयाँ शीतयुद्ध चलिरहेको छ । तर, विगतमा जस्तो अमेरिका र सोभियत संघबीच नभई अमेरिका, जापान र भारत एकातिर छन् भने अर्कोतर्फ चीन छ ।

आठ खण्डमा समेटिएको पुस्तकमा एउटा खण्ड नेपाल र विशेष गरी नेपाली कम्युनिस्ट आन्दोलन र चीनसँग तिनको साइनो केलाउन केन्द्रित छ । भरपर्दो शक्ति खोज्ने क्रममा चीनले नेपालका कम्युनिस्ट पार्टी, विशेष गरी एमाले, माओवादी, मालेका वरिष्ठ नेता र तिनका आफन्त, पार्टीका भ्रातृ संगठन, प्रतिष्ठान र गैरसरकारी संस्थाहरूलाई आर्थिक सहयोग गर्दै आएको उल्लेख गरिएको छ पुस्तकमा । भारत निकट भनिएका ‘जीपी कोइराला फाउन्डेसन’ र ‘हिमानी ट्रस्ट’ले समेत चिनियाँ सहयोग प्राप्त गर्नु बेइजिङको नेपालमा प्रभाव विस्तार गर्ने रणनीति हो । सँगसँगै चिनियाँ प्रभाव यहाँसम्म विस्तार भइसकेको छ कि मधेसी दलहरूसमेत संविधान संशोधन गर्न तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई दबाब दिन चिनियाँ दूतावासमा ज्ञापनसहित पुगेका थिए ।

लेखकले माओवादीलाई एसियाको सबैभन्दा धनी विद्रोही संगठनमध्ये एक रहेको दाबी गरेका छन्, पुस्तकमा । माओवादीहरूले कसरी प्रत्येक गाउँ, सहर र विदेशमा समेत ‘क्रान्तिकारी कर’ भन्दै गरिब किसानहरूसँग पैसा असुले अनि सन् २००२ मा करिब पाँचदेखि १० अर्ब रुपियाँ जम्मा गर्न सफल भए भन्ने सन्दर्भ चाखलाग्दो छ । माओका नाममा हिंसात्मक ‘जनयुद्ध’ मच्चाई माओलाई नै बदनाम गर्ने नेपालका माओवादीप्रति चीन सकारात्मक तब बन्यो, जब यसले सशस्त्र संघर्ष त्याग्यो, राजनीतिक मूलधारमा प्रवेश गर्‍यो, सबैभन्दा ठूलो दल बन्यो र प्रचण्ड स्वयं माओवादबाट देङवाद (देङ स्याओपिङको आर्थिक दर्शन)मा प्रवेश गरे । पुस्तकमा भारतीय तीनवटा नाकाबन्दीले नेपालको अर्थतन्त्र र विकासमा पुर्‍याएको बाधा पनि उल्लेख छ । सन् १९७० को पहिलो नाकाबन्दीले नेपालको आर्थिक वृद्धिदर ९.८ प्रतिशतबाट कसरी १.७ प्रतिशतमा झर्‍यो भन्दै नेपालमा भारतविरोधी भावना बढ्नु र चीनसँग नजिकिनुमा भारतीय व्यवहार जिम्मेवार रहेको पुस्तकमा औँल्याइएको छ । नेपालमा बारम्बार हुने राजनीतिक अस्थिरताका कारण भारत र चीन नेपालमा आमने-सामने हुन पुगेको उल्लेख छ ।

लेखकले एसियाको भूराजनीति र शक्ति संघर्षलाई लिएर झन्डै डेढ दर्जन पुस्तक प्रकाशित गरेका छन् । यो पुस्तक पढ्दा पत्रकारको डायरीजस्तो लाग्छ । तर, समग्रमा पुस्तक भारत, चीन, नेपाल र भुटानको सीमा आसपास विश्वका दुई उदीयमान आर्थिक तथा सामरिक शक्तिहरू एसिया तथा विश्वमा प्रभाव विस्तारका लागि कसरी युद्धमा होमिए र अहिले उनीहरूबीचको टकराव के-कस्ता मुद्दामाथि छ भन्ने बुझ्न निकै सहयोगी छ । ◆

# तस्बिरमा अस्ट्रेलियाका नेपाली

**गोकर्ण गौतम**

नेपालीहरू नेपालमा मात्र सीमित छैनन्, संसारभर छरिएका छन् । 'ग्लोबल भिलेज'को अवधारणा व्याप्त जो छ । स्थायी बसोवासका लागि सुविधासम्पन्न मुलुक पहिलो रोजाइमा पर्ने भइहाल्यो । कोही अध्ययन त कोही रोजगारीका लागि परदेश पुग्छन् र त्यहींको माहौलमा रमाउँछन् । यस्ता नेपाली र नेपालीभाषीको संख्या लाखौं पुगेको छ । अवैध बाटो र प्रक्रियाबाट नेपाल छोड्नेको पनि कमी छैन, जो विकसित देशमा वैध बसाइका लागि संघर्ष गर्छन् । विडम्बनाचाहिँ ती नेपालीहरू कसरी विदेश पुगे, कुन हैसियतमा विदेशमा बसिरहेका छन्, नेपाल र नेपाली संस्कृतिप्रतिको लगाव कतिको गाढा छ जस्ता विविध पक्षका बारेमा अध्ययन-अनुसन्धान भएको छैन, अखबारमा छापिने एकाध रिपोर्टिङबाहेक । जबकि, उनीहरूका बारेमा स्वदेश र अन्य डायस्पोरामा निकै चासो राखिन्छ । थोरै नै सही, त्यही अभाव पूर्ति गर्ने प्रयास गरेको छ, फोटो पुस्तक *फार एन्ड अवे : नेप्लिज फ्यामिलिज इन अस्ट्रेलियाले* । नामैबाटै थाहा हुन्छ, पुस्तक अस्ट्रेलियामा रहेका नेपालीसँग केन्द्रित छ । फोटोहरू सुधीरा शाहले खिचेकी हुन् भने शब्दचाहिँ योगेन्द्र विष्टले लेखेका हुन् ।

सुधीरा आफैं अस्ट्रेलियामा बस्छिन् । तर, नेपाल छँदै फोटोग्राफी र फोटो-पत्रकारितामा नाम कमाइसकेकी थिइन् । नेपालमा मात्र होइन, भारत, बेलायत र अस्ट्रेलियाका पत्रपत्रिकामा समेत उनका फोटोहरू छापिइसकेका छन् । सन् २०१६ मा प्रतिष्ठित 'एआईपीपी फोटोग्राफर अफ द एयर'को फाइनलमा पुगेकी थिइन् । यही दक्षता उनको पुस्तकमा मज्जाले अनुभूत गर्न पाइन्छ । आठ खण्डमा विभक्त यस पुस्तकमा करिब ४ सय ७० परिवारका फोटो र छोटो-मीठो जानकारी समावेश छ । पुस्तक किन पनि विशेष लाग्छ भने यति विघ्न फोटो हुँदा पनि झारोटराइ ढंगले खिचिएको छैन, सबै आकर्षक बान्की र शैलीका छन् ।




**फार एन्ड अवे**
**नेप्लिज फ्यामिलिज इन अस्ट्रेलिया**

| | | |
|---|---|---|
| फोटो | : | सुधीरा शाह |
| शब्द | : | योगन्द्र विष्ट |
| प्रकाशक | : | स्टुडियो |
| पृष्ठ | : | ४९६ |
| मूल्य | : | उल्लेख नभएको |

र, प्रत्येक तस्बिरमा मुस्कान, परिवारको सामीप्य र घनिष्ठता महसुस हुन्छ । तर, पुस्तकलाई अब्बल बनाउन यी विशेषता मात्र पर्याप्त छैनन् । मुख्य कुरा, जति पनि फोटोहरू छन्, तिनमा नेपाली भेषभूषा, गरगहना र शैलीलाई विशेष महत्त्व दिइएको छ । फोटोहरू हेर्दा लाग्छ, ती तस्बिरहरू नेपालबाट झन्डै आठ हजार किलोमिटर दूर रहेको मुलुकमा खिचिएको होइन, नेपालमै खिचिएको हो । कतिले दौरा-सुरुवाल लगाएका छन्, कतिले साडी-चोलो । हाकु पटासीलगायतका निश्चित समुदायको चिनारी दिने पहिरनमा सजिएका फोटो पनि समाविष्ट छन् ।  सायद यही कारण हुनुपर्छ, पुस्तक पल्टाइरहँदा आँखा मात्र होइन, मन पनि तानिरहन्छ ।

पुस्तकमा उल्लेख भए अनुसार सन् १९६४ मा सम्भवत: पहिलो पटक पाँच नेपाली अस्ट्रेलिया पुगेका थिए, जसमध्ये तीन जना त्यहीं 'सेटल' भए । तर, उनीहरू को-को थिए ? पहिचान हुन सकेको छैन । '७० को दशकमा पुगेका अमृत तन्डुकार, नारायण प्रधान र इन्द्रा बानले चाहिँ नेपालीहरूसँग सम्पर्क सुरु गरे, स्थायी बसोवासका लागि सघाउ गरे । सन् १९९५ सम्म अस्ट्रेलियामा बस्ने नेपालीको संख्या सात सय पुग्यो, त्यसको पाँच वर्षपछि त २ हजार १ सय । यो संख्या अहिले ६० हजार पुगिसकेको छ । जसमा अध्ययन, रोजगारी, स्थायी बसोवासको प्रमाणपत्र र नागरिकता लिएर बसेका नेपाली पर्छन् । यो आँकडाले अस्ट्रेलिया नेपालीको आकर्षणको अग्रभागमा रहेको पुष्टि गर्छ । सुधीराको चाह तिनै नेपाली र उनीहरूका बारेमा पठनीय जानकारी पुस्तकमार्फत सार्वजनिक गर्नु र अभिलेख राख्नुमा देखिन्छ । मोटो र चिल्ला कागज, आकर्षक साजसज्जा मात्र होइन, फोटोग्राफीको स्तरमा समेत यो पुस्तकले अब्बलता हासिल गरेको छ । प्रत्येक परिवारको फोटोलाई एक पेज छुट्याइएको छ । रंगीन मात्र होइन, श्यामश्वेत तस्बिर पनि संग्रहित छन् ।

सुधीरा र उनका श्रीमान् विजयले एक दशकमा अस्ट्रेलियाका विभिन्न सहरको भ्रमण गरे । त्यस क्रममा अस्ट्रेलिया पुगेका नेपालीको पहिलो पुस्तादेखि अध्ययनका लागि भर्खरै छिरेका नेपालीहरूलाई भेटे, जीवनशैली नियाले, कुराकानी गरे, उनीहरूभित्रका दु:ख-सुख र उज्यालो भविष्यको पर्खाइलाई महसुस गरे, नेपालप्रतिको प्रेमलाई आत्मसात् गरे । त्यही अगाध स्नेहको प्रतिफल हो, यो पुस्तक । अन्यथा अस्ट्रेलियाका फरक सहरमा बसिरहेका नेपालीलाई एउटै किताबरूपी मालामा उन्न कसरी सम्भव हुन्थ्यो होला र ? अधिकांश तस्बिरहरूमा दुई पुस्तालाई देख्न सकिन्छ । यसले तीनपुस्ते नेपाली परिवार अस्ट्रेलियामा विकसित भई नसकेको प्रतीत हुन्छ । परिवारका पोट्रेटहरू जति सुन्दर छन्, योगेन्द्र विष्टले त्यति नै प्रभावकारी र रसिलो पारामा परिवारका यावत् विवरण शब्दमा बुनेका छन् । यसले पुस्तकको महत्त्व अझ बढाएको छ ।

अस्ट्रेलियामा बस्ने नेपालीका बारेमा अध्ययन गर्नुपर्दा वा भोलिको पुस्ताले खोज्दा यो पुस्तक प्रभावकारी सन्दर्भ-सामग्री हुनेमा शंकै छैन । सुधीराको लगन र फोटोग्राफी कला अनि योगेन्द्रको शब्दशिल्पले जो-कोहीको मत जित्छ । तर, परिवारले नेपाली चाडपर्व मनाइरहेका केही तस्बिरहरू पनि समावेश हुँदा हुन् त अझ आत्मीयता आभास हुन सक्थ्यो । ◆

# टीभीएसको नयाँ स्कुटर

भारतमा टीभीएसले एनटर्क नामको नयाँ स्कुटर ल्याएको छ । एनटर्क १ सय २५ सीसीको इन्जिनबाट चल्ने टीभीएसको पहिलो स्कुटर हो । र, यसलाई टीभीएसको सबैभन्दा शक्तिशाली इन्जिन भएको स्कुटर पनि भनिएको छ ।

यसको इन्जिनले बढीमा ९.३ ब्रेक हर्सपावर बराबरको शक्ति निकाल्न सक्षम छ । र, यसको अधिकतम टर्क १०.५ न्युटन-मिटरको हुन्छ । यसको परफर्मेन्स र माइलेज पनि उत्तिकै राम्रो रहेको दाबी गरिएको छ । यो स्कुटर बढीमा ९५ किलोमिटर प्रतिघन्टाको गतिमा कुद्न सक्छ । शून्यदेखि ६० किलोमिटर प्रतिघन्टाको गति त यसले नौ सेकेन्डमै समात्न सक्ने दाबी गरिएको छ ।

१ सय ५५ मिलिमिटरको ग्राउन्ड क्लियरेन्स भएको टीभीएस एनटर्क स्कुटरमा पाँच लिटर क्षमताको फ्युल ट्यांक छ । भारतमा यसको मूल्य ५८ हजार ७ सय ५० भारतीय रूपियाँ तोकिएको छ । र, यो स्कुटर विभिन्न चार रङमा उपलब्ध छन् ।




# फेसबुक पोस्टमा अर्को फिचर

फेसबुकमा स्ट्याटस लेख्नका लागि एउटा नयाँ फिचर आउँदैछ । यसमा प्रयोगकर्ताले एक सूचीसहितको स्ट्याटस लेख्न सक्नेछन् । जस्तै : गर्न मन लागेका कामको सूची, घुम्न मन लागेका ठाउँको सूची आदि । यो फिचर चाँडै नै सुरू हुँदैछ । तर, जानकारीमा आए अनुसार यस्तो फिचर फेसबुकको मोबाइल एपमा मात्रै हुनेछ । वेब ब्राउजरबाट फेसबुक खोलिएको खण्डमा यस प्रकारको फिचर उपलब्ध हुने छैन ।

मोबाइल एपमा पनि यो फिचर हाललाई एन्ड्रोइडका लागि मात्रै उपलब्ध हुनेछ । आईओएस प्रयोगकर्ताले भने यो फिचर प्रयोग गर्न केही समय कुर्नु पर्नेछ । तर, एन्ड्रोइडबाट पोस्ट भएका सूचीसहितका यस्ता स्ट्याटस भने आईओएस प्रयोगकर्ताले देख्न सक्नेछन् ।

यो प्रयोग गर्न प्रयोगकर्ताले पहिला स्ट्याटस अपडेटमा जानुपर्छ, जहाँ एड टू अ पोस्ट भन्ने विकल्प देखिन्छ । यहींबाट




यस्ता सूचीसहितका स्ट्याटस अपडेट गर्न सकिन्छ । केही कामका लागि अरूको सल्लाह माग्नका लागि पनि यस्ता सूची बनाउन सकिन्छ । यसका लागि आस्क फर रिकमेन्डेसनमा जानुपर्छ ।

यो फिचर यसकारण पनि रमाइलो छ कि यसको पृष्ठभूमिमा विभिन्न रङको प्रयोगले आकर्षक बनाउन पनि सकिन्छ । यो फिचर सुरू गर्नुको मुख्य उद्देश्य *फेसबुकमा* व्यापारिक संस्थानका समाचार वा लिंकभन्दा प्रयोगकर्ताका व्यक्तिगत विचारलाई बढावा दिनु रहेको बताइएको छ ।

# *गुगल* सर्चमा पनि स्टोरिज

*फेसबुक, इन्स्टाग्राम* र *स्न्यापच्याटमा* आएका स्टोरिज जस्तै फिचर अब *गुगलले* पनि राख्न लागेको छ । एपबाट *फेसबुक* खोल्दा सबैभन्दा माथि गोलो घेराभित्र आफ्ना साथीले सेयर गरेका स्टोरिज देख्न सकिन्छ । सेयर गरिएकामध्ये कुनै एकमा ट्याप गरेपछि पालैपालो सबैका स्टोरिज हेर्न सकिन्छ ।

यस्ता स्टोरिज कि त जीआईएफ इमेजजस्तै हुन्छन् कि त निकै छोटो (केही सेकेन्डको) भिडियो हुन्छ । दायाँ वा बायाँतिर स्वाइप गरेर एकपछि अर्कोको यस्तो स्टोरिज हेर्न सकिन्छ । यो फिचर सबैभन्दा पहिले *स्न्यापच्याटले* सुरु गरेको थियो । त्यसपछि यो पहिला *इन्स्टाग्राममा* र पछि *फेसबुकमा* आयो । अहिले धेरैले रूचाएको र प्रयोग गरिरहेका कारण *गुगलले* पनि यस्तै फिचर ल्याउन लागेको हो ।

*गुगलका* अनुसार यस्तो फिचर प्रयोगकर्ताले स्मार्टफोनमार्फत गर्ने *गुगल* सर्चमा मात्रै उपलब्ध हुनेछ । *गुगलले*



यसलाई एएमपी स्टोरिज नाम दिएको छ । प्रयोगकर्ताले गर्ने हरेक *गुगल* सर्चको सुरुमा यस्तो स्टोरिज देखिनेछ । *गुगलले* बढीमा दसवटा यस्ता स्टोरिज देखाउने बताइएको छ । र, यसमा पनि प्रयोगकर्ताले स्वाइप गर्दै एकपछि अर्को स्टोरिज हेर्न सक्छन् । एएमपी फिचरले *गुगल* सर्चलाई अझ रोचक र प्रभावकारी बनाउने अनुमान गरिएको छ ।

# आयो रेडमी फाइभ प्लस

नेपाली बजारमा श्याओमीको अर्को नयाँ स्मार्टफोन, रेडमी फाइभ प्लस लन्च गरिएको छ । यो स्मार्टफोनको मूल्य २३ हजार ४ सय ९९ रुपियाँ तोकिएको छ ।

रेडमी फाइभ प्लसको मुख्य विशेषता भनेको फुल स्क्रिन डिस्प्ले हो, जुन ५.९९ इन्चको छ । ठूलो क्षमताको ब्याट्री यसको अर्को राम्रो पक्ष हो, जुन चार हजार एमएएच क्षमताको छ । रेडमी फाइभ प्लस तीन जीबी र्‍याम क्षमतामा आउँछ । र, यसको आन्तरिक मेमोरी ३२ जीबी क्षमताको हुन्छ । यसमा १ सय २८ जीबीसम्मको माइक्रो एसडी साइजको मेमोरी कार्ड प्रयोग गर्न सकिन्छ ।

यो स्मार्टफोनमा १२ र पाँच मेगापिक्सेलका क्यामेरा छन् । यी क्यामेराबाट कम लाइट भएको समयमा पनि राम्रै फोटो खिच्न सकिने दाबी गरिएको छ । यसको क्यामेरामा फेस डिटेक्सन फिचर भए पनि फेस अनलक फिचर भने छैन । यसको सट्टा फिङ्गरप्रिन्ट सेन्सर छ । रेडमी फाइभ प्लस एन्ड्रोइडको नुगट अपरेटिङ सिस्टममा आधारित छ ।

**संयोजन : ज्ञानेन्द्र आचार्य**

# हिम–गलैँचा

**शब्द/तस्बिर : मैत्या घर्ती मगर**

उसै पनि जाडो हुने स्थान हो, रूकुम पुथा उत्तरगंगा गाउँपालिका । हिउँ परेपछि झनै जाडोको आतंक सहिनसक्नु हुन्छ, यहाँ । चिसो मौसममा स्थानीय विद्यालय मात्र होइन, सरकारी कार्यालयसमेत अघोषित रूपमा बन्दजस्तै हुन्छन् । घरको छत, बाटो र रूखसमेत थुप्रै दिनसम्म सेताम्य हुन्छन् । खुला चौरमा त धेरै दिनसम्म सेतो गलैँचा ओछ्याइएको जस्तो देखिन्छ । घाम लागेपछि हिउँ पग्लनुअघि स्थानीय बालकहरू हिउँलाई जम्मा पार्दै गुडाएर खेल्छन् । मानौँ, उनीहरू गलैँचा बेरेर उठाउँदैछन्, जुन दृश्य चित्ताकर्षक लाग्छ । ◆

# कर्माको कर्म

कुशल अभिनयका कारण चिनिएका अभिनेता हुन्, कर्मा । थिएटर हुँदै फिल्ममा फड्को मारेका कर्माको परिचय यत्तिमै सीमित छैन । उनलाई 'अनलक्की एक्टर'को पगरी पनि गुथाइन्छ । कारण, पर्याप्त फिल्म खेल्छन्, उनको अभिनयले प्रशंसा पनि पाउँछ । तर, फिल्मले व्यावसायिक सफलता पाउँदैन । कथंकदाचित हिट भइहाल्यो भने पनि जस पाउँदैनन् । जस्तो : *लुट २* ले पैसा कमायो । तर, सौगात मल्ल र दयाहाङ राई हाबी भए । अरू फिल्मले निर्माताको गोजी भर्न सकेन । यही नियतिलाई *शेरबहादुर*ले निरन्तरता दियो । थ्रिलर जनराको यस फिल्मको मुख्य भूमिकामा कर्मा नै थिए । तर, माखो मरेन । अब ११ फागुनमा *पञ्चेबाजा* सार्वजनिक हुँदैछ । तर न प्रचारप्रसार गतिलो छ, न ट्रेलर/गीतले पर्याप्त चर्चा पाएका छन् । क्या फसाद ! ◆

# छायामा परिएला नि ?

**पूजा** शर्मा अभिनीत चार फिल्म लगातार फ्लप भए, *थ्री लभर्स, मधुमास, अझै पनि* र *चंखे-शंखे-पंखे* । करिअरको सुरूआतमै यति विघ्न ठक्कर खाँदासमेत पूजाले हरेस खाइनन् । हिट फिल्मको प्रतीक्षा गरिरहिन् । त्यही चाह पूरा गरिदियो, *प्रेमगीत*ले । 'फ्यान फलोइङ' ह्वात्तै बढ्यो । *म यस्तो गीत गाउँछु*ले त्यो क्रेजलाई अझ दरिलो बनायो । दुवै फिल्ममा पूजा नै केन्द्रीय भूमिकामा थिइन् तर नयाँ फिल्म *रामकहानी*मा छायामा पर्ने छाँटकाँट देखिएको छ । सुदर्शन थापा निर्देशित फिल्ममा केदार घिमिरे, जितु नेपाल, विल्सनविक्रम राईजस्ता हास्य कलाकार छन् । केदारलाई त १० लाख रूपियाँमा अनुबन्ध गरिएको हो । रवीन्द्र झा पनि छन् । पुरूष कलाकारको यही वर्चस्व पूजाका लागि अप्रिय हुने त होइन ? *रामकहानी*मा उनको अभिनय मात्र होइन, लगानी पनि जो छ । ◆

## फिक्का–फिक्का उमंग

**अनमोल** केसीसँग अनस्क्रिन रोमान्स गर्न पाउनु चानचुने उपलब्धि होइन । अनमोलसँग काम गर्दा रिलिजअगावै हिरोइनले प्रशस्त 'हाइप' पाउँछन् । आना शर्मा, साम्राज्ञीराज्यलक्ष्मी शाह, श्रृष्टि केसी उदाहरण हुन् । त्यसैले त कृमा अनमोलसँगै अनुबन्ध भएबाटै अदिति बुढाथोकी उत्साही थिइन् । भारतमा मोडलिङ गरिरहेकी अदिति नेपाल आएर फिल्म खेलिन् । प्रचारप्रसारमा पनि उनको सक्रियता प्रशंसनीय थियो । डेब्यु फिल्मबाटै भाग्य चम्काउने दाउमा थिइन् । तर, जसै फिल्म प्रदर्शन भयो, अदितिको उमंग खिन्नतामा बदलियो । कारण, न फिल्मले सकारात्मक प्रतिक्रिया पायो, न उनको अभिनयले । अझ पर्दामा अनमोलभन्दा परिपक्व देखिएको र जोडी नसुहाएको भन्दै आलोचना खेप्नुपर्‍यो । अर्थात्, पहिलो गाँसमै ढुंगा । ◆

## सास्तीको संकेत

त्यसो त फिल्म प्रदर्शनको मिति तोक्न कलाकारको कुनै भूमिका हुन्न । निर्माताले चाहे अनुसार हलमा लाग्छ तर कहिलेकाहीं निर्माताले ख्याल नपुर्‍याउँदा कलाकारले सास्ती भोग्नुपर्छ । स्वस्तिमा खड्कालाई त्यस्तै सकस पर्ने देखिएको छ । किनभने, अर्को वर्षको फूलपातीमा उनी अभिनीत *छक्का-पञ्जा ३* र *जय भोले* रिलिज हुने भएका छन् । एकै दिन दुई फिल्म रिलिज हुँदा कलाकारलाई कुन फिल्मको प्रचारमा लाग्ने तनाव मात्र हुन्न, दर्शकमाझ साख धुमिलिने डर पनि हुन्छ । *छक्का पञ्जा ३* को स्क्रिप्ट लेखन अन्तिम चरणमा पुगेको छ भने *जय भोले*को सुटिङ सुरु भइसकेको छ । खासमा *छक्का पञ्जा ३* का निर्माता दीपकराज गिरी र *जय भोले*का निर्माता/निर्देशक अशोक शर्माको टकरावका कारण ठूलो बजेटका फिल्म एकैसाथ प्रदर्शन हुने भएका हुन् । तर, मारमा अभिनयकर्ममा संघर्षरत स्वस्तिमा पर्ने भएकी छन् । ◆

तस्बिर : महेश प्रधान

# हँसाउने, सिकाउने अनि प्रश्न सोध्ने

**गोकर्ण गौतम**

हामीकहाँजस्तै बलिउडमा सामाजिक यथार्थलाई पर्दामा उतारेर दर्शकलाई प्रश्न सोध्ने फिल्मको हाहाकार छ। 'टाइमपास' गराएर पैसा बटुल्नु नै फिल्मको मुख्य उद्देश्य हुन्छ। यही कोटिका फिल्म खेलेरै अक्षयकुमारले अढाई दशक बिताए। अब भने उनको धार परिवर्तन भएको छ। *ट्वाइलेट : एक प्रेम कथा*पछि गहन मुद्दालाई व्यावहारिक ढंगले उठाइएको अर्को फिल्म लिएर आएका छन्, *प्याडम्यान*। समय एक्काइसौं शताब्दीको दोस्रो दशकमा दौडिरहेको छ तर अझ पनि महिनावारी हुनु पाप ठानिन्छ। स्यानिटरी प्याडको प्रयोग नगर्दा महिलाहरू अनेक रोगबाट प्रताडित छन्। यही समस्यालाई मध्यनजर गर्दै तमिलनाडुका अरुणाञ्चलम मुरुगनन्थमले सस्तो मूल्यमा प्याड बनाए, जसबाट लाखौं महिला लाभान्वित भए। यस्तो पुण्य कर्ममार्फत संसारभर ख्याति कमाएका उनै अरुणाञ्चलममाथि आधारित छ, *प्याडम्यान*। अक्षयकुमारचाहिँ अरुणाञ्चलमको भूमिकामा। हेर्दा सामान्य लाग्ने तर संवदेनशील विषयलाई निर्देशक आर बाल्कीले रसिलो प्रस्तुतिमा पस्किएका छन्।

लक्ष्मी (अक्षयकुमार)की पत्नी गायत्री (राधिका आप्टे)ले महिनावारी हुँदा फोहोर कपडा प्रयोग गर्छिन्। त्यस्तो कपडाले स्वास्थ्यमा विकराल असर पर्ने तथ्य चिकित्सकमार्फत लक्ष्मीले थाहा पाउँछन्। त्यसैले प्याड किनेर दिन्छन्। तर, महँगो भएकाले गायत्री त्यसको प्रयोग गर्दिनन्। त्यसपछि आफैं घरेलु माध्यमबाट बनाउँछन्। गायत्री मात्र होइन, दिदीबहिनीले समेत नकार्छन्। सबैको छिछि-दुरदुर सामना गर्नुपर्छ। प्याड विवादकै कारण लक्ष्मीलाई गाउँबाटै छोड्नुपर्ने बाध्यता आइलाग्छ। तैपनि, प्याड बनाउने इच्छा त्याग्दैनन्। अनेक हन्डर भोग्नुपर्छ। त्यही बेला उनलाई साथ दिन आइपुग्छिन्, एमबीएम पढिरहेकी परी (सोनम कपुर)। परिवार वियोगबाट तड्पिएका लक्ष्मीले कसरी सफलता पाउँछन्? फिल्म यसकै वरपर घुमेको छ।

फिल्मको सुरुआत गीतबाट हुन्छ, जहाँ नव दुलहीप्रति लक्ष्मीको माया र स्याहारसुसार झल्काइएको छ। त्यसको १५ मिनेटमा त मूल विषयमा प्रवेश गरिसक्छ फिल्म। अनावश्यक तन्काउने काम गरिएको छैन। तर, खट्किने पक्षचाहिँ घटनाहरू छिटो-छिटो घट्छन्। लाग्छ, कथा भन्न निकै हतार छ निर्देशकलाई। तैपनि, सन्दर्भ अनुसार दर्शकको संवेदना जित्ने मामलामा निर्देशक चुकेका छैनन्। पटकथा बाल्की र स्वानन्द किरकिरेले मिलेर लेखेका हुन्। प्याड बनाउन लक्ष्मीले लगाएको घरेलु जुक्ति आफैंमा प्रेरणादायी छ। हास्यरसको प्रस्तुतिले यसलाई अझ मजबुत बनाएको छ। केही सीप नलागेपछि लक्ष्मी आफैं प्याडको परीक्षण गर्छन्, त्यस क्रममा उनी रगताम्मे हुन्छन्। तर, आत्तिँदै खोलामा फाल हान्छन्। फिल्मको चोटिलो दृश्यमध्ये एक हो, यो। एउटा दृढ र इमानदार मान्छे आफ्नो उद्देश्य प्राप्तिका लागि कति लागिपर्छ भन्ने प्रमाण हो, यो फिल्म।

मध्यान्तरपछि फिल्म अझ मजबुत लाग्छ। घरेलु माध्यमबाट प्याड मेसिन बनाउने संघर्षलाई जीवन्त ढंगले बुनिएको छ। सोनम कपुरको प्रवेश ज्यादै सान्दर्भिक छ। तर, स्कुल पढिरहेका लक्ष्मीका बहिनी मात्र होइन, मेडिकल पढिरहेका छात्रासमेत प्याडका मामलामा उदार देखिन्नन्। समाज कति साँघुरो सोचको छ भने टेलिभिजनमा प्याडको विज्ञापन आयो भने च्यानल परिवर्तन गरिन्छ। यस्तो बेला प्याड प्रयोग गर्ने माहौल कसरी सिर्जना होस्? तर, लक्ष्मी प्याड किन्दैनन् मात्र, आफैं बनाउँछन् पनि। त्यसैले त तिरस्कार सामना गर्नुपर्छ। फिल्मले प्याडको प्रभावकारिता मात्र दर्शाउँदैन, महिनावारी कुनै पाप होइन, नियमित प्राकृतिक क्रिया हो भन्ने पनि स्थापित गरेको छ। तर, कतिपय ठाउँमा अक्षयकुमारले प्याडको महत्त्वका बारेमा सुगा रटाइ उपदेश दिन्छन्, जसले निरस बनाउँछ। किनभने, फिल्म संवाद नभई दृश्यप्रधान हुनुपर्छ।

संयुक्त राष्ट्रसंघमा मूल पात्रको भाषण लम्बेतान छ। लक्ष्मी र परी नजिक हुनै लाग्दा गायत्रीको फोन बज्ने दृश्य नाटकीय लाग्छ। प्याडप्रति लक्ष्मीको गाउँलेदेखि ससुरालीसम्मको एकोहोरो घृणा अलि बढी लाग्छ। तर, लक्ष्मीका रूपमा अक्षयकुमारको रूपान्तरण रोचक छ। जबकि, उनमा परम्परागत खालको 'हिरोइज्म' झल्कने कुनै गुण छैन। स्वाभाविक अभिनयका कारण चिनिएकी राधिका आप्टे आफ्नो चरित्रमा निपुण देखिन्छिन्। सोनमको उपस्थितिले 'रिफ्रेस' गराउँछ। शीर्षगीतसँगै 'आज से तेरी...' र 'साले सप्ने...' गीत पनि श्रुतिमधुर र सान्दर्भिक छ। *चिनीकम*, *पा*पछि निर्देशक बाल्कीका लागि गर्व गर्नलायक अर्को फिल्म हो, यो।

अक्षयकुमारका फ्यानले त हेर्ने भइहाले। खुराकयुक्त सिनेमा रुचाउने जो-कोहीलाई *प्याडम्यान*ले निराश पार्दैन। महिनावारी र प्याडका सवालमा हाम्रो समाज अझ उदार हुन सकेको छैन, त्यसैले हाम्रा लागि *प्याडम्यान* थप प्रभावकारी छ। ◆

तस्बिर : रमन सिवाकोटी

अचानक

# 'युवा खेलाडीमाथिको विश्वास नै जितको आधार'

प्रशिक्षक **जगत टमाटा**का लागि नेपाललाई मुख्य प्रतियोगितामा उभ्याउनु अब कुनै नौलो कुरा रहेन । टमाटाको प्रशिक्षणमा नेपाली यू-१९ क्रिकेट टोली दुईपटक (सन् २०१२ र २०१६ मा) आईसीसी युवा विश्वकपमा खेलिसकेको छ । नामिबियामा सम्पन्न विश्व क्रिकेट लिग डिभिजन-२ मा नेपाललाई उपविजेता बनाएपछि टमाटाले फेरि आफूलाई अब्बल साबित गरेका छन् । २० फागुनदेखि जिम्बाबेमा सुरु हुने विश्वकप छनोट खेल खेल्न लागेको नेपालबारे राष्ट्रिय टोलीका प्रशिक्षक टमाटासँग गरिएको कुराकानी :

***नेपालको डिभिजन-२ यात्रालाई कसरी लिनुभएको छ ?***

डिभिजन-२ को यात्रा एक दिनको होइन । यो यात्राका लागि हामीले धेरै वर्षदेखि तयारी गरेका थियौँ । यसका लागि खेलाडीहरूले धेरै मिहिनेत गरेका छन्, इमान्दार भएर खेलेका छन् । आठ दिनमा ६ खेल खेल्नु सजिलो कुरा थिएन । खेलाडीले एकपछि अर्को म्याचलाई सहज रूपमा लिएर खेले । हाम्रो टिमको उद्देश्य विश्वकपका लागि छनोट हुने थियो, त्यसबाहेक अरू केही सोचिएकै थिएन । खेलाडीले त्यसका लागि सारै मिहिनेत गरे । त्यसका साथै प्रशिक्षण टोलीले पनि उस्तै मिहिनेत गर्दा हामी विश्वकप छनोटमा पुग्न सफल भयौँ ।

***डिभिजन-२ अघि नेपाल विश्वकपमा छनोट हुन्छ भन्नेमा तपाईं कतिको आशावादी हुनुहुन्थ्यो ?***

हाम्रो टिममाथि मलाई विश्वास थियो । यसपटक धेरै राम्रो र सन्तुलित पनि थियो । यू-१९ बाट आएका पाँच खेलाडी राखिएकाले युवा र सिनियर खेलाडीको तालमेल मिलेको थियो ।

***नामिबियामा जित्न सकिने टोलीसँग हार्‍यौँ र जित्न कठिन हुन्छ भनेको टोलीलाई हरायौँ । के कारणले यस्तो भयो ?***

हामीले 'सबै टिम राम्रा छन्, सबैसँग राम्रो खेल्ने हो' भनेका थियौँ । जितको मुख्य कारण हामीले शतप्रतिशत राम्रो खेलेकाले हो । साथमा टसको पनि भूमिका रह्यो ।

***डिभिजन-२ अघिका पछिल्ला खेलहरू हार्दा तपाईंको प्रशिक्षणमा धेरैले प्रश्न उठाएका थिए । नेपाललाई विश्वकप छनोटमा पुर्‍याइसकेपछि तपाईं आफ्ना आलोचकलाई के भन्न चाहनुहुन्छ ?***

आलोचकलाई मेरो केही प्रतिक्रिया छैन । कसैलाई पनि पहिला विश्वास गर्न सक्नुपर्छ । प्रशंसकहरूले समर्थन गरिदिनुभयो । सबैलाई धन्यवाद छ ।

***इन्डियन प्रिमियर लिग (आईपीएल)मा दिल्ली डेयरडेभिल्सले लिएपछि सन्दीप लामिछानेको प्रदर्शनमा कत्तिको फरक आएजस्तो लाग्छ ?***

उनले आफ्नो प्रदर्शन सुधारेका छन् । तर, सिक्न अझ धेरै बाँकी छ ।

***युवा खेलाडीहरूको प्रदर्शनले नेपालको विश्वकप यात्रामा कत्तिको प्रभाव पार्न सक्छजस्तो लाग्छ ?***

युवा खेलाडीले टिमलाई विश्वास दिलाए । टिमले पनि उनीहरूमाथि विश्वास गर्‍यो । उनीहरूले अझ राम्रो खेल्न सक्छन् । यसपटक प्राप्त गरेको सफलता यसैको परिणाम हो ।

***डिभिजन-२ मा फेरि पनि ओपनिङ ब्याटिङ अर्डर असफल भयो । आउँदा दिनमा उनीहरूले लय समात्नेमा कत्तिको आशावादी हुनुहुन्छ ?***

उनीहरूले आउँदा दिनमा राम्रो गर्ने विश्वास छ ।

**विनोद पाण्डे**

नोटबुक

॥ वसन्तप्रताप सिंह

# कमाउ कापाहाका

न्युजिल्यान्ड बस्ने लोपोन्मुख आदिवासी समुदाय मावरीको कापाहाका नृत्य दिल्लीमा हेर्न पाइयो । करिब एक हजार वर्षदेखि यो समुदायको जनसंख्या कुल जनसंख्याको करिब १४ प्रतिशत रहेछ ।

न्युजिल्यान्ड सरकारले यो समुदायको जनसंख्या बढाउनका लागि थुप्रै अनुदान र सुविधाहरू पनि प्रदान गरेको विषय यदाकदा पत्रपत्रिकामा पढेको थिएँ । कापाहाका नाचबारे सुनेको र हेर्ने मौका भने पाएको थिइनँ । दिल्लीमा कापाहाका नाच हेर्दा जति अद्वितीय लाग्यो, यो नृत्यबाट हुने कमाइका बारेमा सुन्दा झन् छक्क परियो ।

न्युजिल्यान्डको समग्र पर्यटन क्षेत्रबाट हुने कुल गार्हस्थ्य उत्पादनको झन्डै आधा हिस्सा यो समुदायको जीवनशैली हेर्न आउने पर्यटकहरूबाट प्राप्त हुंदो रहेछ । यसमा पनि कापाहाका नाच देखाएर आउने रकमको अंक वार्षिक एक अर्ब डलरको हाराहारीमा रहेछ । न्युजिल्यान्ड मात्र होइन, अस्ट्रेलियाले पनि मावरी समुदायको यो नृत्यबाट धेरै आम्दानी गर्ने रहेछ । देश-विदेशमा समेत प्रख्यात कापाहाका नृत्य गर्ने प्रत्येक व्यक्तिले वार्षिक २० लाख डलरसम्म आम्दानी गर्दा रहेछन् ।

यो नाच विश्वभर देखाएर आम्दानी गर्ने १ हजार २ सयभन्दा बढी पर्यटन व्यवसायी संस्थाहरू, विश्वभर रहेका तिनका हजारौं साझेदार र त्यसमा कार्यरत लाखौं मानिसको रोजगारीको मेलो पनि कापाहाका नै रहेछ । नाच हेर्दै गर्दा लाग्यो, हाम्रो देशमा जति जातीय र सांस्कृतिक विविधता अरू देशमा कमै छन् । नाचहरू त कति-कति ! नेपालमा बसोवास गर्ने आदिवासी समुदायको योभन्दा आकर्षक र अद्वितीय कला-संस्कृतिको विश्वव्यापीकरण हाम्रो देशले गर्न सके त नाचै मात्र देखाएर देश धनी पो हुने रहेछ ।

# जनताले लागू गर्ने नियम

भारतमा मदिराको व्यापार निकै नै व्यवस्थित र नियन्त्रित छ । मदिरा व्यापार गर्ने सीमित सरकारी अनुमतिप्राप्त पसल छन् । एउटा पसलदेखि अर्को पसलको दूरी कम्तीमा एक किलोमिटर तय गरिएको हुन्छ । साँझ ६ देखि ९ बजेसम्म मात्र मदिराको सार्वजनिक कारोबार हुन्छ । समग्रमा भारतमा मदिराको कारोबार निकै व्यवस्थित पाइयो ।

व्यवस्थित मदिरा कारोबारका कारण हाम्रो टोलीमा गएका केही सोमरस पारखी साथीहरू रातभर छटपटाउनु पर्ने अवस्था पनि आयो । दिल्लीमा चलिरहेको दक्षिण एसियाली पर्यटन प्रदर्शनी स्थलबाट राती अबेला फर्किंदा मदिराका पसल बन्द भइसकेका हुन्थे । बसेको होटलमा पनि पाइँदैन थियो ।

दिल्लीबाट देहरादुन पुग्दा पनि अवस्था उस्तै थियो । भोलिपल्ट पर्यटकीय क्षेत्र मसुरी घुम्न जाने योजना थियो । एक मित्रले सात/आठ वटा क्यान बियर बाटोमा खानका लागि पहिलो दिन नै प्याक गरिसकेका रहेछन् । बीच बाटोमा खाजा खानका लागि एउटा खाजा पसलमा छिर्दा उनले बोकेको झोलाबाट फटाफट क्यान निकालेर टेबुलमा राख्न थाले । त्यो देखेर पसलेले उनलाई 'यहाँ मदिरा सेवन गर्न पाइँदैन, लुकाइ हाल्नूस्' भन्यो । मित्रले भने, 'यहाँ पुलिस छैन, के हुन्छ र ?' भन्न थाले । पसलेले दिएको जवाफ भने विचारयोग्य थियो । उनले भने, 'नियमजति सबै पुलिसले मात्र कार्यान्वयन गर्नुपर्छ भन्ने छ र ? सरकारले नियम बनाउने हो, जनताले पालना गर्ने हो ।'

# अटोवाला साम्राज्य

दिल्लीमा अटो रिक्सावालाले दुःख दिएको कहानीहरू हाम्रा गाउँतिर पनि निकै चर्चाका विषय हुन्छन् । भारतबाट आएकाहरूको कुराकानीको प्रवेश विन्दु नै अटोवालाले थर्काएर बढी पैसा असुलेको र बाटोमा पाएको दुःखमा केन्द्रित हुन्छ । अघिल्लो दिन इन्डिया गेटदेखि करोलसम्म पुग्दा ३० रूपियां तिरेका थियौं । पछिल्लो दिन दुई सयभन्दा तल कुनै पनि अटोले जाने मानेनन् । निकै अनुनयपछि एक जनाले कृपापूर्वक १ सय ५० रूपियाँमा करोलबाग लैजान सहमत भए । रात छिप्पिंदै थियो । हामी बाध्य भयौं ।

इन्डिया गेटदेखि जन्तर-मन्तर हुंदै करोलवाग स्टेसन पुगुन्जेल अटो चालकले कम्तीमा पनि ३० भन्दा बढी सवारी चालकलाई गाली गर्न भ्याए । बाटो काट्ने बटुवाहरूलाई पनि उनी छाड्दैन थिए । साइड नछोडेको, हर्न बजाएको, बत्ती नबालेको, ओभरटेक गरेको देखि लिएर पेटी नबाँधेको देखे पनि उनी ठूलो स्वरले गाली गर्थे । उनको व्यवहार हेर्दा लाग्थ्यो, दिल्लीको सारा ट्राफिक व्यवस्थापन उनैले सम्हालेका छन् । 'तपाई अटो चलाउने मान्छे बसको ड्राइभरलाई पनि थर्काई दिनुहुन्छ त ?' मैले ठट्टा गर्दै भनें । जवाफमा उनले भने, 'यो रोडमा चल्थ्यो भने हवाईजहाजको पाइलट पनि हाम्रै अन्डरमा हुन्थ्यो भाइ !' उनले जाँदाजाँदै फेरि मलाई सम्झाए, 'दिल्ली तो अटोका साम्राज्य है ।' मैले नेपाल सम्झिएँ, जहाँ साना-ठूला सबै खाले सार्वजनिक यातायातको यात्रु-अमैत्री साम्राज्य छ । ◆

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
# HAIR TRANSPLANTATION

## कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

## OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

## कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

**बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म**

For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
**SATURDAYS**
TOO

**AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD**

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

# एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.